# परिच्छेद एक

## १.१ शोध परिचय

दामोदर पुडासैनी (२०१९) नेपाली साहित्यका गतिशील साहित्यकार हुन् । उनी पृथक शैलीमा नेपाली साहित्य लेखनतर्फ अघि बढिरहेका क्रियाशील स्रष्टा हुन् । साहित्यिक फाँटमा उनी दामोदर पुडासैनी 'किशोर' का नामले सुपरिचित छन् । उनले नेपाली साहित्यका विविध विधामा अनवरतरूपले कलम चलाउँदै आइरहेका छन् । उनी नेपाली साहित्यमा मेधावी कथाकार, सशक्त कवि एवम् सफल निबन्धकारको रूपमा चिर परिचित छन् । उनका आफन्तका अनुहारहरू (२०४९), आँखाको खोजीमा (२०६२), आलोकित आयाम (२०६३), आकारको खोजीमा (२०६३), समयको सहीछाप (२०६९), प्रेम र पहाड (२०७१) समेत ६ वटा कविता कृति प्रकाशित भइसकेका छन् । उनको निबन्ध विधामा पनि उल्लेखनीय योगदान रहेको पाइन्छ । उनका यात्राका प्रेमिल तरङ्गहरू (२०६५), नभेटिएका चित्रहरू (२०७०), मायालु हुम्ला (२०७१), सिमानाका रङ्ग सिमानाका तरङ्ग (२०७२) र पर्खाल भित्रको राजधानी (२०७३) जस्ता नियात्रा कृतिहरू प्रकाशित छन् ।

सिमानाका रङ्ग सिमानाका तरङ्ग फरक शैली बोकेको नियात्रा सङ्ग्रह हो । यस नियात्रा सङ्ग्रहमा नियात्राकार पुडासैनीका एशियाली मुलुक श्रीलङ्का, थाइल्याण्ड, म्यान्मा र बङ्गलादेश भ्रमणका रोचक अनुभूति समेटिएका छन् । उनका नियात्रामा यात्रालाई शब्दस्वर र शब्दचित्रमा अनुवाद गर्दै भावनाको सटिक झन्कार प्रस्फुटित छ । यात्राका क्रममा आफूले देखेका परिदृश्यहरू हृदयले महशुस गरी शब्द संयोजनबाट सुन्दर तस्बिर पाठककासामु प्रदर्शन गर्न सफल हुनु नै नियात्राकारको उद्देश्य देखिन्छ । यस कृतिमा स्थानीय रङ्ग, गतिशील समय र सांस्कृतिक बिम्ब, भौगोलिक परिवेशलाई सूक्ष्म रूपले अवलोकन गरी राष्ट्रिय अन्तर्राष्ट्रिय मनोगत अवधारणाका साथै हार्दिक समवेदना पाइन्छ । यसरी नेपाली नियात्राको विकासमा योगदान दिने दामोदर पुडासैनी 'किशोर'को नियात्रा लेखनले साहित्यफाँटमा पुऱ्याएको योगदान र ती नियात्राहरूले निर्दिष्ट गरेका मूल मान्यताहरूको विश्लेषण गरी प्रकाशमा ल्याउने कार्य नै यस शोधको विषय रहेको छ ।

## १.२ समस्याकथन

प्रस्तुत शोधपत्रका निम्न समस्या रहेका छन् :

क) निबन्ध तत्त्वका आधारमा सिमानाका रङ्ग सिमानाका तरङ्ग नियात्रा सङ्ग्रहको अध्ययन के कसरी गर्न सकिन्छ ?

(ख) सिमानाका रङ्ग सिमानाका तरङ्ग नियात्रा सङ्ग्रहका आधारमा दामोदर पुडासैनी 'किशोर' का प्रवृत्तिहरू के कसरी केलाउन सकिन्छ ?

१.३ शोधको उद्देश्य

प्रस्तुत शोधकार्यमा समस्याकथनमा उठेका समस्याहरूको समाधानार्थ निम्न उद्देश्यहरू रहेका छन् :

क) सिमानाका रङ्ग सिमानाका तरङ्ग नियात्रा सङ्ग्रहलाई निबन्धका तत्त्वका आधारमा विश्लेषण गर्नु ।

ख) निबन्धकार पुडासैनीका नियात्रामा पाइने प्रवृत्तिहरू केलाउनु ।

१.४ पूर्वकार्यको समीक्षा

यात्रा साहित्य लेखन मूलतः निजात्मक निबन्धबाट विकसित भएको विधा हो । यात्राको गतिशीलतालाई आत्मपरक अनुभव र यथार्थको विवरणात्मक चित्रणलाई संयोजन गरेर यात्रा साहित्य सृजना हुन्छ । यात्रा साहित्यका क्षेत्रमा संवेगात्मक अनुभूतिको प्रधानता हुनु र विवरणसँगै आत्मचेतनाको उज्यालो प्राप्त हुन नै नियात्राको आधारभूमि हो । वास्तवमा विश्व साहित्यको जग नै यात्रा साहित्यमा अडेको छ । हाम्रा महाभारत, रामायण र अरू पुराण कथाहरू सबै एक न एक प्रकारका यात्रा हुन् । कालिदासको मेघदूत र महाकवि देवकोटाको मुना-मदन आदि साहित्यमा दैविक यात्रादेखि पुराकथात्मक ऐतिहासिक र यथार्थ यात्रा घटित छन् । सबै घटना इतिहास र यात्रासँग जोडिएको पाइन्छ । यसरी यात्रा साहित्यको इतिहास हजारौं वर्ष पुरानो छ । यसै कारणले विश्वमा वर्तमान समयमा यात्रा साहित्यले व्यापक क्षेत्र ओगटेको छ । भाषाविद् विद्वान् बालकृष्ण पोखरेलले तारानाथ शर्माका रचनालाई 'नियात्रा' संज्ञा दिई उनले आफ्नो उक्त भूमिका लेखनबाट वि. सं. २०२५ सालमा नेपाली साहित्यमा 'नियात्रा' शब्दको प्रथम प्रयोग गरेका हुन् ।

दामोदर पुडासैनी 'किशोर' को जीवनी र व्यक्तित्वको बारेमा अनुसन्धानात्मक लेखन भए तापनि उनको सिमानाका रङ्ग सिमानाका तरङ्ग नियात्राका बारेमा अहिलेसम्म

कसैले अनुसन्धान कार्य गरेको पाइएको छैन । सिमानाका रङ्ग सिमानाका तरङ्ग नियात्रा कृति वि.सं. २०७२ सालको मदन पुरस्कार गुठीले मूल्याङ्कन गरेको वर्षभरि प्रकाशित कृतिहरू मध्ये उत्कृष्ठ सात कृतिभित्र पर्न सफल नियात्रा सङ्ग्रह हो । उनको यस साहित्यिक कृतिका बारेमा समीक्षा गर्ने क्रममा विभिन्न विद्वान्हरूले आ-आफ्नै क्षेत्रबाट विचार विमर्श र चिन्तन अभिव्यक्त गरेका छन् । ती मध्ये केही महत्त्वपूर्ण प्रसङ्गहरू कालक्रमिक रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

अनुपमा रेग्मी (२०७३) ले 'सिमानाका रङ्ग सिमानाका तरङ्गको सांस्कृतिक अध्ययन' शीर्षकको लेखमा उक्त कृतिमा लेखकले घुमेका देशमा उनले देखेका वा विषय सन्दर्भमा उठेका धर्म, जीवनशैली, यातायात, खानपान, राजनीति, फेसन, बजार, सञ्चार, चित्रकला, वास्तुकला, मनोरञ्जन आदि कुराबारे उनी स्वयम्का अनुभूति, उनीसित त्यस समय साथमा हुने व्यक्तित्वले व्यक्त गरेका विचार लेखकले व्यक्त गरेको यसरी चर्चा गरेकी छन् ।

> *"धार्मिक संस्कृति एउटा महत्त्वपूर्ण पाटो धर्म हो । धर्मलाई कतिपयले संस्कृतिकै पर्यायका रूपमा समेत लिन्छन् किनकी धार्मिक मान्यतासित मानिसका खानपान, जीवनशैली, सोचाइ, राजनीति, फेसन, जस्ता विविध विषय जोडिएका हुन्छन् । सिमानाका रङ्ग सिमानाका तरङ्ग कृतिमा लेखकले भ्रमण गरेको देश र तिनका धेरै जसो बासिन्दाले भोगेका धार्मिक मान्यताका थुप्रै विषय सन्दर्भ उल्लेख भएका छन् । सुरुको धार्मिक सन्दर्भ श्रीलङ्काको कयान्डीमा बुद्धदन्त राखिएको दलादा मालिगामा (शुद्ध चैत्य) मा भ्रमण गर्न जाँदाको घटनामा प्रस्तुत भएको छ । बुद्ध जन्मेको देश र स्थानको दर्शन गर्न जाँदाको घटनामा प्रस्तुत भएको छ । बुद्ध देशका बौद्ध धर्मावलम्बीको सोच पृ. १९ पेनानवालको संवाद) फूल बोकेर बौद्ध गुम्बाको ध्यान गर्न र बुद्धको पूजा गर्न जाने चलन (ऐ) मा धार्मिक संस्कृति र मानसिकताको प्रस्तुति छ । बर्मेली नेपाली जीतमान गुरूङको सन्र्दभमा । क्यालेनिया नदीको किनारामा भएको क्यालिनिया गुम्बाको सन्र्दभ (पृ. ३२) बाट लेखकले दक्षिण एसियाली मुलुकका बासिन्दामा आध्यात्मिक उस्तै उस्तै भएको ज्ञात हुन्छ । मन्दिरमा जुत्ता, मोजा, टोपी, पेटी जस्ता छालाका वस्तु लैजान हुँदैन भन्ने विश्वास श्रीलङ्कामा पनि रहेछ । यस्तै सुनामी देवी अर्थात विहार महादेवीको दर्शन*

*गर्नलाई सुनामीको विपत्ति भोग्नु पर्दैन भन्ने प्रसङ्गबाट देव दर्शनले मानवलाई सुख दिन्छ ।"*

गोविन्दराज भट्टराई (२०७३) ले नियात्राकार दामोदर पुडासैनी 'किशोर' को कृति सिमानाका रङ्ग सिमानाका तरङ्गको भूमिका लेखन क्रममा 'यात्रा साहित्यले अन्तर्हृदय छोएर जान्छ' शीर्षकमा सुन्दर र शालीन ढङ्गले यसरी प्रस्तुत गरेका छन् ।

> *"उनका यात्रा वृतान्त पढ्दा उनी यसैका लागि खटिएर गएका होलान् भन्ने लाग्छ । तर उनी नेपाली वाङ्मयका निरन्तर साधक र सूक्ष्मदृष्टि भएका अन्वेषक भएकै कारणले उनको दृष्टि उनको ध्यान र चिन्तन सबै कुरा नयाँ जगतको अन्वेषण गर्न, विश्लेषण गर्न र बयान गर्न सधैं तत्पर र तल्लीन छ । बेलाबेलामा थोरै समयमा उनको सूक्ष्मदृष्टिले परिवेशलाई चिन्छ, छुन्छ र जीवन जगत्‌लाई अन्य अनुभूतिलाई जोड्छ । एउटा हवाइजहाज भित्र भेटिएका नाओमि वाट्स, मणिरत्न, अब्दुल रजाक, फाबियो कपेर्लो, इमिल्डा मार्कोस, वीर नारायण चौधरी अनेक प्रकारका प्रतीकात्मक पात्रहरू मनमा आउँदा लाग्छ यात्राले अथवा निरन्तर भ्रमणले समसामयिक विश्वको चित्र र चेतना उनलाई कण्ठ छ । हरेक ठाउँमा पुग्दा लेखकलाई सांस्कृतिक समानताले र भिन्नताले छोइरहन्छ, जस्तै : श्रीलङ्कामा सिंहालीहरूको नाच वस्त्रको भिन्नता वा समानता, खाद्यान्नको भिन्नता वा समानता, भौगोलिक भिन्नता वा समानता, कुनै ऐतिहासिक तन्तुले जोडेको अतित यस्तै यस्तै सूक्ष्म प्रगति मानव सभ्यता वा संस्कृतिको उच्च स्वरूप देखेर उनी आफ्नै स्वदेश सम्झन्छन् । क्यालेनियाको गुम्बामा पुगेपछि उताको शान्ति, सौन्दर्य र स्वच्छता सम्झेर दामोदर भित्रको कवि उत्प्रेरित भएर उठेको छ । वास्तवमा उनी कवि हृदय भएका, कवित्व शक्ति भएका, कवितात्मक सिर्जना भएका एउटा शक्तिशाली लेखक हुन् । त्यसैले उनी आफ्नो सृजनामा कवितात्मक चेतनाको प्रयोग गर्दछन् । यो स्वतःस्फूर्त कुरा हो । एउटा स-सानो विषयवस्तुमा पनि उनलाई लेख्यवस्तुको कमी छैन लेखक दामोदरलाई कुनैपनि विषय वस्तुले त्यतिकै छुँदो रहेछ । हवाइ अड्डामा प्रतीक्षा गर्दाको अनुभव कस्तो भयो, के कस्ता पात्रहरू भेटिए तिनीहरूसँग कसरी सम्पर्क जोडियो, तिनीहरूबाट कस्तो भिन्न जगतको चित्र देखियो ? जाहाज उड्ने बेलामा, उडिसकेपछि खाद्य वस्तुहरूको समयमा अथवा*

*गन्तव्यमा पुग्ने बेलामा देखिएका चिनिएका अद्भूत सूक्ष्म तत्त्वहरूलाई उनी कवितात्मक शैलीमा यथावत प्रस्तुत गर्दछन् ।"*

प्रभा बराल (२०७३) ले 'हृदय बोल्दछ कागजमा' शीर्षकको लेखमा सिमानाका रङ्ग सिमानाका तरङ्ग नियात्रा सङ्ग्रहका बारेमा चर्चा गर्दै नियात्राकारको देशप्रतिको मोह गाढा भएर रहेको विचार  यसरी प्रस्तुत गरेकी छन् ।

*"वस्तुतः अठारवटा शीर्षकको आयाम लिएर पुस्तककार कृतिमा सजिएको यस कृतिमा श्रीलङ्का, थाइल्याण्ड, म्यानमा र बङ्गलादेशको भ्रमणको सजीव चित्रण मार्मिक तवरले गरिएको छ । वि.सं. २०६२ सालमा यी मुलुकमा घुम्ने अवसर पाएका पुडासैनीले यी राष्ट्रहरूका कला संस्कृति, जीवनशैली, प्राकृतिक सम्पदा र देशको राजनैतिक अवस्थालाई समेत आफ्नो पेशासँग तुलना गरी अध्ययन गर्न पाएका छन् । आफ्नो अनुभवलाई सौन्दर्यले लेपन लगाएर कलात्मकताका साथ कृतिमा वर्णन गरिएका छन् । सङ्ग्रहको पहिलो निबन्ध 'हत्केलामा ज्यान च्याप्दै' शीर्षकमा श्रीलङ्काका लागि विमानमा प्रवेश पुडासैनीको विमान भित्रै विविध क्षेत्रका व्यक्तिहरू देख्छन् आ-आफ्नो क्षेत्रमा ख्याति कमाएका ती व्यक्तिलाई अखबारको माध्यमबाट चिनेपनि ती सबै आफ्ना आफन्त जस्ता लाग्छन् । अन्तर्राष्ट्रिय व्यक्तिलाई देख्दा उनलाई प्रसन्नताको अनुभव हुन्छ । श्रीलङ्काका गाउँगाउँ घुम्दा उनी अछामको मङ्गलसेन कैलास खोला र वयलपाटाको वरको फेद सम्भन्छन् । देशको मायामा लपक्कै मिल्छन् उनी नेपाल कै जस्तो रूख, नेपाल कै जस्ता खोलानाला यो हुन् कि भनेर उनी तोस्तालियामा टोलाउन पुग्छन् । देशको मायामा लपक्कै मिल्दछन्*

महेश प्रसाईले(२०७३) ले 'यात्री विचार दाभोनोभ र प्रेमिल तरङ्ग' नियात्राकृति समीक्षामा यसरी वर्णन गरेको पाइन्छ ।

*"दामोदरको नियात्राकार सँगसँगै निबन्धीय कवि पनि जहाँ जहाँ पुग्छ त्यहाँ त्यहाँ निरञ्जनी कविको उपस्थिति हुन्छ । भोग, भोजन, आवास, पेसा वा सुखसयलका मौलिक उपलब्धिहरूले कवि मोहित हुँदैन । निरञ्जनी नै भए पुग्छ चाहे वजिर*

*रोडमा होस वा नेपालको न्युरोडमा । यो निरन्तर यात्रामा कविले 'प्रेमिल उत्सव' नै गर्दछ । वसुधैव कुटुम्वकम् कै माहोल निर्वहरण गर्दछ । पङ्क्ति पङ्क्ति कवितामयीले ऊ प्रत्येक विरोधाभास र असमानजन्य सन्दर्भमा युद्ध र हिंसा माथि प्रहार गर्न पनि चुक्दैन । प्रकृति र मानिसको अन्योन्याश्रित सम्बन्धमाथि ईश्वरका परिधान उतार्न थाल्दछन् क्रमैले एन्थेनीहरूले । एन्थेनी र चन्द्रावतीहरूको प्रवेश छ दामोदरको । त्यसैले उनीसँग जुन, तारा, आकाश, समुद्र, चरी, पंक्षी, बोट, वनस्पति, पुष्प पुष्परागहरूले जे जसरी संवाद गरेका छन् । ती भित्र प्रेमिल तरङ्ग गास्ने स्रष्टा कोलाजको आवाज पनि श्रवण गर्दछन् । मन कहाँबाट कहाँ पुग्छ र मनको सीमारेखा के हो, उद्धित भइरहन्छ रहस्यहरूको आवरण भित्र त्यही मन । यो कुरा भनेर फेरि रहस्यको जालोमा बेरिएर वस्नुपर्ने सो स्थिति र तजविजलाई पनि फुकाउन सक्दैन घतलाग्दो प्रसङ्ग उठान गरेका छन्, ।"*

शोभा चापागाईं (२०७४) ले 'दामोदर पुडासैनीका नियात्रागत प्रवृत्तिहरूमाथि फन्को मार्दा' शीर्षकको लेखमा उनको सिमानाका रङ्ग सिमानाका तरङ्ग कृतिका आधारमा नियात्रागत प्रवृत्तिहरूको चर्चा गरेकी छन् । उनले पुडासैनीका नियात्रामा काल्पनिकता, रोचकता, चिन्तनशीलता, दार्शनिकता, देशप्रेमको भावाभिव्यक्ति,चित्रात्मकता,हास्यव्यङ्ग्यको प्रयोग र यथार्थता जस्ता प्रवृत्ति पाइन्छन् भन्ने चर्चा गर्दै नियात्राकारले नियात्रामा चित्रात्मकतालाई बिलकुलै नवीन पाराले प्रस्तुत गरेका छन् । आफू पुगेको हरेक स्थानसँग पाठकलाई पूर्ण रूपमा परिचित गराउन सफल भएका उनले प्रयोग गरेको भाषामा चमत्कारिता, आलङ्कारिकता रहेको, चित्रात्मक शैली अत्यन्त मनमोहक रहेको छ भनेकी छन् । भ्रमण स्थलको चित्रण प्रस्तुत गर्ने क्रममा लेखक जति भावुक र संवेदनशील देखिन्छन् त्यति नै भ्रमण स्थलको भौतिक पक्षबारे जानकारी दिंदै पाठकलाई एकै ठाउँमा धेरै कुराको स्वाद पस्किरहेका हुन्छन् भन्ने कुरा उल्लेख गरेकी छन् ।

दामोदर पुडासैनी 'किशोर'को जीवनी व्यक्तित्वको बारेमा अनुसन्धानात्मक लेखन भइसके तापनि उनको सिमानाका रङ्ग सिमानाका तरङ्ग नियात्राका बारेमा अहिलेसम्म कसैले अनुसन्धान कार्य नगरेको सन्दर्भमा यस कृतिको अध्ययनमा आधारित प्रस्तुत अनुसन्धानको आवश्यकता देखिन्छ ।

## १.५ शोधको औचित्य

दामोदर पुडासैनी 'किशोर' नियात्राकार, कवि, गजलकार, कथाकार हुन् । नेपाली साहित्यिक फाँटमा उनको महत्त्वपूर्ण योगदान रहेको कुरा प्रष्ट हुन्छ । यति वृहत् आयाम भएर पनि हालसम्म उनका समग्र कृतिहरूको अध्ययन गरिएको पाइँदैन । नियात्राकार दामोदर पुडासैनी 'किशोर'को जीवनी व्यक्तित्वको बारेमा अनुसन्धानात्मक लेखन भइसके तापनि उनको सिमानाका रङ्ग सिमानाका तरङ्ग  नियात्राका बारेमा अहिलेसम्म कसैले अनुसन्धान कार्य गरेको पाइँदैन । त्यसैले यस कृतिको उचित मूल्याङ्कन हुन आवश्यक छ । प्रस्तुत शोध कार्यबाट उपर्युक्त सिमानाका रङ्ग सिमानाका तरङ्ग नियात्रा सङ्ग्रहका  नियात्राहरूलाई तत्वहरूका आधारमा अध्ययन गरिने हुने हुँदा यस शोध कार्यको औचित्य रहेको छ । दामोदर पुडासैनीका बारेमा थप अध्ययन गर्न चाहने अध्येताहरूका लागि पनि यस शोधकार्यले सहयोग पुऱ्याउने भएकाले यसको औचित्य प्रष्ट हुन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

दामोदर पुडासैनी 'किशोर' बहुमुखी प्रतिभा सम्पन्न साहित्यकार हुन् । उनले कविता गजल, कथा, मुक्तक, हाइकु नियात्रा, भूमिका लेखन, हास्यव्यङ्ग्य तथा आत्मपरक निबन्ध लेखे तापनि नियात्रा विधा उनको सफल विधा हो ।  उनी आर्कषक र जादुगरी शैली प्रयोग गर्दै प्रखर कल्पनाशीलतालाई मौलिक कला शिल्पीको जालो बुनेर सरल सहज भाषाशैली अवलम्बन गरी बीच बीचमा उखान टुक्कालाई संयोजन गरेर सिर्जनामा नूतनशैली प्रदान गर्न सफल गतिशील सर्जक हुन् ।।

प्रस्तुत शोधकार्य तिनै दामोदर पुडासैनीको साहित्यिक व्यक्तित्वको परिचय दिन, उनको सिमानाको रङ्ग सिमानाको तरङ्ग सङ्ग्रहभित्रका केही निबन्धहरूलाई निबन्धका तत्वहरूको आधारमा अध्ययन गर्न र उपर्युक्त कृतिका आधारमा उनका नियात्रागत प्रवृत्ति हरूको खोजमा केन्द्रित रहेको छ । यहाँ सिमानाका रङ्ग सिमानाका तरङ्ग नियात्रा सङ्ग्रहका अठार निबन्धमध्ये चार देशको भ्रमणसँग सम्बन्धित आठवटा नियात्रालाई छानेर निबन्धका तत्वका आधारमा विश्लेषण गरिएको छ ।

### १.७ शोध विधि

#### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यमा सामग्री सङ्कलनमा पुस्तकालयीय विधि अपनाइएको छ । सङ्कलित सामग्री मध्ये सिमानाका रङ्ग सिमानाका तरङ्ग कृति प्राथमिक सामग्रीका रूपमा रहेको छ भने द्वितीयक सामग्रीहरू यस शोधको शीर्षकसँग सम्बन्धित समीक्षा र समालोचनात्मक लेखहरू, भूमिका तथा अर्न्तवार्ताहरू रहेका छन् ।

#### १.७.२ अध्ययन विधि

प्रस्तुत शोधकार्यमा वर्णनात्मक र विश्लेषणात्मक पद्धतिको उपयोग गरिएको छ । विधा सिद्धान्तलाई सैद्धान्तिक आधार बनाई व्याख्या विश्लेषण गरी शोधकार्य सम्पन्न गरिएको छ ।

### १.८ शोध कार्यको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुसङगठित रूपमा प्रस्तुत गर्न जम्मा छ परिच्छेदमा विभाजन गरिएको छ । ती सबै परिच्छेदलाई आवश्यकता अनुसार शीर्षक, उपशीर्षकहरूमा विभाजन गरिएको छ । यस शोधपत्रको रूपरेखा यसप्रकार रहेको छ :

परिच्छद एक : शोध परिचय

परिच्छेद दुई : नियात्राको सैद्धान्तिक अध्ययन

परिच्छेद तीन : दामोदर पुडासैनीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन

परिच्छेद चार : नियात्राका तत्वका आधारमा सिमानाका रङ्ग सिमानाका तरङ्ग नियात्राको विश्लेषण

परिच्छेद पाँच : दामोदर पुडासैनीका नियात्रागत प्रवृत्तिहरू

परिच्छेद छ : उपसंहार र निष्कर्ष

# परिच्छेद दुई

## नियात्रा परिचय र विकासक्रम

### २.१ यात्रा साहित्यको पृष्ठभूमि

यात्रा साहित्य शब्दको निर्माण संस्कृत भाषाको 'यात्रा' र 'साहित्य' शब्दको योगबाट बनेको हो । यात्रा गति अर्थबोधक 'या' धातुमा ष्ट्रन् +टाप् प्रत्यय लागेर बनेको शब्द हो । यसको मूल अर्थ एक ठाउँबाट अर्को ठाउँमा जानु हो । त्यस्तै साहित्य 'हितले सहित' भन्ने अर्थ बोकेको 'सहित' शब्दमा 'घञ्' प्रत्यय लागेर व्युत्पन्न भएको शब्द हो ।

पाश्चात्य साहित्य जगतमा 'ट्र्याभल' र 'मोनोलोग' यी दुई शब्दको योगबाट बिसौं शताब्दीमा नवनिर्माण गरिएको 'ट्र्याभलग' शब्द पनि प्रचलित छ । जसले मूलतः यात्रीले आफ्ना यात्रानुभवहरूलाई सँगालेर लेखेको लेख, पुस्तक वा गरेको सचित्र बयान अथवा यात्राका क्रममा तयार पारेको तद्विषयक चलचित्र, भिडियो वा अनेक तस्बिरहरूको सङ्ग्रह आदि यात्रानुभवमा आवद्ध व्यापक कुरालाई जनाउँछ । यात्रा साहित्यका अर्थमा भने यही 'ट्र्याभलग' शब्द नै विशेष प्रचलित छ ।

यात्रा साहित्य निबन्धात्मक गद्य विधाको एक उपविधा हो । यसमा यात्राकार स्वयम्ले यात्राका क्रममा देखे, भोगेका विविध परिदृश्य, घटना प्रसङ्ग तथा सँगालेका अनुभवलाई आत्मपरक शैलीमा लिपिवद्ध गरिएको हुन्छ । यसैकारणले गर्दा यो गतिशील, अनुभवात्मक र यात्राकारको निजात्मक रागले सम्बन्धित यथार्थपरक लेखन हो । यात्रा साहित्य भनेको यात्रा वाङ्मय वा यात्रा सम्बन्धी जस्तोसुकै किसिमको लेखन अथवा यात्राको सोझो वस्तुपरक वर्णन नभएर साहित्यिक मूल्य युक्त यात्रा लेखन हो भन्ने स्वतः स्पष्ट छ । यात्रा साहित्य यथार्थपरक, अनुभवात्मक र यात्राकारको निजात्मक रङ्गमा रङ्गिएको हुन्छ ।

पूर्वीय र पाश्चात्य साहित्यमा प्राचीनकालदेखि नै आख्यान र काव्य ग्रन्थहरूमा यात्रा वर्णनको उपस्थिति पर्याप्त मात्रामा पाइए पनि लेखकद्वारा आत्मभोगयुक्त जीवनको यात्रापरक अभिव्यक्तिका रूपमा अस्तित्व लिएर त यो अझ पछि मात्र आएको हो । त्यसैले अधुनातन विश्वसाहित्यमा 'यात्रा साहित्य' नामले परिचित यो लेखन नवगद्य लेखन हो ।

यात्रा साहित्य विश्व साहित्यमा र नेपाली साहित्यमा पनि लामो समयदेखि लेखिँदै आएको छ र अब समृद्ध र प्रतिष्ठित समेत भइसकेको छ ।

नेपाली साहित्यमा विशेष कलात्मक र निजात्मक कोटीको यात्रा लेखनलाई विगत कही दशक (वि.सं. २०२६) देखि 'नियात्रा' को नामले चिन्न थालिएको पाइन्छ । नेपाली साहित्य नितान्त रूपले यथार्थपरक, आत्मपरक र अनुभवात्मक लेखनका रूपमा प्रतिष्ठित रहेको यात्रा साहित्यको प्रारम्भिक अवस्थामा नाम नखुलेका लेखकद्वारा कर्णाली प्रदेशमा खस राजा गगनीराजको शासकीय भ्रमणको वर्णन गरिएको, रचनाकाल (१५५०) मानिएको तर अझ प्रमाणित नभइसकेको राजा गगनीराजको यात्रालाई मानिन्छ । उसैताका नै अज्ञात् व्यक्तिद्वारा लिखित राजा गगनीराजकै अर्को यात्रा कृतिका साथै गजाधर पाध्याको अर्जीपत्र (१६०० तिरको बेनामी) श्री ५ वडामहाराजधिराज पृथ्वीनारायण शाहको जीवनी (१८३१–१८३२) अन्तर्गत काशीयात्रा प्रसङ्ग जङ्गबहादुरको बेलायत यात्रा वर्णन गरिएको सुब्बा सिद्धिमानसिंह राजभण्डारीको जङ्गबहादुरको बेलायत यात्रा (वि.सं. १९१० तिर) र जङ्गबहादुरकै महाकाली तर्फको यात्राको दैनिक्यात्मक विवरणात्मक कृति (बेनामी) बत्तीस सालको रोजनाम्चा (१९३२–१९३३ तिर) जस्ता परकीय र स्वकीय तथा वस्तुपरक र आत्मपरक कृतिहरूबाट नेपालीमा यात्रा साहित्य लेखनीको प्रयास थालिएको पाइन्छ ।

त्यसपछि चिरञ्जीवी शर्मा पौड्यालको वि.सं. १९७४ मा लेखिएको आत्मकथात्मक ग्रन्थ अन्तर्गतको काशीयात्रा प्रसङ्ग, रणशूर लिम्बुको १९९६ तिर लेखिएको र २०१८ सालमा छापिएको बर्माको सम्झानाका साथै भवानी भिक्षुको सिमलासम्म (१९९९– शारदा) लक्ष्मीप्रसाद देवकोटाको पहाडी जीवन (२००२), दाडिमको रूखनेर (२०३९), भीमनिधि तिवारीको यात्राका तीन सम्झना (२००८), लैनसिंह वाङ्देलको युरोपको चिठी (२०१४), स्पेनको सम्झना (२०२०), केदारमणि आ.दी.का अनेक कृति हुँदै तारानाथ शर्माको बेलायततिर बरालिँदा (२०२६) जस्ता यात्रा साहित्य लेखिएको पाइन्छ । यात्रा र भ्रमण प्रायः पर्यायवाची भएका हुँदा यात्रा साहित्यलाई भ्रमण साहित्य पनि भन्ने गरिएको छ । साहित्यको लोकप्रिय विधाका रूपमा स्थापित भइसकेको यात्रा साहित्यको पृष्ठभूमि केलाउँदै जाँदा वैदिक कालसम्म पुग्नुपर्ने हुन्छ । वैदिक, औपनिषदिक, पौराणिक र ललित साहित्यमा यात्रागत चिन्तन र यात्राको महिमागान पाइन्छ तथा तिनमा मानवजातिको सर्वतोमुखी समुन्नतिको सोपानका रूपमा यात्राको महत्त्व दर्शाइएको छ ।

पूर्वीय, पाश्चात्य र नेपाली साहित्यमा यात्रा साहित्यको पृष्ठभूमिलाई निम्नानुसार अध्ययन गर्न सकिन्छ ।

### २.१.१ पूर्वीय साहित्यमा यात्रा साहित्य

नेपाली भाषा लगायत प्रायः सबैजसो भारतीय नव्य भाषाहरूको स्रोत संस्कृत भाषा हो र यिनको साहित्यको मूल स्रोत पनि संस्कृत साहित्य नै हो । पूर्वमा ऋग्वेदलाई सर्वप्राचीन ग्रन्थको रूपमा लिइएको पाइन्छ । ऋग्वेदका उषा सूक्तहरूमा एक कुशल र स्वच्छन्दतावादी कविले सुन्दर प्रकृतिमा यात्रा गर्दै यात्रा कविता सिर्जना गरेका कुरा उल्लेखनीय रूपमा रहेका छन् । वाल्मीकीय रामायणमा पनि बालकाण्डदेखि उत्तरकाण्डसम्म नै लामो–छोटा विविध यात्रा प्रसङ्गहरूले भरिएका कुराहरू पाउन सकिन्छ । रामको चौध वर्ष अवधिको वनबास कालका अनेक वन,प्रान्त एवम् पर्वतीय स्थलका यात्रा र उपयात्रा–प्रसङ्गका साथै समुद्र तरेर गरिएको लङ्का यात्राको सुरम्य वर्णन यस सन्दर्भमा विशेष उल्लेखनीय रूपमा रहेको पाइन्छ । महाभारतमा सभापर्व अन्तर्गत २५ औं अध्यायदेखि ३२ औं अध्यायसम्मको दिग्विजय यात्राको वर्णन गरिएको छ । (व्यास, २०७०:३६) ।

श्रीमद्भागवत महापुराणको दशम स्कन्धमा कृष्णले गरेका विविध स्थानका यात्रा–प्रसङ्गको उल्लेख पाइन्छ भने दशम स्कन्धको उत्तरार्द्धको ७९ औं अध्यायमा बलरामद्वारा गरिएको र उत्तर र दक्षिण भारतका विभिन्न तीर्थस्थलहरूको यात्रा प्रसङ्ग 'बलदेव तीर्थयात्रा निरूपण' नामले नै वर्णन गरिएको पाइन्छ ।

कालिदासको मेघदूत खण्डकाव्यमा पनि यात्रालाई आकर्षक रूपले वर्णन गरेको पाउन सकिन्छ । त्यस्तैगरी दण्डीको दशकुमार चरित् नामक आख्यान ग्रन्थमा दशजना कुमारहरूका विविध यात्राको बयान गरिएको छ । वाण भट्टको कादम्बरी जस्ता काव्यात्मक गद्य कृतिहरूमा पनि सुन्दर आकर्षक शैलीमा यात्रा वर्णन गरिएको छ । (राई, २०५३:१६) ।

पूर्वीय साहित्यमा उपर्युक्त ग्रन्थहरूका अतिरिक्त अन्य ग्रन्थहरूमा यात्रा वर्णन उपलब्ध छन् । पूर्वीय साहित्यमा वैदिक कालदेखि नै यात्रा साहित्य केही मात्रामा छिटफुट रूपमा देखा परेका थिए । त्यसैले वैदिक काललाई नै यात्रा साहित्यको पृष्ठभूमि काल अर्थात् प्रारम्भिक काल मान्न सकिन्छ ।

### २.१.२ पाश्चात्य साहित्यमा यात्रा साहित्य

यात्रा र साहित्य दुई शब्दको अर्थ तात्त्विक संयोजनबाट बनेको यात्रा साहित्य शब्द नेपालीमा नियात्राका रूपमा प्रचलित छ । यसको साहित्यिक विधागत स्वरूप चाहि पश्चिमबाट आरम्भ भएको हो । पाश्चात्य समालोचक र चिन्तक तथा लेखक पनि नियात्रालाई यात्रा र त्यसको आन्तरिक मन्थनबाट सिर्जन गरिने निबन्ध कै एक विशिष्ट उपप्रकारका रूपमा प्रयोग गरिएको पाइन्छ । त्यसैले पनि निजात्मकतालाई प्राथमिकतामा राखिएको नेपाली विधासँग पश्चिमी यात्रा साहित्यको दृष्टिकोण मिल्दो छ । यहाँ केही परिभाषाहरू प्रस्तुत गरिएका छन् ।

क) "यात्रीले आफ्ना यात्राका क्रममा पाएका अनुभवहरूको अथवा पुगेका ठाउँहरूका बारेमा बनाएको चलचित्र, लेखेको पुस्तक वा गरेको सचित्र बयान नै यात्रा साहित्य हो - फिलिप तथा अन्य, सन् १९९३: २४३३)"

ख) "यात्रा विषयक त्यस्तो लेख रचना जसमा धेरैजसो तस्बिर र मिडयाहरू आवद्ध भएका हुन्छन् त्यो टाढा वा दुर्गम स्थानहरूका बारेमा पनि हुन सक्दछ र कुनै एक व्यक्तिको यात्रा सङ्ग्रह पनि हुन सक्दछ (ब्रेडी सन् १९९९)"

ग) "स्थलगत यात्राको सौन्दर्य आफैमा एउटा अतित रम्य कथा हो" (रासिम अहमत सन् २००५: भूमिका)

घ) "संसार यात्रामा जानेका लागि एउटा सानो कोठा बनेको छ, एउटा पर्यटकको लागि यो यात्राको पुस्तकमा स्थान्तरित भएको हुन्छ । वागको दृष्टिमा पश्चिमी संस्कृतिको निर्माणका भव्य विरासत एउटा पग्लिँदै गएको माटोको ढिक्का जस्तो बनेको थियो । त्यसैले यात्री त्यही हो जसले जे देख्न चाह्यो त्यही देख्छ, पर्यटक त्यो हो जसलाई जे देखाइन्छ त्यो मात्र देख्न । " (नइपोल, सन् २००२ भूमिका, पङ्कज मिश्र)

ङ) "संसार एउटा किताब हो, जसले भ्रमण गर्दैन, त्यो एउटै पेजमा मात्र अडिन्छ ।" (सेन्ट अगष्टिन?)

च) "पाठक जसले ओन्डार्जेसित यात्रा गर्दछ, ऊ साच्चै जादुमयी संसारमा पुग्छ ।" (ओन्डार्जे, सन् १९९३: भूमिका)

छ) "मेरो भगवन् चाहिँ हिँड्नेहरूको भगवान हो, यदि तिमी धेरै हिँड्यौ भने मलाई लाग्छ तिमीलाई कुनै भगवानको जरुरत छैन (ब्रुस च्याट्विन, सन् २०१४ : ५५)"

यसरी पाश्चात्य साहित्यमा यात्रा साहित्यबारे विद्वान्हरूको आ-आफ्नै मत अभिमत छन् । पश्चिममा नियात्रा अर्थात् यात्रा साहित्यका निम्ति आउट डोर लिटरेचर (Outdoor Literature) शब्दको प्रयोग गरिएको पाइन्छ । त्यसरी नै त्यता एक्जप्लेरेसन लिटरेचर, माउन्टेन लिटरेचर एडभेन्चर लिटरेचर अथवा नेचर लिटरेचर शब्दहरू प्रयोग भएको पाइन्छ । खासगरी भ्रमणको विषयगत उद्देश्यका आधारमा यस्ता नामहरू विशिष्टीकृत र निश्चित गरिएको पाइन्छ । ईसाको दोश्रो शताब्दी हुँदै बिसौं शताब्दीसम्म आइपुग्दा यसलाई चिनाउन ट्राभल लिटरेचर, ट्राभल एकाउन्ट, ट्राभल मेम्वायर, ट्राभल एस्से जस्ता शब्दका साथै ट्राभल र मनोलग दुई शब्दको योगबाट नवनिर्माण गरिएको 'ट्राभलग' शब्द पनि खास प्रयोगमा ल्याएको देखिन्छ । मूलतः यात्रीले आफ्ना यात्रा अनुभवलाई समेटेर तयार पारेको किताब, निबन्ध लेख, सचित्र वर्णन, डकुमेन्ट्री तथा चलचित्रदेखि सन्दर्भका अनेक तस्बिर समेतको सङ्कलनबाट तयार पारेको अनुभवगत सामग्रीहरू यस अन्तर्गत राखिएको छ ।

सुरुमा भ्रमणकै परिदृश्यमा यात्रा लेखनको आरम्भ भएको र यसलाई पर्यटनसँग पनि जोड्ने गरिएको भए पनि आज आएर पश्चिममा यात्रा र पर्यटन बिचको फरक छुट्याइएको छ । यात्री त्यो हो जसले जे देख्न चाह्यो त्यही देख्छ । पर्यटन त्यो हो जसलाई जे देखाइन्छ त्यो मात्र देख्छ भन्ने भनाइबाट यात्रा र यात्रा साहित्यको रचनागत भावभूमि पहिल्याउन सहयोग पुग्छ । वास्तवमा नियात्रा वा यात्रा साहित्यको रचना एउटा यात्रीले मात्र लेख्न सक्दछ, पर्यटकले त आफू घुमेको ठाउँको वर्णन मात्र गर्न सक्दछ ।

पश्चिममा नियात्रा लेखनको प्रारम्भ दोश्रो शताब्दीमा भएको मानिन्छ । पाउसानियस (Pausanias) ले आफ्नो ग्रीसको यात्रालाई डिस्क्रिप्सन अफ ग्रीस (Discription of Greece) नामक यात्रा वृत्तान्तमा समेटेका छन् । उनको यो यात्रा लेखन यात्रा दैनिकी (Travel Jornal) का रूपमा प्रस्तुत छन् ।

पूर्वीय साहित्य जगत्मा जस्तै पाश्चात्य साहित्य जगत्मा पनि यात्रा वा भ्रमणप्रति अभिरुचि प्राचीन कालदेखि नै रहिआएको पाइन्छ । अनेक प्रकारका यात्रापरक कृतिहरूपनि लेखिँदै आएको पाइन्छ । पाश्चात्य साहित्यमा यात्रा लेखनको प्रारम्भ बिन्दुका रूपमा पौसानियसद्वारा लिखित हेलाडस पेरिजेसिस या युनानी दिग्दर्शन ई. दोस्रो शताब्दीलाई लिन

सकिन्छ । प्राचीन यात्रा–पुस्तकमा गिरल्डस क्याम्ब्रेनसिसको कोइटिनररियम क्याम्ब्रिय (ई. ११८८ तिर), सर जोन मान्डेभिलकायात्राहरू (ई.१४९६), रूडोल्फ रायस्पको बायरनमुन्यौसनको चमत्कारी यात्रा वर्णन (ई. १७८५) आदि रहेका छन् । (व्यास, २०७०: ४३)जे.ए. कड्डनको डिक्सनरी अफललिटरेरी टम्स तथा जोसेफ टी. सिप्लेको डिक्सनरी अफ वर्ल्ड लिटलेचरमा पनि यात्रा साहित्य लेखनको वर्णन गरिएको पाइन्छ । स्यामुअल जोनसोनको अ जर्नी टु द वेष्टर्न आइसेल्स अफल स्कटल्याण्ड (सन् १७७५), अल स्टेन्सिको असेन्टिमेन्टल जर्नी (सन् १८१०), रूडोल्फ रास्पको व्यानरमञ्चसन (सन् १७८५) जस्ता साहित्यलाई यात्रा साहित्यको पृष्ठभूमि मानिएको पाइन्छ । (राई, २०५३: १६)उन्मुक्त यात्रा साहित्यिक अभिरेखाङ्कन गर्ने प्रथम कृतिका रूपमा भने विद्वान्हरूले भोयाग एन अमेरिका (सन् १८२७) पुस्तकलाई मानेको पाइन्छ ।

### २.१.३ नेपाली यात्रा साहित्य

नेपाली साहित्यमा यात्रा साहित्यको प्रारम्भ भने राजा गगनीराजको यात्रा (१५५० बेनामीबाट भएको हो । संरचनागत साहित्यिक दृष्टिले यसको महत्त्व केही कम भएता पनि ऐतिहासिक दृष्टिले भने यसको आफ्नै विशेष प्रकारको महत्त्व छ । यस यात्रा साहित्यमा कर्णाली प्रदेशका खस राजा गगनीराजको शासकीय भ्रमणको वर्णन गरिएको पाइन्छ । नेपाली साहित्यमा सर्वथा सचेत रूपमा लेखिएको यात्रा साहित्यको प्रथम कृति हुने गौरव भने शेरसिंह रानाको मेरो लन्डन राजतिलक यात्रा (१९७०) लाई मानिएको पाइन्छ । सुवानन्द दासको पृथ्वीनारायण शाहमा पनि युद्धको यात्रा वर्णन प्रस्तुत गरिएको छ । चिरञ्जीवी शर्मा पौड्यालको वि.सं. १९७४ मा लेखिएको आत्मकथात्मक ग्रन्थ आफ्नो कथा अन्तर्गतको काशीयात्रा–प्रसङ्ग, सिद्धिमान सिंह राजभण्डारीको जङ्गबहादुरको बेलायत यात्रा (वि.सं.१९९०) जस्ता वस्तुपरक र आत्मपरक कृतिहरूबाट नेपालीमा यात्रा साहित्य लेखनको प्रयास थालिएको पाइन्छ ।

नेपाली यात्रा साहित्य लेखनको प्रयास मोटामोटी रूपमा १६ औं शताब्दीबाट आरम्भ भएको पाइन्छ । यात्रा साहित्य गद्य लेखन भए पनि नेपालीमा त्यसलाई फाटफुट रूपमा पद्यमा पनि प्रस्तुत गरिँदै आएको पाइन्छ । यसरी नेपाली साहित्यमा राजा गगनीराजको यात्रा (१५५०-बेनामी) जङ्गबहादुरको बेलायतयात्रा (१९१०), सेरसिंह रानाको मेरो लन्डन

राजतिलक यात्रा (१९७०), जस्ता यात्रालाई प्राचीन नेपाली यात्रा साहित्यको आधार स्तम्भको रूपमा लिन सकिन्छ । यसै पृष्ठभूमिबाट यात्रा साहित्य दिनानुदिन अगाडि बढ्दै आएको छ ।

२.२ यात्रा साहित्यको परिभाषा

यात्रा साहित्य सृजनात्मक गद्य लेखनको एक महत्त्वपूर्ण भेद हो । पूर्वीय र पाश्चात्य साहित्यमा प्राचीन कालदेखि नै आख्यान र काव्य ग्रन्थहरूमा यात्रा वर्णनको उपस्थिति पर्याप्त पाइएता पनि लेखकद्वारा आत्मभोगयुक्त जीवनको यात्रापरक अभिव्यक्तिको रूपमा यस लेखनको उदय निकै पछि मात्र भएको हो र साहित्यमा विधागत अस्तित्व लिएर त यो झन् पछि मात्र आएको हो । त्यसैले अधुनिक विश्वसाहित्यमा यात्रा साहित्य नामले परिचित अन्य साहित्यिक लेखनको तुलनामा यो नवगद्य लेखन हो । अत्यन्त रोचक र ज्ञानबर्द्धक समेत रहेको यो लेखन विविध प्रवृत्तिहरूलाई आत्मसात् गर्दै नव नवशैली शिल्पको आविष्कार र अवलम्बन गर्दै तथा बहुआयामिक बन्दै लोकप्रियताका साथ विकास पथमा निरन्तर अगाडि बढिरहेको छ । तर यसो भएतापनि यसले अहिलेसम्म नेपाली साहित्यमा र विश्व साहित्यमा भने नव आयामिक स्थिरता भने पाइसकेको देखिँदैन ।

अंग्रेजी साहित्यमा यात्रा साहित्यलाई ट्रयाभल लिटरेचर, ट्रयाभल एकाउण्ट, ट्रयाभल मेम्वायर, ट्रयाभल एस्से आदिजस्ता नामले चिनिन्छ भने हिन्दी साहित्यमा यसलाई यात्रावृत्त, यात्रा वृत्तान्त, भ्रमण वृत्तान्त आदि अनेक नामले चिन्ने गरिन्छ । त्यसै गरी नेपाली साहित्यमा भने यसलाई यात्रा वृत्तान्त, यात्रा संस्मरण, यात्रा विवरण, यात्रा निबन्ध,भ्रमण वृत्तान्त, यात्रा साहित्य, भ्रमण साहित्य आदि नामले चिनिन्छ । यी विभिन्न नेपाली यात्रा साहित्यका नामहरू मध्ये विशेष रूपमा यात्रा साहित्य र नियात्रा अचेल बढी प्रचलित छ ।

नेपाली साहित्यमा यात्रा साहित्य सीमित अर्थमा 'नियात्रा' शब्द 'यात्रा' मा 'नि' उपसर्ग लागेर बनेको हो । 'नियात्रा' शब्दले नेपाली भाषा साहित्यमा नवनिर्मित र नितान्त मौलिक शब्द हुनाले यसको प्रयोग नेपाली बाहेक अन्य भाषा साहित्यमा नभएको हुँदा यसको परिभाषा पनि हालसम्म नेपाली विद्वान्हरूबाट मात्र गरिएको पाइन्छ । 'नियात्रा' शब्द बालकृष्ण पोखरेलद्वारा नव निर्माण गरिएको शब्द हो । यसले खास प्रकारको यात्रा साहित्यको अर्थ वहन गरेको छ । 'नियात्रा' शब्दमा प्रयुक्त 'नि' उपसर्गमा 'निबन्धात्मकता' र 'निजात्मकता' अर्थ सन्निहित छ । यस 'नियात्रा' शब्दको निर्माण र प्रथम प्रयोग पोखरेलले

तारानाथ शर्माको यात्रा साहित्यिक ग्रन्थ 'बेलायततिर बरालिँदा' (२०२६) को यी नियात्राबारे शीर्षक भूमिका लेख्ने क्रममा गरेका हुन् ।

नियात्राले साहित्यिक आस्वाद दिने मात्र होइन, त्यस स्थानको संस्कृति, सभ्यता, रीतिरिवाज आदिका साथै भौगोलिक-सामाजिक स्थिति र सम्बन्धित घटना कार्य र जीवनको सचेत चित्र पाठकका मनमा उतार्न सक्छ । पाश्चात्य, भारतीय र नेपाली साहित्यका विद्वान्हरूले यात्रा साहित्यलाई आ-आफ्नै तरिकाले परिभाषित गरेका छन् । यसमध्ये केही मुख्य विद्वान्हरूका परिभाषाहरू यस प्रकार छन् ।

२.२.१ पाश्चात्य विद्वान्का दृष्टिमा नियात्रा

क) पौल फसेलले द नर्टन बुक अफ ट्रयावेलमा यात्रा साहित्यको वर्गीकरण गर्दा यसलाई यात्रासाहित्य, यात्रा वत्तान्त, वर्णन र यात्रा निबन्ध गरी तीन वर्गमा विभाजन गर्दै परिभाषा गरेका छन् । (फसेल ई. १९८७:५३)

ख) वेस्टर्ड द न्यू इन्टरन्यासनल डिक्सनरीमा - 'ट्रयाभलग' शब्दलाई यात्रीले आफ्ना यात्राक्रममा पाएका अनुभवहरूको अथवा पुगेका ठाउँहरूका बारेमा बनाएको चलचित्र, लेखेको पुस्तक वा गरेको सचित्र बयान" भनेर अर्थ्याइएको छ । (१९९३:२४३३)

ग) माइक्रोसफ्ट एनकार्टा वर्ल्डइङ्लिस डिक्सनरीमा ट्रयाभलग शब्दलाई यात्रा विषयक लेख अथवा फिल्मका रूपमा अर्थ्याउँदै - "यात्रा विषयक त्यस्तो लेख रचना जसमा धेरै जसो तस्बिर र भिडियोहरू आबद्ध भएका हुन्छन्, त्यो टाढा र दुर्गम स्थानहरूको बारेमा पनि हुनसक्छ र कुनै एक व्यक्तिको यात्राको सङ्ग्रह पनि हुन सक्छ" भनिएको छ । (यु.एस.ए १९९९)

घ) द न्युइन्साइक्लोपीडिया ब्रिटानिकामा - "यात्रा साहित्यको विधा निर्धारणबारे चर्चा गर्दै यसलाई आख्यानेतर गद्यको एक भेदको रूपमा उल्लेख गरिएको छ । यसका तत्त्वका रूपमा यथार्थ, कल्पनाशैली निजात्मकता यी तीन कुराको समष्टिगत रूपमा आख्यानेतर गद्यका तत्त्वहरूकै चर्चा गरिएको छ ।" (सिकागो: ई. १९९८: १८५-१८६)

ङ) इलिमेन्ट अफ लिटरेचर - "यात्रा साहित्यको महत्त्वपूर्ण तत्त्वका रूपमा प्रत्यायन यथार्थ विश्वासोत्पादकको उल्लेख गरिएको छ ।" (लण्डन २०००)

२.२.२ भारतीय विद्वान्का दृष्टिमा नियात्रा

भारतीय (हिन्दी) साहित्यमा यात्रा-लेखनका यात्रा साहित्य, यात्रा वृत्तान्त, यात्रावृत्त, भ्रमण वृत्तान्त आदि नाम प्रचलित छन् । हिन्दी साहित्यको विद्वान्हरूले आ-आफ्नो इच्छा अनुसार ती नामहरूको प्रयोग गरेर यात्रा साहित्यलाई परिभाषित गरेको पाइन्छ । यहाँ ती मध्ये मुख्य केही विद्वान्हरूको दृष्टिकोण प्रस्तुत गरिएको छ -

क) ओम प्रकाश सिंह - "यात्रावृत्त कुनै पनि व्यक्ति विशेषको जीवनमा घटेको कुनै घटनाको साहित्यिक चित्रण हो ।" (सिंह ई. १९८१: ४९-५०)

ख) आचार्य उमेश शास्त्री - "भोगेका स्थितिहरूको आत्मानुभूतिको अभिव्यञ्जना नै यात्रा वृत्तान्त हो ।" (आचार्य ई. १९८३: १८१)

ग) विश्वनाथ तिवारी - "उद्देश्य, शैली र शिल्पका आधारमा यात्रा साहित्यलाई वर्गीकृत गर्दै उद्देश्यका आधारमा राजनैतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, भौगोलिक र साहित्यिक, शैलीका आधारमा इतिवृत्तात्मक, भावनात्मक, आलङ्कारिक र चित्रात्मक अनि शिल्पका आधारमा चाहिँ मुख्यतः पत्रात्मक एवम् दैनिक्यात्मक दुई प्रकारको उल्लेख गरेको पाइन्छ । (तिवारी ई. १९६८: २७२-२८६)

घ) रामचन्द्र तिवारी - "यात्रा साहित्यलाई आधुनिक युगमा विकसित भइरहेका जीवनी, संस्मरण, रेखाचित्र, पत्र साहित्य, दैनिकी, अर्न्तवार्ता, एकालाप आदि नवीन विधाहरू जस्तै एक विधा हो । यो वर्णनात्मक शैलीका अतिरिक्त दैनिक्यात्मक, पत्रात्मक एवम् रिपोर्टाजात्मक शैलीमा पनि लेखिने गरिएको छ । (तिवारी ई. १९२२: २९६-२९७)

ङ) हरिमोहन - "कुनै यात्रीले आफ्ना यात्रानुभवहरूलाई लिपिलद्ध गर्दछ वा त्यसको वर्णन गर्दछ भने त्यसालाई यात्राको वृत्त अथवा वृत्तान्त भनिन्छ । (हरिमोहन, १९८३: २७२-२७३)

२.२.३. नेपाली विद्वान्का दृष्टिमा नियात्रा

नेपाली विद्वान्हरूले यात्रा साहित्यलाई यात्रा वृत्तान्त, यात्रावृत्त, यात्रा संस्मरण, यात्रा विवरण, यात्रा निबन्ध, भ्रमण वृत्तान्त, यात्रा साहित्य, भ्रमण साहित्य आदि नामले चिनाउने गरेका छन् । तर यी सबै नामहरूमध्ये यात्रा साहित्यलाई 'यात्रा साहित्य' र 'नियात्रा' नामले

बढी चिन्ने गरिन्छ । यात्रा साहित्यलाई नेपाली विद्वान्हरूले आ-आफ्नै किसिमले परिभाषा गरेका छन् । तीमध्ये केही मुख्य विद्वान्हरूका परिभाषाहरू यस प्रकार छन् –

क) नेपाली वृहत् शब्दकोश– यात्रा निबन्धको औपन्यासिक रूप र यात्रा वर्णनबारे कथात्मक शैलीमा लेखिएको निबन्ध हो ।

ख) बालकृष्ण पोखरेल– नियात्रा साहित्यको यस्तो वर्णन छ भने साथै यात्रा विवरण रमरमको आनन्द पनि मुछिएको छ भने नियात्रा कहलाउँछ" । (पोखरेल, २०४० :७३४)

ग) तारानाथ शर्मा – नियात्रा भन्नाले यात्रा वर्णनमा निजात्मक अनुभूतिका समावेश भएको निबन्ध भन्ने बुझिन्छ" भनेका छन् । (शर्मा, २०६५ : २१९)

घ) राजेन्द्र सुवेदी– "यात्रामा प्रवृत्त हुने यात्रीले आफूले देखेका, भोगेका र अनुभवमा समेटेका अनुभूतिपुञ्जमा पाइने तथ्यलाई निबन्धको रूपमा स्थापित गरेको छ भने त्यस्ता रचनालाई नियात्रा भनिन्छ ।" (सुवेदी २०४९ :४२)

ङ) निर्मोही व्यास - "नियात्रा एक स्वच्छन्द प्रकृतिको अनुभूति प्रधान र रसयुक्त सिर्जनात्मक गद्य लेखन हो । यसमा सिर्जनशील यात्रीद्वारा आफ्नो यात्रानुभवलाई प्रगाढ निजात्मक रङ्गले रङ्गाएर उन्मुक्त, आकर्षक र आह्लादक शैलीमा आत्मपरक ढङ्गबाट निबन्धात्मक रूपमा जीवन्त पाराले प्रस्तुत गरिएको हुन्छ । (व्यास, २०७०:७२)

च) दामोदर पुडासैनी "किशोर"– यात्राका आलेखहरूले जिन्दगीका हिसाब किताबको अभिलेख राख्दछन् । यात्राको प्रधानता अनुभूतिमा रहन्छ ।" (पुडासैनी, २०७०: ठ)

उपर्युक्त विद्वान्हरूका दृष्टिकोणहरूका आधारमा अन्ततः के भन्न सकिन्छ भने कुनै सिर्जनशील यात्रीद्वारा यात्राका क्रममा साक्षात्कृत स्थान, प्रकृति, समाज, जनजीवन, विविध दृश्य, व्यक्तिपात्र र घटना प्रसङ्गआदि यावत् वस्तु तथ्य एवम् सँगालिएका अनुभव अनुभूतिलाई निजात्मकताले रङ्गाएर रोचक, रसात्मक, भावनात्मक र कलात्मकताको यथोचित समन्वयका साथ मनोहारी शैलीमा आत्मपरक ढङ्गबाट लिपिबद्ध गरेका यथार्थपरक गद्य कृति नै यात्रा साहित्य हो ।

## २.३ यात्रा साहित्यको सिद्धान्त

यात्रासाहित्य लेखक स्वयम्को यात्रानुभवको वर्णन भएको हुँदा यो नितान्त रूपले आत्मभोगजन्य लेखन हो । पूर्वीय र पाश्चात्य साहित्यका प्राचीन कालदेखि नै आख्यान र काव्य ग्रन्थहरूका यात्रा वर्णनको उपस्थिति पर्याप्त मात्रामा पाइए पनि लेखकका आफ्ना यात्रानुभवको आत्मपरक अभिव्यक्तिका रूपमा यस लेखनको उदय निकै पछि मात्र भएको हो झन् पाश्चात्य साहित्यमा कोलम्बसले अमेरिकाको यात्रा गरेपछि मात्र यात्रा साहित्यमा एउटा नयाँ र पहिलो तरङ्ग आएको हो ।

यात्रा साहित्यको विधा निर्धारण सम्बन्धमा हालसम्म विद्वान्हरूका मतमतान्तर रहेको र ठोस तथा सर्वसम्मत निर्णय आइसकेको देखिँदैन । केही विद्वान्हरूले साहित्यका कविता– काव्य, आख्यान, नाटक र निबन्ध गरी जम्मा चारवटा मुख्य विधाको अस्तिफ्व स्वीकार गर्दछन् भने केही विद्वान्हरूले भने उपर्युक्त चार मुख्य विधाका अतिरिक्त पाँचौ मुख्य विधाका रूपमा अन्य विधाको पनि अस्तितत्व रहेको मान्दछन् । यात्रा साहित्य एवम् यसका निकटवर्ती संस्मरण, दैनिकी, शब्दचित्र वा रेखाचित्र, आत्मकथा, पत्र साहित्य, जीवनी, रिपोर्ताज, अन्तर्वार्ता आदि मुख्य गद्य लेखनहरूलाई अन्य विधाका उपविधा मान्दछन् । कसै–कसैले यसलाई विधागत दृष्टिले आख्यान र निबन्धको सन्धिस्थलमा अवस्थित मानेको पाइन्छ । कसैले यात्रा साहित्यलाई छुट्टै विधा लेख्ने पनि गरेका छन् । कतिपयले कविता, नाटक, आख्यान र निबन्ध चारवटालाई मात्र निश्चित विधा मानेकाले यात्रा साहित्य स्वयम् एक विधामा लेखे पनि हुन्छ भनेका छन् ।  विद्वान्हरूले यात्रा साहित्यको विधा निर्धारण यसरी गरेका छन् –

क) दन्यू इन्साइक्लोपीडिया ब्रिटानिकामा यात्रा साहित्यलाई आख्यानेतर गद्यको एक भेदको रूपमा लिइएको पाइन्छ ।

ख) रमेश कुन्तक मेघले यात्रा साहित्यलाई 'अन्य विधा' अन्तर्गत राखेको पाइन्छ ।

ग) राममूर्ति त्रिपाठीले गद्यका विकसित नवीन विधाहरूमा यात्रा साहित्यले पनि स्थान ग्रहण गर्न लागेको छ भन्ने उल्लेख गरेबाट उनले यसलाई 'एक स्वतन्त्र विधा'का रूपमा लिन खोजेको बुझिन्छ ।

घ) विश्वनाथ तिवारीले पनि रमेश कुन्तक मेघले जस्तै यात्रा साहित्यलाई 'अन्य विधा' अन्तर्गत राखेको पाइन्छ र समृद्ध मानेको पाइन्छ ।

ङ) ओम प्रकाश सिंहले यसलाई 'अन्य विधा' अन्तर्गतकै एक विधा स्वीकार गरेको देखिन्छ ।

च) उमेश शास्त्रीले आधुनिक युगमा यात्रा साहित्यलाई स्वतन्त्र विधाका रूपमा स्वीकार गरिएको उल्लेख गर्दै 'यो न निबन्ध हो, न आत्मकथा, न त रिपोर्ताज नै' । यसलाई कुनै अन्य विधामा समाविष्ट तुल्याउन सकिँदैन भन्ने अभिमत प्रकट गरेका छन् ।

छ) हरिमोहनले यसलाई 'प्रकृतिपरक कथेतर गद्य विधा' का रूपमा लिएको पाइन्छ ।

ज) बालकृष्ण पोखरेलले यात्रा साहित्यलाई विवरण साहित्यको एक शाखाको रूपमा विकसित भएको र अब आफ्नो पृथक क्षेत्र तुल्याइ सकेको लेखनका रूपबाट उल्लेख गरेबाट र तारानाथ शर्मालाई नेपाली साहित्यमा नियात्रा नामक एक नवीन विधाका जनक मानेबाट नियात्राका रूपमा उनले यसलाई 'स्वतन्त्र विधा' मानेको पाइन्छ ।

झ) तारानाथ शर्माले निबन्धको एक महत्त्वपूर्ण अङ्ग भनी 'निबन्ध' अन्तर्गत नै राखेको पाइन्छ ।

ञ) राजेन्द्र सुवेदीले यसलाई नियात्राका रूपमा निबन्ध विधाकै अन्तर्भुक्त लेखन मानेको पाइन्छ । र उनले नै 'अन्य विधाको एक उपविधा'का रूपमा पनि लिइएको पाइन्छ ।

ट) वासुदेव त्रिपाठीले यसलाई 'अन्य विधाको एक उपविधा'को रूपमा लिएका छन् । साथै आख्यान र निबन्धको दोसाँधमा अवस्थित भन्ने उल्लेख गरेका छन् ।

ठ) ईश्वर बरालले यात्राका प्रसङ्गमा शुष्क, वस्तुनिष्ठ, वर्णनपुष्ट कृति प्रबन्ध हो भने निजात्मक अनुभूतिका रमरमाइले उच्छ्वासित कृति यात्रा निबन्ध भन्ने उल्लेख गरेबाट उनले यात्रा साहित्यलाई निबन्ध विधा अर्न्तगतकै लेखन मानेको पाइन्छ ।

ड) केशवप्रसाद उपाध्यायले निबन्धको चर्चा अन्तर्गत यात्रा साहित्यको पनि चर्चा गर्दै स्वतन्त्र रूपमा विकसित हुनाले यसलाई नियात्राका रूपमा पृथक विधा मान्न सकिन्छ भनी स्वतन्त्र विधाका रूपमा लिन खोजेको पाइन्छ ।

ढ) दामोदर पुडासैनी "किशोर"ले पनि यात्रा साहित्यलाई स्वतन्त्र साहित्यको रूपमा लिएका छन् र नियात्रालाई फरक विधाको रूपमा चित्रण गरेका छन् ।

विभिन्न विद्वान्हरूका मत मतान्तरको मन्थनका आधारमा यात्रा साहित्यबारे यस्तो धारणा अघि सार्न सकिन्छ । यात्रा साहित्य नितान्त रूपले गतिशील, यथार्थपरक, अनुभवाश्रयी र यात्राकारको निजात्मक रागानुभूतिले समन्वित सृजनात्मक नव गद्य लेखन हो । जसरी सन्तानहरू समाजमा आफ्नो स्वतन्त्र परिचय र अस्तित्व स्थापित नुहँदासम्म मात्र मातापिताका नामसित जोडिएर चनिन्छन् र स्वतन्त्र परिचय र अस्तित्वको स्थापना पछि ती आफ्नै नामले चिनिन्छन् । तिनलाई वंशगत रूपले स्थान विशेष वा अवसर विशेषमा बाहेक मातापिताका नामबाट चिनाइरहनु पर्दैन र त्यो उचित पनि हुँदैन । साहित्यमा सुपरिचित, प्रतिष्ठान र लोकप्रिय भइसकेको र आफ्नो विधागत स्वतन्त्र अस्तित्वको स्थापनाका निम्ति पूर्ण रूपले योग्य समेत भइसकेको वर्तमान परिप्रेक्ष्यमा यात्रा साहित्यलाई निबन्धको एक भेद वा उपविधामा मात्र सिमित तुल्याइरहनु उचित हुँदैन । त्यसैले नेपाली साहित्यमा पनि यो लामो समयदेखि प्रचलित हुँदै आएर प्रतिष्ठित र लोकप्रिय समेत भइसकेको छ र अब स्वतन्त्र विधागत अस्तित्वको स्थापनाको लागि सङ्घर्षरत छ । निबन्ध विधाबाट विकसित यात्रा साहित्यलाई वर्तमान अवस्थामा अरू कुनै विधाभित्र समाहित नगरेर साहित्यको एक स्वतन्त्र गद्य विधाका रूपमा स्वीकार गर्नुपर्ने देखिन्छ ।

## २.४ यात्रा साहित्यको स्वरूप, प्रस्तुति र आकार

### २.४.१ स्वरूप:

यात्रा साहित्य लेखकको निजात्मक राग, अनुभव र अनुभूतिका साथै आत्मीयता, स्वच्छन्दता, अनौपचारिकता, कल्पनाप्रवणता, हार्दिकता र भावनाको उच्छलन जस्ता गुणहरूको समन्विति यसको निबन्धात्मक स्वरूपसित सम्बन्धित पक्ष हो भने यात्राका क्रममा लेखक यात्रीसित सम्बन्धित हुन आउने स्थलहरू, व्यक्तिहरू, विविध दृश्यावली र घटना प्रसङ्गहरू यसका आख्यानात्मक स्वरूपसित सम्बद्ध यथार्थ पक्ष हुन् ।

यात्रा साहित्यका एक पाटोको रूपमा नियात्रालाई लिइएको छ । नियात्रा मार्गको विशाल चित्र प्रर्दशनी हो । यात्रा साहित्यमा कल्पनाको रमरम भेट्टाउन सकिन्छ । नियात्रामा शुष्कता अनि रसाभिषिक्त आह्लादक दुवै प्राप्त गर्न सकिन्छ । यात्रा कविता, यात्रा कथा,

यात्रा उपन्यास, यात्रा निबन्ध, यात्रा नाटक, जस्ता यात्रा साहित्यका विधालाई यात्रा लेख, यात्रावृत्त, यात्रा विवरण, यात्रा वृत्तान्त, यात्रा संस्मरण, नियात्रा, यात्रा चिठी र यात्रा आत्मजीवनी जस्ता उपविधाहरूमा वर्गीकरण गर्न सकिन्छ । यसरी विश्वसाहित्यको ठूलो अंश यात्रा साहित्यले भरिएको देखिन्छ । अघिका यात्रा साहित्य लेखकको एउटा स्वरूप आज आएर ट्र्याभल गाइड लेखकमा परिणत हुँदैछ । आत्मभोगजन्य लेखन भएको हुँदा यसको प्रस्तुतिका निम्ति आत्मपरकता हुन्छ ।

२.४.२ प्रस्तुति

यात्रा साहित्यकारहरूद्वारा आ-आफ्नै रुचिअनुसार वर्णनात्मक, विवरणात्मक, आख्यानात्मक, दैनिक्यात्मक, पत्रात्मक, निबन्धात्मक र संस्मरणात्मक शैली अनि सामान्य र कलात्मक प्रस्तुतिमा तथा प्रथम पुरूष वा तृतीय पुरूष दृष्टिबिन्दुमा पनि यात्रा साहित्यिक कृतिको सृजना गरिदैं आएको पाइन्छ । निबन्धात्मक र संस्मरणात्मक ढाँचा, प्रथम पुरुष दृष्टिबिन्दु एवम् रागात्मक, रसात्मक, कलात्मक र रोचक प्रस्तुतिमा लेखिएका यात्रा साहित्यिक कृति विशेष आस्वाद्यः लोकप्रिय र मानकस्तरीय भएको पाइन्छ ।

२.४.३ आकार

यात्रा साहित्य भनेको यात्राकारको जीवन भोगाइको कुनै निश्चित अवधिमा सँगालेका यात्राजन्य विशिष्ट अनुभव र अनुभूतिहरूलाई आत्मपरक शैलीमा कलात्मक ढङ्गबाट प्रस्तुति गरिएको कथा, एकाङ्की, निबन्ध जस्तो लघुकाव्य लेखन हो । वृहत् आकारका यात्रा वर्णनलाई पनि खण्डीकरण गरी लघु रूप दिन सकिन्छ । त्यस्ता वृहत् आकारका यात्रावर्णन स्रष्टाको अन्तर्मनमा परेका प्रभावका आधारमा, स्थान र मितिका आधारमा खण्डिकृत हुन सक्दछन् ।

२.५ यात्रा साहित्यका तत्त्वहरू

साहित्य जीवन र जगत्को कलात्मक वा सौन्दर्यपरक अभिव्यक्ति हो । यो देशकालको सीमाभित्र नबाँधिने सर्वदेशिक, सर्वकालिक र सर्वजनीन शाश्वत् मूल्ययुक्त अभिव्यक्ति पनि हो । जसरी कुनै स्थापत्य निर्माण कार्यका निम्ति उपर्युक्त तत्त्वहरूको आवश्यकता हुन्छ र जसको अभावमा त्यो कार्य असम्भव नै हुन्छ त्यसैगरी साहित्य सिर्जना कार्य पनि आफैंमा एउटा विशिष्ट ललित स्थापत्य निर्माण भएको हुँदा यसका विभिन्न

विधागत स्वरूप निर्धारणका निम्ति उपर्युक्त तत्त्वहरूको आवश्यकता हुन्छ । साहित्यका अरू विधाहरू जस्तै यसका पनि केही तत्त्व रहेका हुन्छन् भने कतिपय चाहिँ नितान्त मौलिक तत्त्वका रूपमा हुन्छन् । यात्रा साहित्यका आवश्यक तत्त्वहरूका सन्दर्भमा उपलब्ध पाश्चात्य, भारतीय र नेपाली विद्वान्हरूका विचारहरूलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

२.५.१. पाश्चात्य विद्वान्का दृष्टिमा

क) इन्साइक्लोपिडिया ब्रिटानिकामा यात्रा साहित्यलाई आख्यानेतर गद्य अन्तर्गत राखिएको छ र यात्रा साहित्यका तत्त्वहरूको छुट्टै चर्चा नगरी समष्टिगत रूपमा आख्यानेतर गद्यका तत्त्वहरूको चर्चा गरिएको छ । त्यस्ता तत्त्वका रूपमा यथार्थ र कल्पनाशैली र निजात्मकता यी तीन कुराको उल्लेख गरिएको छ ।

ख) इलिमेन्ट अफ लिटरेचरमा यात्रा साहित्यको महत्त्वपूर्ण तत्त्वका रूपमा प्रत्यायन अर्थात् विश्वासोत्पादनको उल्लेख गरिएको छ ।

२.५.२. भारतीय विद्वान्का दृष्टिमा

क) रमेश कुन्तक मेघले यात्रा साहित्यको सफलताको प्रमाण विवरणहरूसित पाठकहरूको तादात्म्यलाई यात्रा प्रदेशप्रति यात्री लेखक सजग र सहानुभूतिशील हुनुपर्ने तथा चित्रात्मकता यस विधाको अभिव्यक्तिमा सर्वाधिक अपेक्षित रहने विचार व्यक्त गरेबाट उनले चित्रात्मक र विवरणात्मकतालाई यात्रा साहित्यको मुख्य तत्त्व मानेको ज्ञात हुन्छ । (व्यास २०७०: ८०)

ख) ओमप्रकाश सिंहले यात्रा साहित्यका विधायक उपकरण भनेर निम्न लिखित कुराहरूलाई अघि सारेको पाइन्छ: स्थानीयता, तथ्यात्मकता, आत्मीयता, निजात्मकता, कल्पनाप्रवणता, रोचकता र चित्रोपमता र उनले यीमध्ये चित्रोपमतालाई सर्वोपरि मान्दै यसको अभावमा यात्रा साहित्य यात्रा साहित्य नभएर पर्यटनका पुस्तिका हुन जाने विचार व्यक्त गरेका छन् (व्यास, २०७०:८०) ।

ग) रघुवंशले निबन्ध शैलीका स्वच्छन्दता व्यक्तिपरकता (निजात्मकता) र आत्मीयता जस्ता गुण यात्रा साहित्यमा पनि पाइने उल्लेख गरेर उपर्युक्त तीन कुरालाई निबन्धसित मिल्ने

यात्रा साहित्यका तत्त्वको रूपमा उल्लेख गरेका छन् । यसका अन्य तत्त्वहरूका सम्बन्धमा भने उनी मौन रहेका छन् । (यात्रा साहित्य, पूर्ववत् ५१२-५१३)

घ) हरिमोहनले यात्रा साहित्यका तत्त्वलाई आधारभूत र द्वितीयक भनी दुई वर्गमा विभाजित गरेर आधारभूत अन्तर्गत स्थानीयता र तथ्यात्मकतालाई तथा द्वितीयक अन्तर्गत आत्मीयता, लेखकीय व्यक्तित्व वा निजात्मकता, कल्पनाप्रवणता, चित्रात्मकतालाई राखेका छन् ।

२.५.३. नेपाली विद्वान्का दृष्टिमा

क) बासुदेव त्रिपाठीले स्पष्टः यात्रा साहित्यलाई तत्त्व नै भनेर उल्लेख गरेको नपाइएतापनि यात्रा साहित्यको विशिष्टताको चर्चा प्रसङ्गमा "वस्तुतः यात्रा वृत्तान्त निजी जीवन भोगाइका पृष्ठभूमिले गर्दा आत्मपरक निबन्धका आत्मीय भावधाराद्वारा अभिव्यक्त भएको उत्तम मानिन्छ" भनी यात्रा साहित्यका प्रमुख तत्त्वका रूपमा वर्ण्य विषयको निजी भोगको अनुभव र आत्मीयता यी दुई कुरालाई इङ्गित गरेको प्रतीत हुन्छ ।

ख) ईश्वर बरालले - "साहित्य अभिधेय हुन भ्रमण वृत्तान्तका निम्ति रमणीय सौन्दर्यविभा, नन्दन तत्त्व र रसात्मकताका परिपाकले सिद्ध नभै नहुने कुरा हो" भनी रोचकता र रसात्मकतालाई यसका अपरिहार्य तत्त्व मानेको पाइन्छ ।

ग) गङ्गा प्रसाद उप्रेतीले 'यात्रा साहित्यिक मूल्य र नेपाली यात्रा साहित्यको विकास क्रमको चर्चा गर्ने क्रममा - "सूचनात्मकता, निजात्मकता र चिन्तनशीलता यी तीन तत्त्वको समूचित समायोजनबाट यात्रा विवरणले साहित्यिक सार्थकता प्राप्त गर्ने" कुराको उल्लेख गरेबाट उनले उपर्युक्त तीन कुरालाई यात्रा साहित्यको तत्त्व मानेको पाइन्छ ।

घ) ठाकुर प्रसाद पराजुलीले - "आत्मीयता, निजात्मकता, कल्पना, प्रवणता, चित्रात्मकता र रोचकचालाई यसका तत्त्वका रूपमा इङ्गित गरेका छन् ।"

ङ) तारानाथ शर्माले साहित्यको तत्त्वको सन्दर्भमा - "यात्रा स्थलको तथ्यात्मकता, यात्रीको भावना, अनुभूति र कल्पनाप्रवणता जस्ता कुरालाई अघि सारेका छन् ।" (व्यास २०७०: ८२)

च) पोष चापागाईंले - "साहित्यिक मानसिकता शान्त मनस्थिति, बोधगम्यता, दृश्यस्पर्श, प्रकृति विश्लेषण, एकात्मकता, दार्शनिकतालाई यात्रा साहित्यको तत्त्व मानेका छन् ।"

छ) दामोदार पुडासैनी ''किशोर''ले- "गतिशीलता, स्थानीयता, कल्पना प्रवणता, आत्मीयता, निजात्मकता, चित्रात्मकता, रमणीयता, सूचनात्मकतालाई यात्रा साहित्यको तत्त्वको रूपमा लिएका छन् ।"

२.६ यात्रा साहित्यको प्राथमिक तत्त्व

२.६.१ गतिशीलता

गतिशीलतालाई यात्रा साहित्यको प्रथम आधारभूत तत्त्व मानिन्छ । यात्रा साहित्यले मानिस, घटना, दृश्य आदिको अभिलेख प्रस्तुत गर्दछ । यसमा यात्राकारले आनन्दको निम्ति कुनै नौलो स्थानको भ्रमण गर्दछ । यात्रा पैदलै वा अन्य कतिपय सवारी साधानद्वारा केही घण्टा या केही दिनको अर्थात् लामो छोटो समयावधिको हुन सक्छ । तर यात्रा नै नगरिकन भने यात्रा साहित्यको सिर्जना सर्वथा असम्भव छ ।

गतिशीलता यस्तो तत्त्व हो, जसले यात्रा साहित्यका पाठकलाई स्वयम् लेखकसँगसँगै तत् तत् देश र परिवेश, भूगोल, प्रकृति, समाज, साहित्य, कला, संस्कृति, पुरातत्त्व, शिक्षा,अनुसन्धान, अन्वेषण, भाषा, इतिहास, राजनीतिज्ञ, विज्ञान, प्रविधि, शासन, प्रशासन आदि विधि विषय क्षेत्रसित यात्रा गरिरहेको जीवन्त अनुभूति प्रदान गर्छ । नितान्त स्थान परिचय वा भौगोलिक परिचयलाई मात्र पनि यात्रा साहित्यको संज्ञा दिने भ्रान्त धारणा कतिपय पाठक, सम्पादक र लेखकमा समेत रहेको पाइन्छ । त्यो भ्रान्तिको निवरणका लागि पनि यात्रा साहित्यका अन्य तत्त्वहरूसँग गतिशीलताको पनि छुट्टै चर्चा हुनु आवश्यक छ ।

२.६.२ स्थानीयता

यात्रा साहित्यको अर्को महत्त्वपूर्ण आधारभूत तत्त्व स्थानीयता हो । यात्रा स्थान विशेषसँग सम्बद्ध हुने भएकाले यात्रा गरिएको स्थानको परिवेश एवम् त्यहाँ साक्षात् हुन आउने प्राकृतिक, भौगोलिक, सामाजिक, भाषिक, सांस्कृतिक जस्ता विशेषता तथा विविध घटना र परिदृश्य युक्त स्थानीय रङ्गले यात्रा साहित्यमा आधारशीलाको रूपमा प्रमुख स्थान ओगटेको हुन्छ । यसको अभावमा यात्रा साहित्य सिर्जनाको कल्पना समेत गर्न सकिँदैन । स्थानीयताको माध्यमद्वारा स्थान विशेषको कटुसत्य उजागर गरेर यात्रा साहित्यलाई सुस्वाद, पठनीय र सङ्ग्रहणीय बनाउन सकिन्छ । (व्यास २०७०: ८३) ।

२.६.३ तथ्यात्मकता

यात्रा गरिएका स्थलहरूमा पाइने तथ्यपरक प्रतिवेदन, प्रामाणिक, आख्यान, वर्णन र इतिहास जस्ता विविध विषयगत तथ्यहरूको औचित्यपूर्ण उल्लेख यात्रा साहित्यका निम्ति अपरिहार्य हुन्छ । यसबाट लेखक र पाठक दुवैलाई यात्रा वर्णन वा वृत्तान्तसँगै यथासत्य सूचना र ज्ञान प्राप्त हुन्छ । यस सम्बन्धमा कुन कुरा अत्यन्त विचारणीय हुन्छ भने तथ्यका रूपमा प्रस्तुत गरिएका सामग्री यात्रा गरिएका स्थान, ती स्थानमा भेटिएका मानिस र तिनसँगको संसर्गका कुराहरूको तथ्यविवरण मात्र नभई लेखकका मनमा ती नयाँ स्थान, मानिस र घटनाले उत्पन्न गराएका मनोभावहरूको नाटकीय वृत्तान्त पनि लेखकले आफूमा समाविष्ट गरेको हुन्छ । (शर्मा २०६८: १७) तथ्यका रूपमा प्रस्तुत गरिएका सामग्री भने विश्वासोत्पादक वा पत्यारिलो चाहिँ हुनैपर्छ । यसमा तथ्यहरूको लामो विवरण प्रस्तुत गरियो भने त्यो यात्रा विवरण बन्न पुग्दछन् । त्यसैकारणले सीमित र महत्त्वपूर्ण तथ्यलाई मात्र यात्रा साहित्यमा समेट्नु पर्दछ । यसैले तथ्यात्मकतालाई पनि यात्रा साहित्यको एक अत्यन्त महत्त्वपूर्ण तत्त्वका रूपमा लिन सकिन्छ । (व्यास, २०७०:१०५)

२.७ यात्रा साहित्यको द्वितीयक तत्त्व

२.७.१. निजात्मकता

यात्रा साहित्य लेखकको निजात्मक लेखन भएको हुनाले यसमा निजात्मकताको स्थान अत्यन्त महत्त्वपूर्ण हुन्छ । निजात्मक निबन्ध, संस्मरण दैनिकी आत्मकथा आदि सबैजसो आत्मपरक लेखनका निम्ति आवश्यक पर्ने कुरा हो । लेखकको आनीबानी एवम् रुचि लगायत सम्पूर्ण निजी व्यक्तित्व प्रत्यक्ष रूपमा प्रस्तुत हुन्छ । यसैले लेखकीय निजात्मकतामा नै उसको यात्रा कृतिको संरचना निहित हुन्छ । आफ्नै रुचि र दृष्टि अनुसार नै यात्राकारले सम्बद्ध भूपरिवेश, प्रकृति, समाज, संस्कृति, जनजीवन, अनेक व्यक्ति पात्र र घटना प्रसङ्ग आदि जस्ता निजात्मक रागद्वारा लेखिएको यात्रा लेखन यात्रा साहित्य नभएर यात्रा विवरण मात्र बन्न पुग्दछ । त्यसैले निजात्मकतालाई यात्रा साहित्यको सर्वथा अपरिहार्य तत्त्व हो भन्न सकिन्छ । (व्यास २०७०:८४)

२.७.२. आत्मीयता

आत्मीयता पनि यात्रा साहित्यको अर्को अत्यन्त महत्त्वपूर्ण तत्त्व हो । सामान्य यात्रीका निमित्त नौलो ठाउँको यात्रामा देखिने भेटिन जाने प्रकृति र व्यक्तिहरू मात्र हुन्छन् । ती सित उनीहरूको कुनै भावनात्मक सम्बन्ध स्थापित हुँदैन । उनीहरू नितान्त तटस्थ र औपचारिक बनी तिनीहरूसित एकदमै असंलग्न रहेर आफ्ना यात्रा सम्पन्न गर्छन् । तर भावनाशील सर्जक यात्रीहरू भने अनेक वन, उपवन, खोलानाला, फाँट, वगर, पहाड-समय र गाउँ-नगर, बाटो-घाटो, झुप्रा-महल, मठ-मन्दिर, ताल-तलाउ, मानिस, पशुपंक्षी, बोटबिरूवा, खोलानाला र ढुङ्गामाटो लगायत सम्पूर्णसित आत्मीय सम्बन्ध स्थापित हुन्छ र नितान्त अपरिचितहरू उनीहरूका निम्ति नितान्त परिचित र तिनका सौन्दर्य सुगन्ध, सुख, शान्ति, पीडा र हर्ष-विस्मात्मा आत्मीय भावले उनीहरू संवेदित हुन्छन् । जसका कारणले यात्रा साहित्य संवेद्य, सजीव र सुन्दर बन्दछ । साथै यात्रामा घुमघाम गर्दै जाँदा उसको स्नेहसिक्त व्यवहारबाट त्यस अपरिचित ठाउँका नर र नारीहरूको पनि उसित मिठो सुमधुर सम्बन्ध स्थापित हुन्छ ।

### २.७.३. कल्पनाप्रवणता

भावना र विचारले भिजेको यात्रामा आनन्द पहिलो लक्ष्य हुन्छ । कल्पनाप्रवणतामा अपूर्ण आकर्षण हुन्छ । जसले यात्रा साहित्यिक कृतिलाई जीवन्त र पाठकलाई सम्मोहित पार्दछ । यात्रा साहित्यमा कल्पनाको रमरम महक भेट्टाउन सकिन्छ । कल्पनाप्रवणता यात्रा साहित्यको रचनाको निम्ति अत्यावश्यक हुन्छ । किनभने यात्रागत वस्तुतथ्यको आँकलनलाई मात्र यात्रा साहित्य किमार्थ भन्न सकिँदैन । त्यसले कल्पनाको लालित्य भरिएपछि मात्र साहित्यिकता प्राप्त गर्दछ । कल्पनाप्रवणताबाट प्रकृतिको मानवीकरण र मानवको प्रकृतिकरण समेत गर्न सकिन्छ । जुन सर्जक यात्री जति कल्पनाप्रवणता हुन्छ । त्यसका यात्राकृति त्यति नै साहित्यिक गुण गरिमाले समन्वित हुन्छन् । त्यसैले यात्रा साहित्यमा कल्पनाप्रवणताको भूमिका विशेष रूपमा रहेको हुन्छ ।

### २.७.४. चित्रात्मकता

यात्रा साहित्यका आधारभूत तत्त्वहरूमध्ये चित्रात्मकता एक नौलो अत्यन्त महत्त्वपूर्ण तत्त्व हो । यसले कृतिलाई सजीव तुल्याइदिन्छ । यात्रा साहित्यिक कृतिमा यात्रावर्णन सम्बन्धी त्यस्तो शाब्दिक चमत्कार हुनुपर्दछ । जसबाट यात्राका क्रममा

साक्षात्कृत विविध प्रकारका दृश्यावली साथै लेखक स्वयम्का निजात्मक अनुभूति तरङ्गहरू समेत पाठकका आँखामा जीवन्त रूपले झल्झलाकार भएर मूर्तिन सकून् ।

चित्रात्मकता यात्राको नैसर्गिक गुण हो । चित्रात्मकता प्रयोग भन्नाले यस प्रकारको सजीव शाब्दिक चित्रात्मक वर्णन अपेक्षा गरिन्छ । कसै कसैले क्यामेराले खिचेको चित्रहरूले यात्रा साहित्यिक कृतिहरूलाई सन्दर्भअनुसार यथार्थ स्थानमा सज्जित तुल्याउने अर्थमा पनि लिने गर्दछन् । तर कृतिमा समावेश गरिएका तस्बिरहरू भन्दा पनि चित्रात्मक भाषाशैलीमा यात्रा वर्णन गर्नु लेखकको महानता हो । साहित्यमा यस प्रकारको यान्त्रिक चित्रावलीको पनि आफ्नै प्रकारको महत्त्व हुन्छ । सजीव शाब्दिक चित्रात्मकताले समन्वित कृतिमा क्यामेराले खिचेका सुन्दर चित्रहरूको समेत प्रयोगबाट सुनमा सुगन्ध भरिने गुण निश्चय नै थपिन सक्छ ।

### २.७.५ अनुभूतिमयता

यात्रा साहित्यमा यात्राको वस्तु कलेवरका रूपमा रहन्छ र यात्रासँग सम्बद्ध भू-परिवेश, प्रकृति, समाज, संस्कृति, जनजीवन, अनेक व्यक्ति पात्र र घटना प्रसङ्ग आदिको साक्षात्कारबाट यात्राकारलाई प्राप्त हुने विविध अनुभूतिको अभिव्यञ्जनाले यात्रा साहित्य अनूप्राणित हुन्छ । अनूभूतिमयताका अभावमा यात्रा साहित्य यात्रा साहित्य नभएर यात्राको सपाट वस्तुवर्णन वा यात्रा विवरण मात्र बन्दछ । यसै कारणले अनुभूतिमयता यात्रा साहित्यको अर्को महत्त्वपूर्ण आधारभूत द्वितीयक तत्त्वको रूपमा रहेको छ ।

### २.७.६ चिन्तन

यात्रा साहित्यिक कृतिमा चिन्तन, विचार, ज्ञानसम्पदा र जिज्ञासाको समावेशबाट यात्रा स्थलको ऐतिहासिक, धार्मिक र सांस्कृतिक प्रर्दशित हुनाका अतिरिक्त स्थानीय जनताको बौद्धिकता एवम् दार्शनिक धरातलको परिचय प्राप्त हुन्छ र यसबाट यात्रा साहित्यिक कृतिको बौद्धिक पक्ष, संवेदना एवम् सौन्दर्य पक्षको अभिवृद्धि हुन्छ । चिन्तनको अभावमा यात्रा लेखन यात्रा साहित्य नभएर एउटा यात्रा विवरण मात्र बन्न पुग्ने भएकाले चिन्तन पनि यात्रा साहित्यको अर्को महत्त्वपूर्ण आधारभूत तत्त्व हो ।

२.७.७ स्वच्छन्दता

स्वच्छन्दता वा उन्मुक्तता पनि यात्रा साहित्यको एउटा अत्यन्त महत्त्वपूर्ण तत्त्व हो । जसले यात्रा साहित्यलाई निर्जीव हुनबाट जोगाउँछ लेखकले यात्रागत वस्तुतथ्यको यथार्थपरक प्रस्तुतिमा बाधा नपर्ने किसिमबाट यात्रा लेखनको मर्यादालाई पूर्ण रूपमा आत्मसात् गर्दछ र एक निश्चित सीमाभित्र रहेर आकाशमा उड्ने स्वच्छन्द पन्छी झैं स्वच्छन्द रूपमा निष्फिक्री लेखिएको साहित्य यसमा रहेको हुन्छ ।

२.७.८ रसात्मकता

रसमयता यात्रा साहित्यको अनिवार्य तत्त्व हो । विभिन्न नवरसरहरूमध्ये कुनै न कुनै एक रसको प्रबलता साहित्यमा हुनुपर्छ । रसमयताले स्थान विशेषको इतिवृत्त प्रस्तुत गर्दछ । पाठकहरूले यात्रीका शिल्पपक्ष, भावपक्ष, ऐतिहासिक तथ्य, स्थानीय परिवेशको सम्पन्नता विपन्नता, विशेषता एवम् घटनाक्रमको सुपुष्ट र सुस्वाद युक्त साहित्यको रसास्वादन गर्दछन् । जुन कृति बढी रसाप्लावित हुन्छ त्यो त्यति नै सवल र सफल हुन्छ । रसात्मकताका अभावमा यात्रा साहित्य यात्रा साहित्य नभएर यात्रा निर्देशिका वा गाइडबुक मात्र बन्दछ । यात्रा साहित्यमा सरस, आह्लादकारी र औत्सुक्यपूर्ण रहेको पाइन्छ । यसमा शुष्कता अनि रसाभिषिक्त आह्लाद दुवै प्राप्त गर्न सकिन्छ ।

२.७.९ रोचकता

यात्रा साहित्यको अन्य तत्त्वहरू अनिवार्य भए जस्तै रोचकता पनि अनिवार्य तत्त्व हो । यात्रा साहित्यमा रोचकताले प्रमुख भूमिका खेलेको हुन्छ । कृति पढ्दै जाँदा रोचक घटना, कथानक, नाटकीय वर्णन जस्ता प्रसङ्गहरू आएमा पाठकहरू कृति पठनतर्फ अझ सम्मोहित बन्दछन् । यस्तो कृति नै सबैबाट प्रशंसनीय हुन्छ ।

२.७.१० कौतूहलता

कौतूहललाई पनि यात्रा साहित्यको एउटा महत्त्वपूर्ण आधारभूत तत्त्व मानिन्छ । यसले सहृदयी भएका पाठक वर्गलाई मनमा उत्सुकता अर्थात कौतुहल जगाई अझ अगाडि बढ्न प्रेरित गर्दछ । यात्राकारको यात्रामा अगाडि बढ्दै जाँदा यात्रा स्थल, घट्ना आदि के,

कहाँ, कसरी घट्दै जान्छ भन्ने कौतूहलले पाठकलाई यात्रा साहित्य पढ्न निरन्तर रूपमा प्रेरित गरेको हुन्छ ।

यात्रा साहित्यका उपर्युक्त तत्त्वहरूमध्ये गतिशीलता, स्थानीयता, तथ्यात्मकता, निजात्मकता, आत्मीयता, कल्पनाप्रवणता, चित्रात्मकता, अनुभूतिमयता, चिन्तन, स्वच्छन्दछा, रसात्मकता, रोचकता र कौतूहल यस्ता तत्त्व हुन्, जसमा यात्रा साहित्यमा पाइने यात्रागत वस्तु तथ्यका साथै कला सौन्दर्य, भाव सौन्दर्य एवम् रागात्मकता र भावात्मकता जस्ता साहित्यिक तत्त्व प्राण समन्वित हुन्छन् । यी तत्त्वहरूका अतिरिक्त आख्यानमूलक विधाहरूमा पाइने आख्यानात्मकता पात्र, अवधि, समय, परिस्थिति र वातावरण, उद्देश्य, भाषाशैली आदि पनि यात्रा साहित्यमा अन्य तत्त्वको रूपमा रहेका छन् । यिनका अभावमा यात्रा साहित्य यात्रा साहित्य नभएर यात्रा निर्देशिका वा गाइडबुक मात्र बन्दछ ।

२.८ यात्रा साहित्यको वर्गीकरण

यात्रा साहित्य अधुनातन प्रतिष्ठित साहित्यिक लेखनका अर्थमा विश्व साहित्यमै एक नव गद्यलेखन हो, तर नवलेखन भएतापनि यो लेखन अवधिमा स्थल यात्रा, जल यात्रादेखि, अन्तरिक्ष यात्रा सम्मका अनेक सरलता, जटिलता, सुगमता, दुर्गमता, सुन्दरता, भयावहता र रहस्य रोमाञ्च आदि यात्रा भौतिक पक्षसँगै यात्रीको संवेग, संवेदना, मनोगुम्फन, अनुभूति आदि व्यापक कुरालाई यसले आफ्ना विषयवस्तु बनाइसकेको छ ।

यात्रा सहित्यको  विषय वा क्षेत्र विस्तार र उद्देश्य विस्तार गरिसकेको छ । विभिन्न शैली शिल्पको आविष्कार, विकास र विस्तार पनि गरिसकेको छ । यसको वर्गीकरणमा त्यति सहजता नदेखिए तापनि यसबारे विद्वान्हरूले आ-आफ्नै किसिमले कसैले विषय, उद्देश्य र शैली शिल्पका आधारमा र कसैले शैली शिल्पकै आधारमामात्र यसको अभिमत अगाडि सारेका छन् ।

क) पौल फसेलले यात्रा साहित्यलाई यात्रा साहित्य, यात्रावृत्तान्त/वर्णन र यात्रा निबन्ध गरी तीन वर्गमा विभाजन गरेका छन् ।

ख) रमेश कुन्तल मेघ (कुन्तल, १९:३७ २८५-२८७) ले यात्रा साहित्यलाई स्थूल रूपले २ वर्गमा विभाजन गरेको पाइन्छ ।

अ) प्रयास प्रधान

आ) संस्मरण प्रधान

ग) विश्वनाथ तिवारी (तिवारी, १९६८: २७२-२८६) ले यात्रा साहित्यलाई उद्देश्य, शैली र शिल्पका दृष्टिले यसरी वर्गीकृत गरेको पाइन्छ ।

- अ) उद्देश्यका दृष्टिले
  - राजनैतिक
  - धार्मिक
  - सांस्कृतिक
  - ऐतिहासिक
  - भौगोलिक
  - साहित्यिक
- आ) शैलीका दृष्टिले
  - इतिवृत्तात्मक
  - भावात्मक-आलङ्कारिक
  - चित्रात्मक
- इ) शिल्पका दृष्टिले
  - पत्रात्मक
  - दैनिक्यात्मक

घ) आचार्य उमेश शास्त्री (शास्त्री, १९३८: १८१) ले यात्रा साहित्यलाई विषयगत र प्रस्तुति शैलीका दृष्टिले यसरी वर्गीकृत गरेको पाइन्छ ।

- अ) विषयगत दृष्टिले
  - तीर्थस्थानहरूको यात्रा
  - महानगरीय यात्रा
  - विदेशी यात्रा
  - सांस्कृतिक यात्रा
  - ग्रामीण यात्रा
  - पर्वतीय यात्रा
- आ) प्रस्तुति शैलीको दृष्टिले
  - वर्णनात्मक शैली
  - आलङ्कारिक शैली
  - पत्रात्मक शैली
  - दैनिक्यात्मक शैली
  - विवरणात्मक शैली
  - निबन्धात्मक शैली
  - इतिवृत्तात्मक शैली
  - चित्रात्मक शैली
  - भावात्मक शैली

ङ) बालकृष्ण पोखरेल (पोखरेल, २०३४: ख ले शैली - शिल्पलाई मात्र आधार मानेर निम्नानुसार यात्रा साहित्यको वर्गीकरण गरेका छन् ।

अ) यात्रालेख आ) नियात्रा

पोखरेलले यात्रा सोझो वस्तु वर्णनमा मात्र सीमित लेखनलाई 'यात्रा लेख' र लेखकीय आत्मपरकताको आनन्द-समन्वित यात्रा लेखनलाई नियात्रा भनेका छन् ।

च) वासुदेव त्रिपाठी (त्रिपाठी, २०३५: १७-४२) ले पनि शैली - शिल्पमै आधारित रहेर निम्नानुसार यसको वर्गीकरण गरेका छन् ।

अ) वस्तुपरक धारा आ) आत्मपरक धारा

छ) होमनाथ सुवेदी (सुवेदी, २०३८: १-९०) ले यात्रा साहित्यलाई स्वरूप, प्रस्तुतिकरण, गठन र उद्देश्य आदि विभिन्न आधारमा वर्गीकरण गर्न सकिने स्वीकार गरे पनि उद्देश्यकै आधारमा मात्र वर्गीकरण गरेका छन् ।

अ) शुद्ध भ्रमणमूलक आ) उद्देश्यमूलक इ) मिश्रित

ज) ईश्वर बराल (बराल, २०३४: १६-२२) ले शैलीलाई आधार मानी "यात्राका प्रसङ्गमा शुष्क, वस्तुनिष्ठ, वर्णन पुष्ट कृति प्रबन्ध हो भनेका छन् भने निजात्मक अनुभूतिको रमरमाइले उच्छवासित कृति यात्रा दुई वर्गमा विभाजित गरेका छन् ।

अ) यात्रा प्रबन्ध आ) यात्रा निबन्ध

झ) तारानाथ शर्मा (शर्मा, २०५६: २१३-२३४) ले पनि बासुदेव त्रिपाठी जस्तै शैली शिल्पलाई नै आधार मानेर यात्रा साहित्यको यसरी वर्गीकरण गरेका छन् ।

अ) वस्तुपरक आ) आत्मपरक

ञ) दामोदर पुडासैनी 'किशोर' ले "यात्रा लेख्नु जीवन अलि परसम्म पुऱ्याउनु हो । यात्राका दस्तावेजहरू समय र घटनाका अमिट चित्रहरू पनि हुन् । शब्दचित्रको खाता खोल्नको लागि नियात्रा लेख्छु म ।"('पुडासैनी', २०७१: २५) यस अनुसार पुडासैनीले यात्रा साहित्यलाई निजी अनुभूतिको सरस वर्णन भन्दै निम्न अुनसार वर्णन गरेका छन् -

अ) अनुभूतिपरक वर्णन

आ) सपाट वर्णन

यसरी उपर्युक्त विद्वान्हरूका मतका आधारमा यात्रा साहित्यको वर्गीकरण निम्न लिखित रूपमा गर्न सकिन्छ-

१) विषयका आधारमा

- भौगोलिक र प्राकृतिक
- ऐतिहासिक
- सांस्कृतिक
- धार्मिक
- शैक्षिक
- साहित्यिक
- साहसिक

२) उद्देश्यका आधारमा

- अनुसन्धान प्रधान
- शिक्षा प्रधान
- विशुद्ध भ्रमणमूलक वा मनोरञ्जन प्रधान
- मिश्रित

३) आयतनका आधारमा

- स्फुट रूप
- ग्रन्थ रूप

४) शैली शिल्पका आधारमा

- वर्णनात्मक/विवरणात्मक
- आख्यानात्मक
- संस्मरणात्मक

- पत्रात्मक
- दैनिक्यात्मक
- रिपोर्ताजात्मक
- निबन्धात्मक/नियात्रात्मक

नेपाली साहित्यमा यात्रा लेखन गद्य र पद्य दुवै शैलीमा पनि लेखिँदै आएको पाइन्छ। विश्व साहित्यको परिप्रेक्ष्यमा यात्रा साहित्य गद्य लेखनकै एक भेदको रूपमा रहेको पाइन्छ। विधागत दृष्टिले हेर्दा यो निबन्ध विधाको आत्मपरक भेदबाट विकसित एवम् आफ्नै प्रकारको आख्यानात्मकता समाविष्ट लेखन हो।

हालसम्म धेरै पाश्चात्य, भारतीय र नेपाली विद्वान्हरूबाट यात्रा साहित्य सम्बन्धी अध्ययन भएको पाइन्छ। यसै सन्दर्भमा कसैले नेपाली साहित्यको इतिहास लेख्ने क्रममा, कसैले यात्रा साहित्यको सैद्धान्तिक र कसैले ऐतिहासिक पक्षमा कलम चलाएका छन्। यात्रा साहित्यको एक पाटो नियात्रा साहित्यको नामाकरण प्रथम पटक चर्चा गर्ने साहित्यकार तथा भाषाशास्त्री बालकृष्ण पोखरेल हुन्। उनले 'नियात्रा संज्ञा' दिँदै नियात्राको जुन लक्षण र गुण धर्मको चर्चा गरेका छन्। त्यसैलाई आधार मानेर नियात्रा यात्रा साहित्यको बारेमा बासुदेव त्रिपाठी, ईश्वर बराल, राजेन्द्र सुवेदी, रघुवंश, हरिमोहन, माजदा असद आदिले यात्रा साहित्यलाई चिनाउन खोजेका छन्। तर दामोदर पुडासैनी "किशोर"को लेखनीमा भने नियात्रालाई काव्यात्मक छनक दिने अनुभूतिजन्य साहित्यिक प्रस्तुतिको सुन्दर रूप पाउन सकिन्छ।

## २.९ नेपाली नियात्रा साहित्यको विकासक्रम

यात्राको गतिशीलतालाई आत्मपरक अनुभव र यथार्थको विवरणात्मक चित्रणलाई संयोजन गरेर यात्रा साहित्य सिर्जना हुन्छ। यात्रा साहित्यका क्षेत्रमा संवेगात्मक अनुभूतिको प्रधानता हुनु र विवरणसँगै आत्म-चेतनाको उज्यालो प्राप्त हुनु नै नियात्राको आधारभूमि हो (एटम, २०७०:१३)। वास्तवमा विश्व साहित्यको जग नै यात्रा-साहित्यमा अडेको छ। हाम्रा महाभारत, रामायण र अरू पुराण कथा ती सबै एक न एक प्रकारका यात्रा हुन्। त्यहाँ वर्णित अनेक लोक र तालहरूको बीच यात्राले नै सम्पर्क स्थापित गरेका पाइन्छ। कालिदासको मेघदूत महाकविको मुनामदन आदिमा साहित्यका दैविक यात्रादेखि

पुराकथात्मक, ऐतिहासिक र यथार्थ यात्रा घटित छन् । सबै घटना, इतिहास र यात्रासँग जोडिएको पाइन्छ । यसरी यात्रा साहित्यको इतिहास हजारौं वर्षको छ । यसै कारणले विश्वमा हाल आएर यात्रा-साहित्यले व्यापक क्षेत्र ओगटेको छ । बालकृष्ण पोखरेलले तारानाथ शर्माका रचनाहरूलाई 'नियात्रा संज्ञा' दिई उनले आफ्नो उक्त भूमिकात्मक लेखबाट वि. सं.२०२५ सालमा नेपाली साहित्यमा 'नियात्रा' शब्दको नव निर्माण र प्रथम प्रयोग गरेका हुन् ।

नेपाली साहित्यमा यात्रा साहित्यको प्रारम्भ बिन्दु पूर्णप्रकाश नेपाल 'यात्री' द्वारा अन्वेषित-सम्पादित तथा काठमाडौं स्थित नेसनल रिसर्च एसोसिएट्स नामक संस्थाबाट वि.सं. २०३९ सालमा प्रकाशित राजा गगनीराजको यात्रा (१५५०-बेनामी) मानिंदै आएको छ । आदि र मध्ये भाग खण्डित रूपमा उपलब्ध भएको तथ्य 'सन्दर्भ आमुख' शीर्षकमा सम्पादकीय भूमिकामा गरेका छन् । पूर्ण प्रकाश नेपाल 'यात्री'ले राजा गगनीराजको यात्रा प्रकाशमा ल्याएको समयभन्दा २६ बर्ष पूर्व वि.सं २०१३ मा नै योगी नरहरि नाथले प्रकाशमा ल्याइसकेको गगनीराजको उक्त भिन्न यात्रा वृत्तान्तको लेखोट (बेनामी) बारे पूर्ण प्रकाशद्वारा अन्वेषित-सम्पादित ग्रन्थ राजा गगनीराजको यात्रा (२०३९) मा कतै कुनै चर्चा गरिएको पाइँदैन ।

तारानाथ शर्माले आफ्नो नेपाली साहित्यको इतिहास नामक ग्रन्थमा क्रान्ति उत्तर युग अध्यायको 'गद्य' उपअध्यायमा निबन्ध र प्रबन्धको अध्ययनमा यात्रा साहित्यका निम्ति कुनै यात्रा संस्मरण, कतै नियात्रा, कतै यात्रावर्णन र कतै निबन्ध शब्दको प्रयोग गरेका छन् । उनले यात्रा वर्णनलाई निबन्धको महत्वपूर्ण अङ्ग हो भन्दै यो औधि रोचक हुन्छ र यसबाट ज्ञानको पनि राम्ररी वृद्धि हुन सक्छ भनी यात्रा साहित्यको परिचय र महत्त्व खुलाएका छन् । (शर्मा, २०५६:२३१-२३४) ।

भीष्म उप्रेतीले 'यात्रा निबन्धको विकास र वर्तमान स्थिति' शीर्षकमा यात्रा साहित्यको सैद्धान्तिक स्वरूप तथा नेपाली यात्रा साहित्यको वर्तमान अवस्था सम्बन्धी अध्ययन प्रस्तुत गरेका छन् । उनले यात्रा साहित्यलाई निबन्धबाट विकसित भएको स्वतन्त्र विधाका रूपमा चर्चा गरेका छन् । उनले नेपाली यात्रा साहित्यको विकासक्रमको चरणलाई वि.सं. २००७ साल अघि २००७ साल पछि गरी दुई चरणमा वर्गीकरण गरेका छन् ।उप्रेतीले समीक्षात्मक लेखमा यात्रा साहित्यलाई स्वतन्त्र विधाका रूपमा स्थापित भइसकेको मान्नु,

चिरञ्जीवी शर्मा पौडेलको आफ्नो कथाको रचना काल वि.सं. १९७४ उल्लेख गर्नु र मेरो लन्डन राजतिलक यात्राका लेखक शेरसिंह रानालाई 'शेरमान राणा' भन्नुको उनको तथ्यगत त्रुटि हो (उप्रेती, २०५५: ६-११) ।

यी सबै विद्वान्हरूले पूर्वाअध्ययनहरूबाट उल्लेख्य सामग्रीहरूलाई समष्टिगत रूपमा समेटेका छन् र यात्रा साहित्यका आवश्यक सैद्धान्तिक पक्षहरूको निरूपण गरेका छन् । साथै नेपाली यात्रा साहित्यको पृष्ठभूमिदेखि वर्तमान स्थितिसम्मको सङ्केत पनि गरेका छन् । यात्रा साहित्यलाई यात्रा साहित्यका साथै यात्रावृत्तान्त, यात्रा निबन्ध, यात्रा संस्मरण, नियात्रा आदि संज्ञाबाट चिनाइएको पाइन्छ । यस बारेमा विभिन्न विद्वान्हरू बिच मतभिन्नता रहेको पाइन्छ । कसैले यी सबैलाई पर्यायवाची मानेका छन् भने कसैले यिनमा तात्त्विक भिन्नता भएको कुरा पनि छर्लङ्ग प्रष्ट्याएका छन् । यात्रा साहित्यलाई कसैले आख्यानयुक्त विधा मानेका छन् भने कसैले आख्यान र निबन्धको दोसाँधमा रहेको कुरा प्रष्ट पारेका छन् । कसैले यसलाई आख्यानेतर गद्यविधा कसैले आख्यानयुक्त गद्य विधा मध्येको एक स्वतन्त्र गद्य विधाका रूपमा मानेका छन् ।

प्रमोद प्रधानले नेपाली निबन्धको इतिहास शीर्षकमा यात्रा साहित्यको विकासक्रम प्रस्तुत गरेका छन् (प्रधान, २०६६: २१९-२६५) । प्रधानले यात्रा साहित्यलाई निबन्ध विधाकै एक अत्यन्त मनोरम र लोकप्रिय प्रस्तुतिका रूपमा रहेको बताएका छन् । नेपाली साहित्यमा यात्रामा आधारित भएर लेखिएका रचनालाई छुटै शीर्षकमा अध्ययन गर्ने कार्य भने पहिलो पटक नेपाली साहित्यको संक्षिप्त इतिहास (२०३४) मा भएको पाइन्छ । यात्रा वृत्तान्त स्थान विशेषको सांस्कृतिक रीतिरिवाज, इतिहास, प्राकृतिक सौन्दर्य, त्यहाँका मानिसका विचार र प्रवृत्ति स्थानीय इतिवृत्तको सजीव साहित्यिक चित्रण हो । उनले यात्रा साहित्यिक इतिहासको विकासक्रमलाई तीन चरणमा विभाजन गरेका छन् ।

क) प्रथम चरण (प्रारम्भिक काल) - (वि.सं. १९१० भन्दा अगाडि)

ख) दोस्रो चरण (विकासशील काल) - (वि.सं. १९१०-२००९)

ग) तेस्रो चरण (आधुनिक काल) - (वि.सं. २०१० - हालसम्म)

नेपाली यात्रा निबन्धको इतिहासलाई सजिलोका लागि तीन चरणमा विभाजन गरी अध्ययन गर्नु उपयुक्त देखिन्छ - (प्रधान, २०६६: २१९-३६५)

२.९.१ प्रारम्भिक वा पहिलो चरण (वि.सं. १५५०-१९१०)

नेपाली साहित्यको प्रारम्भिक चरणमा हालसम्मको खोज अनुसन्धानबाट प्राप्त एउटै ग्रन्थ राजा गगनीराजको यात्रा (१५५०-बेनामी) हो । यसै चरणका अन्य ग्रन्थमा अज्ञात् व्यक्तिद्वारा लिखित राजा गगनीराजकै अर्को यात्रा कृतिका साथै गजाधर पाध्याको बर्जीपत्र (वि.सं. १८३१-१८३२) अन्तर्गत काशीयात्रा प्रसङ्ग, जङ्बहादुरको बेलायत यात्रा (१९९० तिर) रहेका पाइन्छन् । राजा गगनीराजको यात्रालाई वि.सं. १५५० तिरकै कृति मानिएको छ । यस कृतिका लेखक गगनीराजका समकालीन करविर रावलले वि.सं ११५० सालमा लेखेको पुष्टि भइसकेको छ । सम्भवतः करविर रावल राजा गगनीराजको दरबारको कुनै कर्मचारी थिए र उनले राजाको यात्रा र भूमिदानका विषयमा अभिलेखका रूपमा प्रस्तुत पुस्तकका रचना गरेका थिए । वास्तवमा राजा गगनीराजको यात्राको प्रकाशनले तात्कालिक राजनैतिक परिवेशको मात्र नभई स्थान र घटनाको विवरण समेत उपलब्ध गराउनुका अतिरिक्त तात्कालीन भाषिक स्थितिलाई पनि स्पष्ट पारेको छ । यस चरणका कृति र कृतिकार अज्ञात् रहेको श्री ५ वडामहाराज पृथ्वीनारायण शाहको जीवनी (वि.सं. १८३१-१८३२) शीर्षकको ग्रन्थ बुद्धिसागर पराजुलीद्वारा संशोधित भई श्री ५ को सरकार वीर पुस्तकालयबाट वि.सं. २०२० सालमा प्रकाशित भएको छ । (पराजुली सम्पादक, २०२०: १-२१) यो कुनै स्वतन्त्र यात्रा साहित्यिक कृतिका रूपमा नभई श्री ५ पृथ्वीनारायण शाहको कोशीयात्रा प्रसङ्ग नेपाली यात्रा साहित्यको पृष्ठभूमिकालीन कृतिहरूको चर्चाका क्रममा यस कृतिलाई समेट्न आवश्यक ठानिएको छ । यसै चरणका लेखकहरूमा लप्टन लालसिं खत्री सुब्बा सिद्धिमान र सुब्बा शिवनरसिंलाई लिन सकिन्छ । (दीक्षित, २०१: १०५-१०६) ।

२.९.२ विकासशील वा दोस्रो चरण (वि.सं. १९१०-२००९)

वि.सं. १९१० लेखन समय मानिएको जङ्गबहादुरको बेलायत यात्राबाट नेपाली यात्रा साहित्यमा विकासशील वा दोस्रो चरण प्रारम्भ हुन्छ । र यो चरण वि.सं. २००९ सालसम्म स्थिर रहेको पाइन्छ । वस्तुपरक यात्रा वर्णनमै सीमित रहेको यो काल केही शिथिल हुन पुगेको देखिन्छ । जङ्बहादुरको बेलायत यात्रामा बेलायततिरका देश देशान्तरका सामाजिक चाल चलन, रीतिथिति, राजनीतिक प्रणाली, सामाजिक विन्यास र सङ्गठन, पुरुष तथा नारीका शील स्वभाव, दृष्टि स्थानका विशेषता, सामुदायिक र वैयक्तिक रस रङ्ग,

मनोविनोदका प्रकार आदिको सूक्ष्म निरीक्षणको अतिरिक्त अनेक खालका सूचना समाविष्ट गरिएको पाइन्छ ।

यसै चरणमा शेरसिंह राना (वि.सं. १८६७-१९४८) मेरो लन्डन राजतिलक यात्रा कृतिलिएर देखा परेका छन् । शेरसिंह रानाले नेपाली भाषामा भ्रमण साहित्यको अभाव देखेर नै यो कृति लेखेका हुन् । जङ्गबहादुरको बेलायत यात्रापछिको समुद्रपार यात्राको विवरण दिने दोस्रो पुस्तकका रूपमा यो कृति देखा परेको छ । उनी तथ्यलाई हार्दिकताको रङ्गमा रङ्गाएर प्रस्तुत गर्दछन् । उनले नेपाली यात्रा साहित्यमा निजात्मकतालाई प्रवेश गराउनुका साथै वर्णनमा कोरा तथ्यको दस्तावेजको सट्टा रोचकताको मिठास पस्किने काम गरेको पाइन्छ ।

शेरसिंह रानाको आगमनदेखि भवानी भिक्षुको आगमनपूर्वको समयमा शैलीगत, संरचनागत, प्रवृत्तिगत दृष्टिकोणले उल्लेखनीय कतिपय कृतिहरूको रचना भएको देखिन्छ । नेपाली साहित्यमा युगान्तकारी परिवर्तन ल्याउन शाारदा (१९९९) पत्रिकाले ठूलो भूमिका खेलेको पाइन्छ । शारदा पत्रिकाको प्रकाशन सँगसँगै कविता, कथा, निबन्ध विधाले पनि आधुनिक स्वरूप प्राप्त गर्ने मौका पायो । यसै गरी शारदा पत्रिकामा प्रकाशित भवानीको भिक्षुको यात्रा साहित्यिक कृति सिमलासम्म (१९९९) ले स्पष्ट रूपमा नयाँ युगको प्रवर्तन गरेका अवगत हुन्छ

चिरञ्जीवी शर्मा पौड्यालको आफ्नो कथा अन्तर्गत काश्मीर यात्रा-प्रसङ्गयात्रा कृति वि.सं. १९७४ सालमा मात्र प्रकाशित भएको पाइन्छ । यस पुस्तकमा सोही भ्रमणसँग सम्बन्धित प्रसङ्गहरूमा अतिरिक्त संस्मरणहरू पनि हुनाले यसको बेग्लै महत्त्व रहेको देखिन्छ । स्वदेशका विभिन्न ठाउँहरूका साथै विशेष गरेर भारतको काश्मीर यात्रा वर्णन आफ्नो कथा यात्रा वृत्तान्तमा पाउन सकिन्छ । नेपाली यात्रा साहित्यको इतिहासमा यस कृतिले अविस्मरणीय ठाउँ ओगटेको छ । गद्यमा लेखिएका नाताले र कल्पनाको साटो वास्तविकतालाई अङ्गालिएको नाताले आफ्नो कथाको बढ्ता महत्त्व छ । (पोखरेल, २०७०:२२६) ।

रणशूर लिम्बुद्वारा लिखित बर्माको सम्झना वि.सं. १९९६ सालमा लेखिई वि.सं. २०१८ सालमा जगदम्बा प्रकाशनबाट प्रकाशित भएको हो । यस कृतिमा लेखकद्वारा रचना काल उल्लेख नगरिए पनि भूमिकाकार प्रेमराज शर्मा पौडेल (१९६०-२०२८) ले बर्मामा

द्वितीय विश्वयुद्धताका दुःख र पीडाका कारूणिक अभिव्यक्ति दिएको कुरा व्यक्त गरेका छन् । साथै यस कृतिमा बर्माका नेपालीहरूको जनजीवन, रीतिथिति र संस्कृति, आपसी सौहार्द्रता आदिको राम्रो चित्रण गरेको पाइन्छ । (शर्मा, २०७०: भूमिका लेखन)

माथि उल्लेख गरिएका साहित्यकारहरूका अलावा यस कालमा अन्य साहित्यकारहरूले पनि बेजोड रूपले कलम चलाएका छन् । राममणि आ.दी. उनको यात्रा वृत्तान्त ज्यादै रोचक यथार्थको नजिक र महत्त्वपूर्ण देखा पर्दछ । यो कृति नेपाली यात्रा साहित्य सन्दर्भको महत्त्वपूर्ण उपलब्धिका रूपमा देखा परेको छ । भ्रमण वृत्तान्तको वर्णन धर्मितालाई उनले सहज रूपमा अङ्गीकार गरेका पाइन्छ । (नेपाल, २०६६:२२८)तीर्थावली (पतञ्जलि गजुर्‍याल, १९५९), चीन परिचय (लेखक अज्ञात, १९७४) र बद्री-केदार पथ प्रदर्शनी (श्री रत्न शर्मा, १९८०) । चीन परिचय छिमेकी राष्ट्र चीनको यात्राबारे लेखिएको पहिलो कृति हो । चीन अथवा तिब्बत नेपालको प्रमुख व्यापारिक नाका र व्यापार केन्द्रका रूपमा युगौंदेखि रहि आएको छ । गुरूप्रसाद मैनाली श्री ५ मुमा बडामहारानीका तीनधाम सवारीको दैनिक विवरण (वि.सं. १९८१ प्र. उन्नयन पूर्णाङ्क १५, वि.सं. २०१५ असोज-पुष), समः बर्दहामा सिकार (वि.सं. १९९१ शारदा, फागुन वर्ष १, अङ्क १), सुवर्णमानसिंह कटुवालः बराह क्षेत्र दर्शन (शारदा वर्ष ४ संख्या १३ वि.सं. १९९५ चैत्र) ।

यस चरणका निबन्धकारहरूले यात्रा निबन्धलाई नेपाली जनजीवनको नजिक त ल्याए नै, त्यसबाहेक चिन्तन भाषा र शैलीका दृष्टिले पनि यात्रा साहित्यलाई अझ अगाडि बढाएको देखिन्छ । यात्रा वृत्तान्त, तीर्थ यात्रा वृत्तान्त, संस्मरणात्मक कृति, मनोरञ्जनात्मक आदि जस्ता कृतिहरू यस चरणमा रहेका महत्त्वपूर्ण कृतिहरू हुन् ।

### २.९.३ तेस्रो चरण आधुनिककाल (वि.स. २०१०-हालसम्म)

नेपालमा प्रेसको आगमन पश्चात् करिब ६ दशकपछि विभिन्न व्याकरण ग्रन्थहरूको प्रकाशन भएको देखिन्छ । व्याकरणको प्रकाशनपछि नेपाली भाषाको स्वरूपमा दिनदिनै परिष्कार र परिमार्जित हुँदै गएको पाइन्छ । त्यसपछि नेपाली भाषा प्रकाशिनी समिति एवम् नेपाली भाषानुवाद् परिषद् जस्ता संस्थाहरूको स्थापना भएको देखिन्छ । भारत लगायत नेपालबाट पनि विभिन्न पत्रपत्रिकाहरूको प्रकाशन हुँदै गयो । वि.सं. १९९१ सालमा शारदा पत्रिकाको प्रकाशनसँगसँगै अन्य अप्रकाशित कृतिहरूले पनि प्रकाशन हुने अवसर प्राप्त गरे । यसरी अन्य आधुनिक विधाको लेखनसँगै आधुनिक नेपाली यात्रा साहित्यको पनि

उत्साहजनक विकास हुँदै गएको पाइन्छ । सत्यमोहन जोशी नेपाली लोक संस्कृतिका उन्नायक हुन् । नेपाली लोक संस्कृति प्रर्वधनमा हिँडेका प्रसङ्गलाई उनले नियात्रामा सँगालेका छन् । हाम्रो लोक संस्कृति (२०१३) उनको महत्त्वपूर्ण कृति हो ।

काठमाडौंबाट निस्कने प्रगति पत्रिकामा २०१० सालमा धाराबाहिक रूपमा प्रकाशित लैनसिंह वाङ्देलको युरोपको चिठी (२०१४) बाट नेपाली यात्रा साहित्यमा आधुनिक कालको प्रारम्भ भएको पाइन्छ । वास्तवमा सचेततापूर्वक नेपाली भाषामा लेखिएको पहिलो यात्रा वृत्तान्त बाङ्देलको युरोपको चिठी नै हो । यो कृति यात्रांस्मरण पुस्तककारूपमा वि.सं. २०१४ सालमा प्रकाशित भयो  वि.सं. २००७ सालको परिवर्तन पछि देखा परेका खुला र उदार वातावरणले सर्वसाधारण नेपालीहरू पनि निर्वाध रूपले भ्रमण गर्न सक्ने भएपछि यो क्षेत्र मौलाउनु स्वभाविक पनि थियो र वास्तवमा यो क्षेत्रले तदनुरूप नै मौलाउने सुअवसर पनि प्राप्त गऱ्यो । यात्रा निबन्धहरूमा निजात्मक अनुभूतिहरू रहेकैले उनलाई नेपाली यात्रा साहित्यमा आधुनिकता सुरु गर्ने व्यक्तित्वका रूपमा स्वीकार गरिएको हो । तर वास्तवमा नेपाली यात्रा साहित्यलाई विशिष्ट योगदान दिने व्यक्ति डा. तारानाथ शर्मा नै हुन् । उनका यात्रा साहित्यले नेपाली साहित्यलाई उच्चता प्रदान गर्नुका साथै यात्रा साहित्यलाई पाठकीय रुचिको केन्द्रबिन्दु बनाए । (प्रधान, २०६६:२३४)

वाङ्देलले सुरु गरेका आधुनिक यात्रा लेखनको क्रमलाई तारानाथ शर्मा केदारमणि आ.दी., देवीचन्द्र श्रेष्ठ, यादव खरेल, पूर्ण प्रकाश नेपाल 'यात्री' दामोदर पुडासैनी 'किशोर' श्री कृष्ण गौतम, पोष चापागाईं, भीष्म उप्रेती आदि जस्ता साहित्यकारहरूले निरन्तरता मात्र प्रदान गरेनन्, यसलाई निजात्मकता बस्तुगत सामर्थ्य र साहित्यिक उत्कृष्टता पनि प्रदान गरे । वाङ्देल सात यात्रा निबन्धको सङ्ग्रह युरोपको चिठी (२०१४) पत्रात्मक शैलीमा लेखिएको पहिलो यात्रा निबन्धमा जर्मनीः स्टुटगार्ड र म्युनिक अष्ट्रियाका साल्स बुर्ग, ग्राज, सेन्टमार्टिन आदि जस्ता विभिन्न साना ठूला सहरको भ्रमणको वर्णनसँगसँगै प्राकृतिक दृश्यहरू, त्यहाँका जनजीवन स्थानीय बासिन्दाबाट प्राप्त आत्मीयता र सौहार्द्रताको राम्रो चित्रण गरिएको छ ।

वि.सं. २००८ सालदेखि नै निबन्ध लेखनमा सक्रिय बनेका तारानाथ शर्माका स्वदेशी, विदेशी परिवेशमा रचिएका नमस्ते (२०१८), जमर्काहरू (२०१५), बेलायततिर बरालिँदा (२०२६), जीवनका छाल (२०३०), पातालप्रवास (२०४२), श्रद्धाका सुमन (२०४४),

आँसु छचल्किँदै जान्छ (२०५६) र नसुनिएका ध्वनि (२०६१) गरी सातवटा निबन्धात्मक कृतिहरू प्रकाशित छन् । शर्माको बेलायततिर बरालिँदामा राष्ट्र, राष्ट्रियता र जातिप्रतिको असीम माया र प्रेमको अभिव्यक्ति, बेलायतमा रहेका व्यक्तिहरूको व्यक्तित्व आनीबानी, व्यवहार कुराकानी कथाात्मकता, संवाद र चरित्र चित्रणलाई निबन्धमा प्रस्तुत गरिएको छ । शर्माका कृतिहरू, यात्रागत उद्‌देश्यको परिपूर्ति र वस्तु वर्णनमा मात्र केन्द्रित नभई पर्याप्त मात्रामा निजात्मक रागले समन्वित भएका देखिन्छन् । शर्माका कृतिमा समाजमा व्याप्त चाकरी प्रथा, दास मानसिकता, प्रशासनिक कुचक्र, पाश्चात्य संस्कृतिको अन्धानुकरण, रूढि र अन्धविश्वास, सांस्कृतिक मूल्य मान्यतामा आइरहेको क्रमिक ह्रास लगायतका विकृति र विसङ्गतिप्रति तीखो व्यङ्ग्य गर्दै यात्राका अनुभूतिलाई काव्यात्मक भाषामा तीव्रताका साथ प्रस्तुत गरिएको छ । (प्रधान, २०६६:२४३)

केदारमणि आ.दी. नेपाली साहित्यका यात्रा निबन्धका सर्वाधिक पुस्तकाकार कृति प्रकाशित गर्ने साहित्यकारका रूपमा अग्रपङ्क्तिमा आउँछन् । उनको पहिलो यात्रा निबन्ध कृति बेलायत जाँदा वि.सं. २०२२ मा प्रकाशित भएको थियो भने सबै भन्दा पछिल्लो कृति नारायणी-लुम्बिनी वि.सं. २०४७ मा प्रकाशित भएको थियो । उनका यात्रा निबन्धमा निजात्मक अनुभूति प्रस्तुतिको नौलोपन र शैलीगत रोचकताको भने अभाव खड्किरहेको भान हुन्छ । वास्तवमा आफूले घुमेका ठाउँहरूको भ्रमण गर्नु नै उनको यात्रा निबन्धको अभिष्ट रहेको देखिन्छ ।

देवीचन्द्र श्रेष्ठले आफूले भ्रमण गर्दाको अनुभव र अनुभूतिलाई यात्रा निबन्ध मार्फत् प्रस्तुत गरेर नेपालका कुनाकाप्चा यथार्थ र वास्तविकता आम पाठक समक्ष राखेको पाइन्छ । काठमाडौं बाहिर यात्रा संस्मरणमा उनले २०१७ सालदेखि २०२७ सालसम्म लेखिएका नौवटा यात्रा निबन्ध समावेश गरेका छन् । उनका यात्रा संस्मरणले नेपाली जनजीवन र जीवनशैली, भाषा र भेषभूषा, संस्कृति र सौन्दर्य प्रस्तुत गरेका छन् भने शैलीका दृष्टिले हेर्दा उनले ती विषयलाई आफ्ना अनुभूतिसँग एकाकार गर्ने कोसिस गरेको पाइन्छ ।

निर्मोही व्यासको नौ पाइला (२०४६), ठोरीको एल्बम (२०४८), झलझली आँखामा (२०५१) र सेरोफेरो सबै मेरो (२०६१ गरी चारवटा निबन्ध कृति प्रकाशित छन् । उनको यात्रा निबन्ध अत्यन्त भावुक, मानवीय संवेदनाले ओतप्रोत एवम् हार्दिक अनुभूतिहरूको

सहज प्रवाहले उनका निबन्धहरू जीवन्त बन्न पुगेका छन् । अभिव्यक्तिमा इमानदारी र काव्यात्मक भाषा उनको विशेषता हो ।

पूर्णप्रकाश नेपाल 'यात्री' लामो समयसम्म स्वदेशको पूर्वी भागदेखि पश्चिमी भागसम्मको लगभग स्वदेशका पचहत्तरै जिल्लाको भ्रमण गरेका छन् । उनको मेरो मुक्तिनाथ यात्रा (२०१६), सेतीको नालीबेली (२०३४), काशीपुरी परिदर्शन (२०३६), बदलिँदो घामछाँया (२०३७), नियात्राको नौलो सुसेली (२०३९), राराको सौराई (२०५६) र रूमाल (२०५७) जस्ता यात्रा निबन्ध कृतिहरू प्रकाशित छन् । यिनका निबन्धहरू केही आत्मपरक र केही वस्तुपरक शैलीमा लेखिएका छन् भने विषयवस्तुका दृष्टिले पनि कुनै इतिहाससँग, कुनै संस्कृतिसँग, कुनै लोकसाहित्यसँग, कुनै पर्यटनसँग, कुनै विकाससँग, र कुनै राजनीतिक परिचालनसँग सम्बन्धित रहेका छन् । स्थानीय भाषामा प्रयोग हुने शब्द र उखान -टुक्काहरूको प्रयोगका कारण उनका यात्रा निबन्धमा स्थानीय स्वाद पाउन सकिन्छ ।

साहित्यलाई जीवनको सिर्जनात्मक बिम्ब मान्ने साहित्यकार सुवेदीको मेरो यात्राः मेरै परिवेशभित्र (२०५४) नियात्रा सङ्ग्रह प्रकाशित भएको छ । उनले पूर्व मेचीदेखि पश्चिम डोटीसम्म विभिन्न उद्देश्यका लागि गरिएका यात्रा प्रसङ्गहरू यस नियात्रा सङ्ग्रहमा समेटेका छन् । उनका अन्य थुप्रै यात्रा निबन्धहरू पनि पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् र कतिपय नियात्रा कृतिहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।

रमेश विकलले पनि यात्रा निबन्धका क्षेत्रमा पनि ठूलो योगदान पुऱ्याएका छन् । उनको सिंगो यात्रा निबन्ध कृति सात सूर्यः एक फन्को (२०३४) र नीलगिरिको छायाँमा (२०५०) छापिएका छन् ।  विकलका कृतिमा उपकथा र संवादको समावेश, काव्यात्मक प्रस्तुति, मनोरम शैली र सरस एवम् सहज भाषाको प्रयोग पाइन्छ ।

भूपहरि पौडेलका यात्रा निबन्धहरूमा अतित-स्मृतिका झलक कुराकानीका प्रसङ्ग र कथानक बुनाइका कारण मिठासपूर्ण बन्न पुगेका छन् । उनी मुख्यतः आत्मपरक धाराका उल्लेख्य स्रष्टा हुन् । यात्रामा आउने हरेक हर्ष र विष्मात्का सन्दर्भहरू एवम् उत्साह र थकाइका क्षणहरूसँगै उनले यात्राका भूदृश्य र जनजीवनलाई पनि आफ्ना निबन्धहरूमा छायाङ्कन गरेका छन् । उनका थलैथलाका यात्रा निबन्ध २०४३ सालमा प्रकाशित भएको हो । नौवटा स्वतन्त्र कृतिहरूको सङ्ग्रहका रूपमा प्रस्तुत उक्त ग्रन्थमा नेपालको पूर्वी

भागका कतिपय ग्रामीण परिवेशको यात्राका वर्णन गरिएको छ । उक्त कृतिमा सरल, सरस एवम् सहज भाषा मात्र नभई भाषिक माधुर्य पनि रहेको देखिन्छ ।

मञ्जुलले विशेषतः प्रगतिवादी चेतनाबाट उत्प्रेरित एवम् अभिप्रेरित भई साङ्गीतिक यात्राक्रममा देखेका, भोगेका र अनुभव गरेका वस्तुस्थिति र परिवेशलाई लिएर यात्रा संस्मरणहरू अत्यन्त रोचक र यथार्थपरक पाराले प्रस्तुत गरेका छन् । उनका सम्झनाका पाइलाहरू (२०४४), जाने होइन त दाइ आलापोट ? (२०४७), जस्ता यात्रा साहित्यिक कृति प्रकाशित छन् । उनी स्वदेश यात्राको वर्णन गर्ने अनेक स्रष्टा मध्येका एक स्रष्टा हुन् । मञ्जुलका यात्रा निबन्ध लचकदार एवम् लाक्षणिक भाषा, आफूले मानि ल्याएको जीवन दर्शनले पुष्ट विचार सरल, सहज भाषाशैलीमा लिखित कृति रोचकता, कलात्मकता, स्वच्छन्दता, उन्मुक्तता आदि जस्ता गुणले झकिझकाउपूर्ण छन् ।

श्रीकृष्ण गौतमको तस्मात् चरेवेति (२०४५) र माल्दिभ्सको प्रेमकथा र अन्ययात्राहरू (२०६३) जस्ता यात्रा निबन्धकृतिहरू प्रकाशित भएका छन् । उनका स्वदेश भ्रमणसँग सम्बन्धित यात्रा निबन्धहरू नेपाली पहाडी जीवनको चित्रमय झाँकीका रूपमा देखिन्छन् । अल्छीका पाइलाका एक्काइस यात्रा निबन्ध वि.सं. २०२६ देखि २०३८ सालको अवधिद्वारा गरिएका यात्रा प्रसङ्गका दस्तावेज हुन् । यिनका यात्रा मार्ग एवम् यात्रा स्थलका प्राकृतिक दृश्यहरूको चित्रमय वर्णका साथै त्यहाँका जनजीवनका विविध पक्षहरू समेटिएका छन् ।

जय छाङ्छाले कङ्गारूको देशदेखि आइफल टावरसम्म (२०५२), चाँप फुल्ने पहाडतिर (२०५४), बादल रुँदाको जुरिच (२०५९) र बिब्ल्याँटो आकाशको धरातलतिर (२०६४) सार्वजनिक गरेका छन् ।

मुकुन्द शर्मा पौडेलले सरकारी सेवाका क्रममा विभिन्न उच्च पदमा रहँदा गरेको स्वदेश र विदेश भ्रमणलाई आफ्ना दुई यात्रा निबन्ध कृति यात्रा सेरोफेरो (२०५५) र यात्राका अनुभूतिहरू (२०५७ पाठक समक्ष सार्वजनिक गरेका छन् । यिनका कृतिमा नेपालका अत्यन्त दुर्गम स्थानहरू समेतको भ्रमणबाट तयार पारिएका केही सामग्रीले भने ती ठाउँहरूको भौगोलिक परिवेश, त्यहाँका जनताका पीडा, उनले भोग्नुपरेका समस्याहरूको सजीव चित्रण गरेका छन् । मुक्तिनाथ शर्माको काठमाडौंदेखि लन्डनसम्म (२०५७), बेलायत तिरका झझल्का (२०६२) र तीर्थाटन (२०६४) जस्ता यात्रा संस्मरण कृतिहरू प्रकाशित छन् । निबन्धकार बुलु मुकारूङले यात्रा निबन्ध लगायत अन्य विधामा पनि आफ्ना विचार र

अनुभूति स्पष्ट रूपमा राखेको पाइन्छ । उनी भाषालाई सिंगारपटार गर्दैनन् लेख्ने क्रममा जे आउँछ त्यही लेख्छन् । त्यसैले उनको भाषामा कृत्रिमता पाइँदैन । उनका अमेरिका जाने ? अमेरिका: कल्पना र वास्तविकता जस्ता यात्रा निबन्ध प्रकाशित भएका छन् ।

*पोष चापागाईंका पश्चिम अष्ट्रेलियाको यात्रा संस्मरण: सेरोफेरो पर्थको (२०५८), गोसाइँकुण्डदेखि चेन्नैसम्म (२०६०) र मौन चुल्ठो (२०६४)* यात्रा निबन्ध कृति प्रकाशित छन् । उनका सबै यात्रा निबन्ध कृतिमा वर्णात्मकताको आधिक्य र भाषा भने सरल सुबोध रहेको छ । प्रदीप नेपाल साहित्य र राजनीति दुवै क्षेत्रमा सक्रिय र समर्पित भए र लागेका एक जल्दा बल्दा स्रष्टा हुन् । उनको अमेरिकी बास: मातृभूमिको सम्झना वि.सं. २०६१ सालमा प्रकाशित भएको हो । उनको यात्रा निबन्ध भाषाशैली सरल, सहज र कतै-कतै काव्यात्मक पनि हुन पुगेको देखिन्छ । कृष्ण प्रधान साहित्यिक यात्राको उत्तरार्द्धमा यात्रा निबन्धका क्षेत्रमा देखा परेका छन् । पहिले कविता र समालोचनाका क्षेत्रमा मात्र उनले कलम चलाएका व्यक्तित्व हुन् । त्यसपछि वि.सं. २०६१ सालमा आएर उनले यात्रा निबन्ध कृति हनाईदेखि हो-चि-मिन्ह सिटीसम्म, साढे सातदेखि अढैयाको शनिसम्म (२०६३) प्रकाशित भएका छन् । उनका निबन्धहरूमा आफूले देखेको र भोगेको यथार्थ सरल र सोझो तरिकाले भनिदिनु नै यस कृतिहरूको विशेषता हो । उनको विचार र अनुभूतिसँग हाम्रा सामाजिक, राजनीतिक र प्रशासनिक विसङ्गतिहरू प्रति तीव्र आक्रोश पनि उनको यात्रा निबन्ध कृतिमा भेट्टाउन सकिन्छ ।

जीवनाथ धमलाले कविता र जीवनी अन्तर्गत यात्रा निबन्धका क्षेत्रमा पनि निरन्तर कलम चलाएका छन् । विभिन्न पत्र-पत्रिका, तालिम, गोष्ठीमा प्रकाशित यात्रा निबन्धको सङ्ग्रहित रूप बर्लिनका झझल्काहरू (२०६२) प्रकाशित भएको पाइन्छ । यिनका यात्रा निबन्धमा विशेषत: सांस्कृतिक, पुरातात्विक एवम् प्राकृतिक महत्त्वका स्थलहरूको भ्रमण गर्दाका लेखकका अनुभवहरूका साथै ती स्थलबारे पनि प्रशस्त सूचना पाइन्छ । उनका कृतिमा भाषा सरल र सुबोध रहेको पाइन्छ । गोपीकृष्ण शर्मा समालोचनात्मक रचनामा बढी रमाउने लेखक हुन् । तथापि सेवा निवृत्तिपछि उनी करिब चार महिना अमेरिका बसेर त्यही बसाइलाई लिपिबद्ध गरेर उनले मेरो अमेरिका यात्रा (२०६३) प्रकाशित गरेका र आफूलाई एक सक्षम यात्रा निबन्धकारका रूपमा प्रस्तुत गरे । उनको यात्रा निबन्धमा

निजात्मक अनुभव र अनुभूतिको काव्यात्मक एवम् रोचक प्रस्तुतिको साटो वर्णन र विवरणको आधिक्य पाउन सकिन्छ ।

ध्रुवचन्द्र गौतमको मुख्यतः आख्यानको क्षेत्रमा प्रतिभा र योगदान अद्वितीय रहेका छ । उनी आफ्नो लेखन यात्राको उत्तरार्द्धमा मात्र यात्रा निबन्धका क्षेत्रमा देखा परेका छन् । गौतमले वि.सं. २०६३ सालमा आएर जापान भ्रमणसँग सम्बन्धित यात्रा संस्मरणात्मक कृति घडीहरूको देशमा समय खोज्दै र जर्मनी भ्रमणमा केन्द्रित जर्मनीः नयाँ आँगनमा पाइला टेक्दा जस्ता कृति प्रकाशित भएका छन् ।

यात्रा निबन्धकार इशान गौतमका यात्रा निबन्धहरूमा अनुभूति र अनुभव र कवितात्मकताका साथ प्रस्तुत भएको पाइन्छ । उनको मायालु बतास अनि रङ्गहरू (२०६५) ले उनलाई यात्रा निबन्ध विधामा स्थापित गरायो । कृष्ण प्रसाई अनुभूतिका छालहरू (२०६५) नियात्रा कृति लिएर नेपाली साहित्यमा प्रवेश गरेका हुन् । उनका नियात्राहरूको भाषा एकातिर सरल र सरस छ भने अर्कातिर त्यो स्वाभाविक गतिमा बगेको देखिन्छ ।

गोविन्दराज भट्टराईको मिर्मिरेमा दश पाइला (२०७०) यात्रा निबन्ध कृति प्रकाशित भएको छ । प्लट, कथा, पात्र, बेगर वर्णन र विचारको धागो तान्दै आउने लम्बाइले उनका निबन्धको आकार तय गर्ने गर्छ । उनका निवन्धमा यात्रा र त्यसबाट उत्पन्न अनुभूति र समयचित्र सीमित रहेको पाइन्छ । बहुमुखी प्रतिभाका धनी दामोदर पुडासैनी "किशोर" कविताको क्षेत्रमा चार दशक लामो साधनापछि नेपाली नियात्राका क्षेत्रमा उदाएका स्रष्टा हुन् । उनको यात्राका प्रेमिल तरङ्हरू (२०६५), नमेटिएका चित्रहरू (२०७०), मायालु हुम्ला (२०७१), सिमानाका रङ्ग सिमानाका तरङ्ग (२०७२) र पर्खालभित्रको राजधानी (२०७३) नियात्राकृति प्रकाशित छन् । महालेखा परीक्षकको कार्यालयमा नयाब महालेखा परीक्षक (सह-सचिव) पदमा कार्यरत "किशोर" विभिन्न देशमा भएका राजदूतावासको निरीक्षणमा जाँदाको अवस्थामा, विभिन्न गोष्ठी, सभा, सम्मेलनमा भाग लिन विदेश जाँदा र साहित्यिक तथा पारिवारिक भ्रमणको समयको सक्दो सदुपयोग गरेर विश्वका विभिन्न देशका महत्त्वपूर्ण स्थलहरू र सबै देशका कुना-काप्चाहरूको भ्रमण गर्दछन् । उनले अमेरिका, रुस, फ्रान्स, बेलायत, जर्मनी, स्वीटजरल्याण्ड, नेदरल्याण्डस, इजिप्ट, पाकिस्तान, संयुक्त अरव इमिरेट्स, कतार, साउदी अरेविया, भारत, श्रीलङ्का, थाइल्याण्ड, म्यान्मार, चीन,

बङ्गलादेश, ओमान, सिङगापुर, मलेशिया, जापान, बेल्जियम, अष्ट्रिया, जोर्डन, नर्वे जस्ता देशहरूको भ्रमण गरी ती सबैको नियात्राहरू सिर्जना गरेका छन् । उनी ती भ्रमण सन्दर्भका अनुभव र अनुभूतिलाई निजात्मक रङ्गसहित आफ्ना यात्रा निबन्धमा प्रस्तुत गर्छन् । वास्तवमा निजात्मकता र काव्यात्मकताले उनका यात्रा निबन्धलाई साहित्यिक मूल्यको उच्चतामा पुऱ्याएका छन् । उनका निबन्धहरू अत्यन्त निजात्मकता, तथ्यात्मकता, स्थानीयता, चित्रात्मकता, कल्पनाप्रवणता, सुरुचिपूर्ण, आलङ्कारिक, सूक्तिमय, शिल्प, सौन्दर्य जस्ता विशेषताहरू पनि उनका निबन्धहरूमा पाउन सकिन्छ । उनका कविता संङ्ग्रहहरूले नियात्रा काव्यको मूल्य र मान्यतालाई प्रयोगात्मक ढङ्गले अघि बढाइरहेका छन् ।

माथि उल्लेख भए बाहेक फुटकर यात्रा निबन्ध लेख्नेहरूमा डा. सत्यमोहन जोशी, घनश्याम राज कर्णिकार, तेज प्रकाश श्रेष्ठ, कलाधर काफ्ले, युवराज नयाँघरे, रामप्रसाद पन्त, भीष्म उप्रेती, आदि जस्ता थुप्रै लेखकहरू रहेका छन् । वास्तवमा यस तेस्रो चरणमा यात्रा निबन्ध अत्यन्त उर्वर र देखिएको पाइन्छ र यस क्षेत्रमा सबैजसो पुस्ताको संलग्नता देखिएको छ । अनुवाद रूपान्तरणबाट प्रारम्भ भएको लेखन परम्परामा पछिल्लो चरणमा आएर यात्रा साहित्यिक कृतिप्रति लेखकहरूको ध्यान केन्द्रित हुँदै गइरहेको देखिन्छ । त्यसैले परिणाम स्वरूप भिन्न-भिन्न प्रवृत्तिलाई आत्मसात् गरी नव-नवशैलीमा लेखिएका यात्रा निबन्धहरू पनि यस चरणमा प्रकाशित भएका देखिन्छन् । साथै प्रत्येक पत्र-पत्रिकाले यात्रा निबन्धलाई स्थान दिन थालेका देखिन्छन् र पाठकहरूको पनि यस विधातर्फ अत्यधिक रुचि बढेको देखिन्छ ।

## २.१० निष्कर्ष :

नियात्रा साहित्य विश्व साहित्यकै एउटा महत्त्वपूर्ण लेखन हो । यात्रा अनुभव र यात्रा विवरणकै कारण मानिसले पृथ्वीको भूगोललाई जोड्न सफल भएको छ । वस्तुत : नियात्रा साहित्य पूर्वमा रामायण, महाभारत जस्ता आर्ष महाकाव्यबाट सुरुवात भएको मानिन्छ भने पश्चिममा दोश्रो शताब्दीमा पाउसानियस (Pausanks) ले आफ्नो ग्रीसको यात्रालाई डिस्क्रिप्सन अफ ग्रीस (Disciption of Grecce) नामक यात्रा वृतान्तमा समिटेको पाइन्छ । यसरी नियात्राको ऐतिहासिक पृष्ठभूमि अनन्त फराकिलो हुँदै आधुनिक समयमा पृथक विधा र पृथक स्वादमा नियात्रा साहित्यको विकास भएको पाइन्छ ।

नेपाली साहित्यमा राजा गगनीराजको यात्रा (१५५०) लाई पृष्ठभूमिमा राखेर जङ्गबहादुरको बेलायत यात्रा (१९११) लेखन काल र २०१४ प्रकाशन काल) बाट आरम्भ भएको मानिन्छ । नियात्राको संरचना स्वरूपबारे विभिन्न विद्वान्हरूको भिन्न-भिन्न मत छन् । वास्तवमा नियात्रा साहित्य निबन्ध विधाको एक साहित्यिक विधाका रूपमा स्वीकार गर्दै आइरहेको छ यात्रा साहित्यको विधागत पृष्ठभूमि पश्चिम नै हो । गद्य शैलीमा लेखिने आत्मपरक निबन्धभित्रकै यात्रामा आधारित अनुभूति र दृष्टिकोण सहितको विचारको प्रवाह नै नियात्रा हो । नेपाली साहित्यमा वि.सं. १९७० देखि १९९८ लाई मानेर नेपाली नियात्राको आधुनिक काल १९९९ देखि हाल सम्मको समयलाई विद्वान्वर्गबाट मान्दै आइरहेको यथार्थ छ । नियात्रा साहित्यमा विविध तत्त्वविधान हुनुपर्ने र सो तत्त्वहरूमा १. गतिशीलता २. स्थानीयता ३. तथ्यात्मकता प्रथम तत्त्वका रूपमा रहने र द्वितीय तत्त्वका रूपमा १. निजात्मकता २. आत्मीयता ३. कल्पनाप्रवणता ४. चित्रात्मकता ५. अनुभूतिमयता ६. चिन्तन ७. स्वच्छन्दता ८. रसात्मकता ९. रोचकता १०. कौतुहल आदिका साथै यी तत्त्वका अतिरिक्त आख्यानमूलक विधाहरूमा पाइने आख्यानात्मक पात्र, अवधि, समय परिस्थिति र वातावरण उद्देश्य भाषाशैली आदि पनि यात्रा साहित्यका तत्त्वका रूपमा रहेका छन् ।

यात्रा साहित्यको वर्गीकरणका बारेमा पनि विभिन्न विद्वान्हरूका फरक फरक अभिमत पाइएको छ । उद्देश्यको दृष्टिले, शैलीको दृष्टिले, शिल्पका दृष्टिले, विषयगत दृष्टिले प्रस्तुति शैलीका दृष्टिले नियात्रा साहित्यलाई विभाजन गरेको अवस्था छ भने अर्को तर्फ विषयका आधारमा भौगोलिक ऐतिहासिक, सांस्कृतिक, धार्मिक, शैक्षिक, साहित्यिक साहसिक आदिको आधार छुट्याएको पाइन्छ । यस्तै उद्देश्यका आधारमा, आयतनका आधारमा, शैलीशिल्पका आधारमा नियात्रालाई वर्गीकरण गरिएको देखिन्छ ।

वस्तुत : लैनसिंह वाङ्देलले सुरु गरेको आधुनिक यात्रा लेखनको क्रमलाई शर्मा केदारमणि आ.दी.देवीचन्द्र श्रेष्ठ, यादव खरेल, पूर्ण प्रकाश नेपाल यात्री, श्रीकृष्ण गौतम पोष चापागाईं, घनश्याम राज कर्णिकार आदि जस्ता साहित्यकारहरूले निरन्तरता मात्र प्रदान गरेनन् यसलाई निजात्मकता वस्तुगत सामर्थ्य र साहित्यिक उत्कृष्टता पनि प्रदान गरे ।

नियात्राकार दामोदर पुडासैनी "किशोर" आधुनिक नियात्राको विकासमा एक ससक्त नियात्राकार हुन् । वि.सं. २०६५ मा यात्राका प्रेमिल तरङ्गहरू लिएर नियात्रा क्षेत्रमा

उपस्थित भई उनले मायालु हुम्ला, नमेटिएका चित्रहरु, पर्खालभित्रको राजधानी र सिमानाका रङ्ग सिमानाका तरङ्ग जस्ता उत्कृष्ट नियात्रा सङ्ग्रह प्रकाशन गर्न सफल भएका छन् । बेजोड शैली, पृथक स्वाद र बिम्ब अलङ्कारबाट सु-सज्जित यी कृतिहरु अब्बल दर्जाका छन् ।

# परिच्छेद तीन

## दामोदर पुडासैनी 'किशोर'को जीवनी व्यक्तित्व र कृतित्व

३.१.दामोदर पुडासैनी 'किशोर'को जीवनी

### ३.१.१ जन्म, जन्म स्थान र पृष्ठभूमि

पुडासैनीहरू नेपालका विभिन्न ठाउँहरूमा छरिएर रहेका छन् । यसरी उनीहरू देशका विभिन्न ठाउँहरूमा छरिएर रहेतापनि उनीहरूको पुर्ख्यौली मूल थलो भने नुवाकोट जिल्लाको झिल्टुङलाई मानिएको छ । तर कतिपयले पुडासैनीहरूको मूल थलो अछाम जिल्लाको पुडासेन गाउँ हो पनि भनेका छन् । नुवाकोट जिल्लाको झिल्टुङमा रहेका पुडासैनीहरू मध्येबाट नुवाकोट जिल्लाको झ्याङ्ली गा.वि.स.मा बसाइँ सरेको पुडासैनीहरूको एक परिवार हालको नागार्जुन स्थित ठूला गाउँमा बसोबास गर्दै काठमाडौं जिल्लाको पाँचमानेमा आई बसोबास गर्न थाले ।

हरिचरण पुडासैनीका चार छोराहरू कालान्तरमा काठमाडौं जिल्लाको जितपुर फेदी गाउँमा स्थायी बसोबास गर्न थाले । यिनै हरिचरण पुडासैनीका माहिला छोरा हरिप्रसाद पुडासैनी र बुहारी तुलसा पुडासैनीका कोखबाट वि.सं. २०१९ साल जेठ १८ गते बिहीवार बागमती अञ्चल, काठमाडौं जिल्ला अन्तर्गत पर्ने जीतपुर फेदी गा.वि.स. वडा नं. २ गैरी गाउँमा खस ब्राह्मण परिवारमा कान्छो छोराका रूपमा दामोदर पुडासैनीको जन्म भएको हो ।

दामोदर पुडासैनीको न्वारानको नाम लेखनाथ पुडासैनी हो । ७ वर्षको कलिलै उमेरमा साहित्य सिर्जनामा लागेपछि दाजु घनश्याम पुडासैनीले "किशोर" उपनाम राखिदिएका हुन् । पछि दामोदर पुडासैनी साहित्यका क्षेत्रमा यही "किशोर" उपनामले चिरपरिचित बन्न पुगेका हुन् । दामोदर पुडासैनी "किशोर" पुडासैनी पुस्ताका पाँचौं पुस्ताका कान्छो छोराका रूपमा पर्दछन् ।(शर्मा,२०६५ :११)

### ३.१.२ मातापिता र बाल्यावस्था

पिता हरिप्रसाद पुडासैनी र माता तुलसा पुडासैनीको कोखबाट साहित्यकार दामोदर पुडासैनी "किशोर"को जन्म भएको हो । यिनका पिता हरिप्रसाद पुडासैनीका दुई पत्नी

थिए । दामोदर पुडासैनी चाहिं जेठी पत्नी तुलसादेवी तर्फका सन्तान हुन् । हरिप्रसाद पुडासैनीका दुई  पत्नीहरूबाट आठ सन्तान जन्मेका थिए । यही ठूलो परिवार भएकाले परिवारमा अनमेल, झै-झगडा र अनेकौं समस्याहरू पनि आइरहन्थे । तर यस्तो वातावरणमा पनि उनका पिता हरिप्रसाद पुडासैनी अध्ययनशील, परिश्रमी, सत्सङ्ग गर्ने र सत्कार्यमा निरन्तर लागिरहेकाले आफ्ना पिताको असल चरित्रको छाप उनमा पनि पर्न गयो । फलस्वरूप उनी सानैदेखि लजालु, एकान्तप्रिय, मिलनसार, सहयोगी, प्रकृतिप्रेमी, लगनशील, परिश्रमी व्यक्तिका रूपमा चिनिन्छन् ।

### ३.१.३ दाजुभाइ र दिदीबहिनी

दामोदर पुडासैनी पिता हरिप्रसाद पुडासैनीका दुई पत्नी मध्ये जेठी पत्नी तुलसा पुडासैनीका कान्छा सुपुत्रको रूपमा जन्मिएका हुन् । उनका चार दिदीहरू साबित्री, हरिमाया, रमा र कमला छन् भने एक बहिनी अम्बिका छिन् । कान्छी आमा चन्द्र कुमारीका तर्फबाट जन्मेका जेठा दाइ रामहरि पहिले नै परलोक भएकोमा दुई दाइहरू घनश्याम र श्रीहरि आ-आफ्नो पेशामा कार्यरत छन् । (शर्मा, २०६५:१२)

### ३.१.४ शिक्षा-दीक्षा

दामोदर पुडासैनीका पिता हरिप्रसाद पुडासैनी साहित्य, शिक्षा र कलामा सौखिन थिए । यसैले आफू सबैभन्दा कान्छो सुपुत्र भएको कारणले उनको प्रारम्भिक शिक्षा पिता तथा दाजु, दिदीहरूको समीपबाट घरबाट नै प्रारम्भ भएको थियो । त्यसपछिको औपचारिक अध्ययन भने खड्वालकोट प्राथमिक विद्यालय फेदी बजारमा एकैपटक कक्षा तीनबाट सुरुवात भयो । एकैपटक औपचारिक रूपमा कक्षा तीनमा भर्ना भए पनि पढाइ तीक्ष्ण भएका कारण सोही साल प्रथम स्थान हाँसिल गरेका थिए ।

उनले औपचारिक अध्ययनका क्रममा कक्षा दससम्म नै क्रमशः प्रथम द्वितीय स्थान हाँसिल गर्दै आफ्नो अध्ययनलाई निरन्तर रूपमा अगाडि बढाएका थिए । कक्षा पाँचसम्म खड्वालकोट प्राथमिक विद्यालय फेदी बजारमा अध्ययन गरेपछि माध्यमिक शिक्षा हाँसिल गर्नको लागि उनी ग्रामसेवा माध्यमिक विद्यालय धर्मस्थली, काठमाडौंमा भर्ना भए । यसरी अत्यन्त परिश्रमी, मेहनती, लगनशील र सबै गुरुका प्यारा विद्यार्थी पुडासैनीले सोही विद्यालयबाट वि.सं. २०३६ सालमा दोस्रो श्रेणीमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेको देखिन्छ ।

ग्रामसेवा माध्यमिक विद्यालय धर्मस्थलीबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि उनले आफ्नो अध्ययन र सरकारी सेवालाई समान रूपमा अगाडि बढाउने उद्देश्यले वि.सं. २०३६ सालमा प्रवीणता प्रमाणपत्र तह व्यवस्थापन सङ्कायमा सरस्वती बहुमुखी क्याम्पस लेखनाथ मार्ग लैनचौरमा भर्ना भई आफ्नो अध्ययनलाई निरन्तर रूपमा अगाडि बढाउँदै गए । वि.सं. २०३६ साल असोज महिनादेखि उनले नेपाल सरकारको शिक्षा मन्त्रालयमा सह लेखापाल अस्थायी पदबाट सरकारी सेवामा प्रवेश हुने सुअवसर पनि प्राप्त गरे । बिहान क्याम्पस धाउनु र दिउँसो कार्यालयमा व्यस्त भएरपनि पुडासैनीले आफ्नो पढाइ र जागिरलाई एकैसाथ अगाडि बढाउँदै लैजाने क्रममा वि.सं. २०३८ सालमा लोकसेवा आयोगद्वारा लिइएको खरिदार पदको परीक्षा उत्तीर्ण गरेका देखिन्छ । जीवनमा सङ्घर्ष गर्दै सरकारी जागिर र अध्ययन दुवैलाई अघि बढाउने क्रममा उनले व्यवस्थापन सङ्कायमा एम.बी.ए र एम.पी.ए. गरी दुईवटा विषयमा स्नातकोत्तरमा डिग्री हाँसिल गरेका छन् । हाल उनी नेपाल संस्कृत विश्वविद्यालयबाट प्राचीन तथा अर्वाचीन परिवेशमा सरकारी लेखापरीक्षण विषयक बिद्यावारिधी (पि.एच.डी) को लागि शोधरत छन् ।

### ३.१.५ उपनयन र विवाह

दामोदर पुडासैनी “किशोर”को उपनयन घर परिवारबाट जीतपुर फेदीस्थित तारकेश्वरको मन्दिरमा भएको थियो । उनको उपनयन उनका काकाको छोरा केशव पुडासैनीसँग सुसम्पन्न भएको थियो ।

उनको विवाह वि.सं. २०४१ साल फागुन २५ गते चितवन जिल्ला भरतपुर नगरपालिका वडा नं. ११ निवासी शशिधर ढकाल र कुस्मी ढकालकी छैटौं सुपुत्री पार्वती ढकालसँग हिन्दु धर्मको परम्परागत वैदिक विधि अनुसार सुसम्पन्न भएको थियो । हाल उनका एक छोरा प्रवेश पुडासैनी र एक छोरी प्रसुन पुडासैनी गरी दुई सन्तान रहेका छन् । छोरा अमेरिकामै अध्ययन सम्पन्न गरी प्रतिष्ठित कम्पनी ह्यालुयाट प्याकार्ड (एच.पी.) मा ब्युजिनेस प्लानिङ मेनेजरको रूपमा कार्यरत छन् । बुहारी सुरुची पनि क्रिष्ट नामको कम्पनीमा कार्यरत छन् । छोरी प्रसुनले भने एम.बी.बी.एस. अध्ययन सम्पन्न गरिसकेकी छिन् ।

### ३.१.६ पेशा

दामोदर पुडासैनी ''किशोर''का दुई जना दाजुहरू सरकारी सेवामा आवद्ध रहेकोमा हालै सेवा निवृत्त भैसकेका छन् । दामोदरलाई विद्यालयमा अध्ययन गर्दादेखि नै निस्वार्थ भावनाले निरन्तर रूपमा देश र जनताको सेवा गर्ने उत्कृष्ट अभिलाषा थियो । सोही अनुरूप दिनरात लगनशील एवम् कडा परिश्रम गरेका नतिजाका कारण हाल नेपाल सरकारको सह सचिव जस्तो उच्च ओहोदा (महालेखा परीक्षकको कार्यालय, बबरमहलमा नायब महालेखा परीक्षक पद) मा कार्यरत छन् ।

जागिर सँगसँगै अध्ययनलाई पनि निरन्तर अगाडि बढाइरहेका ''किशोर'' स्वदेश तथा विदेशमा सेवा प्रवेश तालिम, सेवाकालीन तालिम र विषयगत तालिमहरूमा सहभागी रहेको पाइन्छ । उनी आफू एउटा सफल र दक्ष प्रशिक्षकको कार्यमा  रहेका देखिन्छन् । डेनिस-सरकारद्वारा स्थानीय विकास प्रशिक्षण केन्द्रबाट सञ्चालित र प्रशिक्षण तालिममा उत्तम प्रशिक्षकको उपाधि हात पार्न पनि सफल पुडासैनीले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, एशियन इन्स्टिच्युट अफ टेक्नोलोजी थाइल्याण्ड, बोर्ड अफ अडिट जापान, पाकिस्तान अडिट अफिस, नर्वेजियन सर्वोच्च लेखापरीक्षण संस्था र अन्य विभिन्न संस्थाहरूबाट वर्कशप, गोष्ठी, तालिम अनेकौं प्रशिक्षण लिने र देशका विभिन्न संस्थामा प्रशिक्षक र कार्यपत्र प्रस्तोताको रूपमा आफ्नो व्यक्तित्व झल्काइ रहेका छन् ।

### ३.१.७ भ्रमण

दामोदर पुडासैनी ''किशोर'' को स्वभाव बाल्यकालदेखि नै अत्यन्त भ्रमणप्रिय रहेको थियो । क्याम्पसमा अध्ययन गर्दा गर्दै पनि वि.सं २०३९ साल कार्तिक महिनामा सार्थीहरूसँग नेपालको लुम्बिनी देखि पूर्वका सबै अञ्चलहरू र भारतका दार्जीलिङ, खर्साङ, कालिम्पोङ, सिलगुढी जस्ता ठाउँहरूको भ्रमण गरेबाट उनलाई भ्रमणप्रति अझ उत्साहित बनाएको कुरा उनले आफैले बताएका छन् ।

भ्रमण गर्ने अवसर सायद थोरै मान्छेहरूको भाग्यमा मात्र पर्दछ । साहित्यकार ''किशोर'' त्यस्ता भाग्यमानीहरूमध्ये एक भाग्यमानी र सफल भ्रमणकर्ता हुन् भन्ने कुरा उनले गरेका स्वदेश तथा विदेश भ्रमणहरूबाट नै थाहा पाउन सकिन्छ । वि.सं. २०३६ सालदेखि हालसम्म निरन्तर रूपमा सरकारी सेवामा संलग्न रहेकाले उनले सरकारी

कायमकाजको सिलसिलामा नेपाल अधिराज्यका ७३ वटा जिल्लाहरूका साथै विदेशी अमेरिका, बेलायत, रूस, जापान, थाइल्याण्ड, फ्रान्स, जर्मनी, स्वीटजरल्यान्ड, बेल्जियम, नेदरल्याण्डस, अष्ट्रिया, इजिप्ट, जोर्डन, कतार, युनाइटेड अरब इमिरेट्स, पाकिस्तान, श्रीलङ्का, म्यान्मार, चीन, साउदी अरेबिया, बङ्लादेश र भारत सिङगापुर, ओमान, मलेशिया नर्वे जस्ता मुलुकहरूको भ्रमण पूरा गरिसकेका छन् (आचार्य, २०६८:४२) ।

### ३.१.८ बसोबास दिनचर्या

साहित्यकार दामोदर पुडासैनी "किशोर" काठमाडौं जिल्लाको जितपुर फेदीमा जन्मिएकाले उनको बाल्यकाल पनि त्यहीँ नै बित्यो । उनले ग्राम सेवा माध्यमिक विद्यालय, धर्मस्थली काठमाडौबाट वि.सं. २०३६ सालमा दोस्रो श्रेणीमा प्रवेशिका परीक्षा उत्तीर्ण गरे पश्चात् कहिले जितपुर फेदी गाउँ कहिले काठमाडौं सहर बसोबास गरेका पुडासैनी वि.सं. २०४६ सालदेखि भने ग्वङ्गबु नयाँ बसपार्कमा बसोबास गर्न थालेका हुन् ।

सरकारी सेवामा दत्तचित्त भइ लाग्नु, निरन्तर रूपमा साहित्य सिर्जनामा तल्लीन हुनु, विभिन्न साहित्यिक तथा सामाजिक सङ्घ संस्थाहरूमा आवद्ध सक्रिय रूपमा सहभागिता जनाउनु जस्ता कार्यहरू साहित्यकार "किशोर"को जीवनको दैनिकी दिनचर्या नै बनेका छन् (आचार्य, २०६९:४२) ।

### ३.१.९ रुचि र स्वभाव

बाल्यकालदेखि नै एकान्तप्रेमी, अध्ययनशील, मिलानसार, इमानदारी, लजालु स्वभाव भएका साहित्यकार दामोदर पुडासैनी 'किशोर' कक्षा सातमा पढ्दादेखि नै कविता तथा लेखरचना सिर्जना गर्ने कार्यमा संलग्न रहिआएको पाइन्छ । साहित्य सिर्जना गर्नु, स्वदेशी तथा विदेशी साहित्यकारहरूका कृतिहरू अध्ययन मनन गर्नु, साहित्यका बारेमा समकालीन साहित्यकारहरूसँग चर्चा गर्नु, विभिन्न साहित्यिक समालोचनाहरूमा सहभागी हुनु, आदि 'किशोर' का रुचिका क्षेत्रहरू हुन् ।

सानै उमेरदेखि नै अध्ययनमा लगाव भएका उनी 'सादा जीवन उच्च विचार' बोकेका निष्ठावान् व्यक्ति हुन् । धुम्रपान, मध्यपान जस्ता नराम्रा तथा खराब बानीबाट आफू सधैं टाढा रहेको कुरा उनी बताउँछन् । 'किशोर' शाकाहारी खाना खान मन पराउँछन् । सरल सन्तुलित आहारप्रति उनको सदैव रुचि रहेको देखिन्छ ।

साहित्यकारहरू तन मन दुवैमा सफा सुघ्घरी हुनुपर्छ । साहित्यले मानिसका अर्न्तमनमा रहेका भावनालाई पाठकसँग खुलारूपमा पोख्नुपर्छ भन्ने उनको स्वच्छन्दतावादी विचारधारा रहेको पाइन्छ । उनको लर्ड बायरन, सेली, टाल्सटाय, गोर्की अरून्धती राय, ओर्हान पामुक, भूपि शेरचन, महाकवि लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम जस्ता पाश्चात्य भारतीय र नेपाली साहित्यकारहरूका साहित्यिक रचना अत्यन्त मन्त्र मुग्ध भएर अध्ययन गर्ने आफ्नै निजी स्वभाव रहेको देखिन्छ । (आचार्य, २०६८४३)

ग्रामीण परिवेशका दुःख, सुखलाई मुख्य विषयवस्तु बनाएर साहित्य सिर्जना गर्ने, नाचगान गर्ने, सांस्कृतिक क्रियाकलापमा सहभागी हुने, कहिलेकाही साथी-भाइहरूसँग मिलेर हाँसोठट्टा गर्ने, आपत् विपत्मा परेकाहरूलाई निस्वार्थ भावनाले सहयोग गर्ने आदि उनका रुचिका विषयरहेका छन् ।

### ३.१.१० साहित्य लेखनमा प्रेरणा र प्रभाव

साहित्यकार दामोदर पुडासैनीका पिता धेरै भाषाका ज्ञाता थिए । यसैकारणले आफ्ना सन्ततिहरूपनि आफू जस्तै निरन्तर रूपमा साहित्य सिर्जना कलामा दत्तचित्त भई लागून् भन्ने ठूलो ध्येय थियो । पिता हरिप्रसाद पुडासैनी आफूले सिर्जना गरेका सिर्जनाहरू घरमा सुनाउने गर्थे । सानै उमेरदेखि साहित्यिक वातावरणमा घुलमिल हुने मौका पाएका ‘‘किशोर’’ पिताजी तथा दाजुहरू घनश्याम पुडासैनी र श्रीहरि पुडासैनीको साहित्यिक प्रेरणाले निरन्तर रूपमा साहित्य सिर्जना गर्न प्रेरित भए ।

### ३.१.११ लेखन आरम्भ र सिर्जना कर्म

साहित्यकार दामोदर पुडासैनी ‘‘किशोर’’ले सात बर्षको कलिलो उमेरदेखि नै वसन्त (२०२६ तिर) शीर्षकको कविता लेखेर आफ्नो सिर्जना लेखन प्रारम्भ गरेका हुन् । उनले वि.सं. २०३४ सालमा जनजागृति पत्रिकामा सहिद शीर्षकको कविता प्रकाशित गर्ने मौका पाए । उनको प्रथम प्रकाशित सहिद कविताबाट नै उनी नेपाली साहित्यका क्षेत्रमा पाठक समक्ष चिरपरिचित बन्न पुगेका छन् ।

रेडियो नेपालबाट प्रसारण हुने नेपालको ग्रामीण कार्यक्रम, साहित्य संसार, युवा कार्यक्रम, महिला कार्यक्रम, विदेशमा बस्ने नेपालीहरूका लागि कार्यक्रम, रेडियो मस्को, विभिन्न पत्रपत्रिका, विभिन्न टेलिभिजन च्यानलहरू आदिमा उनका कविता, गीत, कथा,

निबन्ध,अन्तर्वार्ता आदि प्रकाशित र प्रसारित हुँदै आएको पाइन्छ । उनले वि.सं. २०६० सालदेखि विद्युतीय तरङ्गको माध्यमबाट साहित्य सिर्जना पनि प्रारम्भ गरेको हुन् । नेपालमा मोबाइल भित्रिएपछि उनले मोबाइल मार्फत् साहित्य प्रक्षेपण गर्ने काम निरन्तर रूपमा गरेका पाइन्छ । उनको सिर्जना कार्य हेर्दा बहुविधामा कलम चलाउन सक्ने एउटा अत्यन्त सक्षम साहित्यकार मान्न सकिन्छ । साहित्यकार दामोदर पुडासैनी "किशोर"लाई नेपाली साहित्यमा विद्युत तरङ्गको माध्यमबाट साहित्य सिर्जनागर्ने प्रवर्तकका रूपमा पनि लिन सकिन्छ ।

### ३.१.१२ मान, सम्मान र पुरस्कार

साहित्यकार दामोदर पुडासैनी विद्यार्थी जीवनदेखि नै कथा, कविता, गजल आदि जस्ता विधाहरूमा कलम चलाउँदै आएका छन् । विद्यालयमा सञ्चालन हुने यस्ता अतिरिक्त क्रियाकलापमा उनी सधैं भाग लिन्थे र आफू कहिल्यै पनि खाली हात फर्कनु नपरेको निजी अनुभव बताउँछन् । सरकारी सेवामा सेवारत भए पनि आफ्नो साहित्यिक सेवा र लेखनलाई जीवनको अभिन्न अङ्ग मान्ने साहित्यकार "किशोर" को साहित्यिक योगदानको कदर गर्दै विभिन्न सङ्घसंस्थाले मान, पदवी तथा पुरस्कारद्वारा उनलाई सम्मानित गरेको पाइन्छ । जसको विवरण यसप्रकार छन् :-

- जीतपुरफेदी गा.वि.स. काठमाडौं प्रशंसापत्र
- ग्राम सेवा मा.वि.टोपी चोर खेलमा द्वितीय प्रमाणपत्र २०३२ असार ९
- महालेखा परीक्षकको अठचालीसौं र उनन्चासौं बार्षिकोत्सवमा आयोजित कवि गोष्ठीमा सहभागी प्रमाणपत्र २०६३/०६४
- जनपद सेवा पदक, २०५३
- गद्दी आरोहण रजत महोत्सव पदक, २०५३
- हाम्रो मझेरी राष्ट्रिय सम्मान, र सम्मान पत्र २०६३

- सिम्पल आर्टस, बानेश्वर, काठमाडौंबाट सिम्पल सम्मान, २०६३
- जनमत साहित्य मासिक, काभ्रे बनेपाबाट संरक्षकत्वपत्र, २०६३
- तन्नेरी द्वैमासिक पत्रिका, काठमाडौंबाट, विशिष्ट तन्नेरी साहित्य सम्मान, २०६३
- राष्ट्रिय नागरिक समाज स्वर्ण सम्मान (राष्ट्रिय नागरिक समाज नेपाल, २०६४)
- राष्ट्रिय प्रतिभा सम्मान, २०६४
- भूपि स्मृति थाक पुस्तकालय, मुस्ताङ र म्याग्दी पुस्तकालय, म्याग्दीबाट साहित्य प्रतिभा सम्मान, २०६४ चैत्र
- म्याग्दी पुस्तकालय प्रशंसापत्र, २०६४ चैत्र
- राष्ट्रिय नागरिक समाज नेपालबाट, राष्ट्रिय नागरिक स्वर्ण सम्मान, २०६४ बैशाख
- जनज्योति साहित्य सदन नवलपरासीबाट कदरपत्र, २०६४
- सामुदायिक सेवा समिति, सामुदायिक प्रहरी सेवा गोङ्गबुबाट सहयात्रा स्मारिकाको प्रधान सम्पादक भई कार्य गरेबापत कृतज्ञतापत्र, २०६४
- भूपि थाक पुस्तकालय, मुस्ताङबाट प्रशंसापत्र, २०६४
- सिन्धुली साहित्य प्रतिष्ठान तथा पल्लवी ज्ञानमञ्च पुस्तकालय सिन्धुलीबाट सिन्धुली साहित्य सम्मान, २०६५ माघ
- नवतरङ्गसाप्ताहिक दोलखाबाट नवतरङ्गराष्ट्रिय साहित्य सम्मान, २०६५ फाल्गुण
- अनौपचारिक साहित्यिक मञ्च, रामेछापबाट सम्मानपत्र, २०६६ बैशाख
- धवलागिरी साहित्य प्रतिष्ठान, बाग्लुङ्गबाट यात्रा आफ्नै परिवेश, ३१ औं प्रतिभाको रूपमा सम्मान, २०६६ फाल्गुण
- नेपाल रेडक्रस सोसाइटी, धापासी उपशाखाबाट अभिनन्दन, २०६८ चैत्र
- रानीबारी महिला समाज, रानीबारी काठमाडौंबाट अभिनन्दन, २०६८ भाद्र

- ऐक्यवद्धता प्रा.लि. काठमाडौंबाट अभिनन्दन, २०६८ मंसिर
- रोटरी क्लव काठमाडौंका कल्याण कुमार बस्नेतबाट अभिनन्दन, २०६८ पौष
- ‘नमेटिएका चित्रहरू’ नियात्रा कृतिको लागि २०७० सालको उत्तम शान्ति पुरस्कार प्राप्त, २०७१ जेठ १२
- नोबल साकोस साहित्य सम्मान, २०७१ असार ७
- दीपज्योति साहित्य पुरस्कार, २०७१ बाट सम्मानित, दीपज्योति आवासीय माध्यमिक विद्यालय गोङ्गबु, २०७१ असार १४
- अभियान सहकारी साहित्य पुरस्कार, २०७१
- व्यथित काव्य सम्मान पुरस्कार, २०७१
- अन्तर्राष्ट्रिय नेपाली साहित्य, सर्वोत्कृष्ट पुस्तक पुरस्कार २०१५, यो पुरस्कार अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज अमेरिकाले विश्वभर सन् २०१२ देखि २०१४ बीच प्रकाशित पुस्तकहरूमध्ये पुडासैनीको रत्नपुस्तक भण्डारद्वारा प्रकाशित नियात्रा कृति नमेटिएका चित्रहरूलाई सर्वोत्कृष्ट ठहराई उक्त पुरस्कार अमेरिकामा प्रदान गरेको, २०७२ मंसिर ५ (२१ नोभेम्बर, २०१५)
- जेभियर सम्मान, २०७२ जेभियर इन्टरनेशनल कलेज, जोरपाटीद्वारा बालकसँग लेखक कार्यक्रममा सम्मान, २०७२ पुस ३ गते
- ज्योति साहित्य सम्मान, २०७२, ज्योति साहित्य प्रतिष्ठान, काठमाडौंद्वारा, २०७२ माघ १६ गते सम्मान
- म्याग्दी सामुदायिक पुस्तकालय बेनी, म्याग्दी साहित्य समाज बेनी, पौरत्स्य साहित्य समाज म्याग्दी सञ्चार केन्द्र म्याग्दी, सुवासना साहित्य सदन बेनी र म्याग्दी जिल्लाका तर्फबाट अभिनन्दन, २०७३ बैशाख २५ गते शनिबार ।
- अभियान बहुउद्देश्यीय बहुमुखी सहकारी संस्थाद्वारा अभिनन्दन, २०७३ कार्तिक २७ ।
- शंकर लामिछाने युवा निबन्ध पुरस्कार २०७३ ।

- संसाक, यात्री नियात्रा पुरस्कार, २०७४ ।
- लायन्स क्लब इन्टरनेशनल डिस्ट्रिक ३२५ बी १ (एम.डी. ३२५) नेपाल लायन्स क्लब अन्तरर्राष्ट्रिय शतबार्षिकीको अवसरमा नेपाली भाषा साहित्यको प्रवर्द्धन तथा नीति नियमको क्षेत्रमा अतुलनीय योगदानको सम्मान स्वरुप प्रमुख अतिथि उपराष्ट्रपति नन्द बहादुर पुन पासाङद्वारा लायन्स शताब्दी सम्मान अर्पण, सोही दिन लायन्स क्लबद्वारा देशका उत्कृष्ट सय स्रष्टा मध्ये रथारोहण गराई पोखरा नगर परिक्रमा गराइएको र नागरिक अभिनन्दन (२०७४ फागुन २६ गते शनिबार) ।

## ३.२ दामोदर पुडासैनी 'किशोर'को व्यक्तित्व

### ३.२.१ बाह्य (सार्वजनिक व्यक्तित्व)

नियात्राकार दामोदर पुडासैनी "किशोर" सामान्य नेपाली उचाइको देखिन्छन् मध्यम तौल भएको शरीर तथा बाटुला ठिक्क खालका आँखा काला केशहरू शान्त र सुन्दर अनुहार गम्भीर भाव ओठमा त्यति हाँसो देखिँदैन । धेरै बाहिरी तडक भडक र रवाफ नदेखाउने आवश्यक कुरामात्र गर्ने मृदुभाषी 'किशोर'लाई अवलोकन गर्दा चिन्तनशील गम्भीर भावमा डुबेका भावुक सच्चा साहित्यकार जस्ता देखिन्छ । आधा शताब्दी भित्र चिन्तन मनन गरेका प्रवुद्ध व्यक्ति भएपनि भाव र विचारमा सदाबहार युवा वा नाम अनुसारको नुतन विचारले 'किशोर' नै देखिन्छ । स्वस्थ निरोगी क्रियाशील, गतिशील 'किशोर' बाहिरी रूपमा हेर्दा एक साहित्यकारमा हुनुपर्ने चेतनशील एवम् सुन्दर आकर्षक व्यक्तित्वका धनी देखिन्छन् ।

### ३.२.२ आन्तरिक (निजी) व्यक्तित्व

व्यक्तिगत स्वार्थ भन्दा पर रहेर बहुसङ्ख्यक व्यक्तिहरूको कल्याणका लागि अघि बढ्नु पर्छ भन्ने मानवताका अभियन्ता दामोदर पुडासैनी 'किशोर' मानवतावाद सोचमा अग्रणी पर्दछन् । साहित्यबाट नै समाज परिवर्तन गर्नु पर्दछ भन्ने समाजमा व्याप्त परम्परागत सोच तथा मान्यतालाई साहित्य लेखनको माध्यमबाट हटाई नयाँ तथा आधुनिक मूल्य मान्यतालाई आधुनिक समाजको निर्माण गर्नु पर्दछ भन्ने मान्यता दामोदर पुडासैनी 'किशोर'मा देखिन्छ । भाग्यवाद भन्दा कार्मवाद अध्यात्मवादी भन्दा भौतिकवादी जीवन जीउनु पर्दछ भन्ने धारणा राखी देशको वर्तमान परिवेश, धर्म, राजनीतिक अवस्था, सामाजिक अवस्था, अशिक्षा, दुःख पीडा आदिको व्यङ्ग्यात्मक ढङ्गले बिम्ब प्रतीकहरूको

प्रयोग गर्दै समाजमा नवीन क्रान्तिको अग्रगामी सोच राखी राष्ट्रिय अन्तर्राष्ट्रिय चिन्तनलाई अवलम्बन गरेर नेपाली साहित्य जगतमा फरक ढङ्गबाट साहित्य सृजना गर्ने यथार्थवादी व्यक्ति तथा नियात्राकारको पङ्क्तिमा उभिएका छन् ।

३.२.३ साहित्यिक व्यक्तित्व :

वि.सं. २०३४ सालमा 'वसन्त' शीर्षकका कविता लिएर साहित्यिक फाँटमा यात्रा गरेका कवि 'किशोर'ले समाजका लागि सकारात्मक परिवर्तन साहित्यमा सिर्जना गर्नुपर्दछ भन्ने मान्यता राखेर तीन दशक भन्दा लामो साहित्यिक यात्रामा नेपाली भाषा र साहित्य श्रृजनामा महत्त्वपूर्ण योगदान दिएका छन् । उनको प्रथम कविता सङ्ग्रह आफन्तका अनुहारहरू (२०४९) हो यसभित्र वभिन्न विषय क्षेत्रलाई समेटेर ५० वटा कविताहरू सङ्ग्रहित छन् । जीवन भोगाइ, अनुभूति दुःख पीडा, असन्तुष्टि देशप्रेम आदि विविध विषयहरू समिटिएर कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् (आचार्य २०६८:४९) उनको दोश्रो कविता सङ्ग्रह आँखाको खोजीमा (२०६२) हो । यसमा ५१ वटा नियात्रा रहेका छन् । कवितामा मान्छे संधै विवेक, संवेदना र अर्न्तचेतनाको निरन्तर खोजीमा रहेको कुरा प्रस्तुत गरेका छन् । त्यस्तै मानवीय मूल्य विवेकको खोजी, विकृति, भ्रष्टाचारको विरोध, देशमा चर्केको युद्ध सिकार बनेका विभिन्न स्थानको चित्रण गर्नुका साथै प्रस्तुत कविता सङ्ग्रहभित्र कविको गहन सौन्दर्य चेत र कवि व्यक्तित्व झल्किएको पाउन सकिन्छ । त्यस बाहेक आलोकित आयाम (२०६२), आकारका खोजीमा (२०६३) समयको सहीछाप (२०६९), पहाड र प्रेम (२०७१) जस्ता कविता सङ्ग्रहहरूमा पुडासैनीले समकालीन लेखनमा कविता, गजल, कथा, हाइकु, मुक्तक विविध विधामा कलम चलाइसकेका छन् । कवि दामोदर पुडासैनी 'किशोर' नियात्राकारका रूपमा पनि चर्चित छन् । उनका नियात्राहरूमा प्रेमिल तरङ्ग (२०६५) नमेटिएका चित्रहरू (२०७०) मायालु हुम्ला (२०७१) सिमानाका रङ्ग सिमानाका तरङ्ग (२०७२) पर्खाल भित्रको राजधानी (२०७३) सम्म प्रकाशित भइसकेका छन् । जिन्दगीका प्रत्येक पललाई यात्रा सम्झिने नियात्राकार 'किशोर'को यात्राभित्र अनेकौं मोडको अनुभव, अनुभूतिको तादात्म्य हो सिमानाका रङ्ग सिमानाका तरङ्ग । उनले आफ्नो कार्यक्षेत्र भ्रमणको सिलसिलामा २०६२ सालको एउटा छोटो अवधिभरि गरेका यात्रालाई जीवन्तपाराले जीवन र समयलाई टिपेर प्रस्तुत गरेका छन् ।

३.२.४ समाजसेवी व्यक्तित्व

नेपाली सामाजमा विद्यमान भाग्यवादलाई तिलान्जली दिई कर्म क्षेत्रलाई नै सहर्ष स्वीकार गर्दै अघि बढ्ने कर्मशील र पौरखी व्यक्तित्वको रूपमा चिनिन्छन् । दामोदर पुडासैनी 'किशोर' वास्तवमा सामाजिक, चेतनशील व्यक्तित्व हुन् । ग्रामीण परिवेशका दु:ख सुखलाई केन्द्रीय भावमा समेटेर साहित्य सृजना गर्न रुचाउने, सांस्कृतिक क्रियाकलापमा सहभागी हुने, जन समाजमा परका दु:ख पीडालाई आफ्नै दु:खपीडा सम्झेर दिनहीन व्यक्तिहरूको दिनचर्यालाई नजिकबाट महुशस र अनुभूति गर्न सक्ने विराट हृदय भएका व्यक्ति उनी आपतमा परेकाहरूलाई निस्वार्थ भावनाले सहयोग गर्न पनि अग्रसर हुन्छन् यसर्थ उनको सामाजिक क्षेत्र र परिवेश पनि विराट र खुल्ला किसिमको रहेको पाइन्छ । मूर्ति पूजा र आडम्बर ढोग भन्दा निसाहय दीन दु:खीमाथि सेवा गर्दै सच्चा मानवताका पुजारी बन्न उद्यत दामोदर पुडासैनी नास्तिक भएर पनि मानव धर्मप्रति आस्थावान्, निष्ठावान् छन् । उनी एक समाज कल्याण र समाज उत्थान विकासका लागि सद्भाव चाहने विशुद्ध सामाजिक व्यक्तिको रूपमा चिनिन्छन् । वस्तुत थुप्रै प्रशंसापत्र, सम्मानपत्र र अभिनन्दन समारोहका नायक स्रष्टा दामोदर पुडासैनी 'किशोर' मिलनसार मृदुभाषी एवम् राष्ट्र र समाज सेवक सरल र स्वभावका सहज प्रवृत्तिका सामान्य नागरिक भएर पनि उच्चकोटीमा पर्दछन् । उनीमा जतिसुकै प्रशंसा अभिनन्दनपत्र प्राप्त गरेपनि रतिभर पनि अहम्  छैन भन्ने कुरा उनको प्रवृत्ति र उनको सामाजिक रहन सहन र व्यवहारमा प्रष्ट रूपमा छर्लङ्गिन्छ ।

महान् भएर पनि सामान्य नागरिक र साधारण व्यक्ति भएर समाजमा प्रस्तुत हुन सक्नुमा उनको महानतालाई नेपाली समाजमा आर्दश भद्र नायकको रूपमा प्रस्तुत गर्न सकिन्छ

३.२.५ प्रशासनिक व्यक्तित्व

वि.सं. २०३६ साल असोज महिनादेखि उनले नेपाल सरकारको शिक्षा मन्त्रालयमा सह लेखापाल अस्थायी पदबाट सरकारी सेवामा प्रवेश हुने सुअवसर प्राप्त गरे । बिहान क्याम्पस धाउने र दिउँसो कार्यालयमा व्यस्त भएर पनि पुडासैनीले आफ्नो पढाइ र जागिरलाई एकैसाथ अगाडि बढाउँदै लैजाने क्रममा वि.सं. २०३८ सालमा लोकसेवा आयोगद्वारा लिइएको खरिदार पदको परीक्षा उत्तीर्ण गरेका देखिन्छ । उनी हाल नेपाल

सरकारको उच्च ओहोदा महालेखा परीक्षकको कार्यालय ववरमहलमा सह सचिव (नायव महालेखा परीक्षक) पदका रूपमा कार्यरत छन् । अड्तिस वर्ष लामो सेवा अनुभव हासिल गरिसकेका उनी एक कर्तव्यनिष्ठ राष्ट्रसेवकका रूपमा कार्यरत देखिन्छन् ।

### ३.३ दामोदार पुडासैनीको कृतित्व

विक्रमको ३० को दशकदेखि नै कविता मार्फत साहित्यकार दामोदार पुडासैनी "किशोर"ले आफ्नो साहित्य यात्रा अगाडि बढाएका हुन् । समाजलाई सकरात्मक परिवर्तनको दिशामा डोऱ्याउने साहित्य सिर्जना गर्नुपर्छ भन्ने मान्यता राखेर तीन दशकभन्दा लामो साहित्यिक यात्रामा उनले नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा महत्वपूर्ण योगदान दिएका छन् । कविता मार्फत् साहित्य सिर्जनाको यात्रा अगाडि बढाएका "किशोर"ले कविताको लघुत्तम रूप, मुक्तक, हाइकु हुँदै फुटकर रूपसम्मको सिर्जना गरेका छन् । त्यसैले उनको साहित्य यात्रा कविता विधाबाट अघि बढिरहेको छ ।

सात वर्षको कलिलै उमेरमा वसन्त (२०२६ तिर) शीर्षकको कविता लेखेर आफ्नो साहित्य यात्रा प्रारम्भ गरेका हुन्, तर यो उनको अप्रकाशित कविता हो । त्यसपछि वि.सं. २०३४ सालमा जनजागृति पत्रिकामा सहिद शीर्षकको कविता प्रकाशित भएपछि मात्र उनी पाठक समक्ष चिरपरिचित हुने अवसर प्राप्त गरेका हुन् । उनी मानवीय भावना र राष्ट्र प्रेमलाई मुख्य विषय बनाएर कविता लेख्न अत्यन्त मन पराउँछ । "किशोर"को कवितामा निम्न मध्यम स्तरको यथार्थ चित्रण, सामाजिक, भौगोलिक, आर्थिक अनेक पीडालाई समेटेको देखिन्छ । उनले कवितामा प्रेम, राष्ट्रियता, जीवन र जगतका अनुभूति आदिलाई अत्यन्त नवीन विम्ब र जीवन्त रूपमा उतार्न सफल भएका छन् । "किशोर"का कविताहरू गद्यमा लेखिए पनि शैलीगत वैशिष्ट्यले उच्च स्थानमा रहन सफल छन् ।

उनको प्रथम प्रकाशित कविता सङ्ग्रह आफन्तका अनुहारहरू (२०४९) हो । यसभित्र विभिन्न विषय क्षेत्रलाई समेटेर लेखिएका ५० वटा कविताहरू सङ्ग्रहित रहेका छन् । यस सङ्ग्रहका कवितामा कविको आफ्नै जीवन भोगाइ, अनुभुति, दुःखाइ, असन्तुष्टि, देशप्रेम आदि विविध विषयहरू भेट्न सकिन्छ । उनले मान्छेका जीवन भोगाइका पाटाहरूलाई कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् (आचार्य, २०६८:४९) ।

'किशोर'को दोस्रो प्रकाशित कविता सङ्ग्रह आँखाको खोजीमा (२०६२) हो । यसभित्र 'किशोर'का ५१ वटा कविताहरू सङ्ग्रहित रहेका छन् । कवितामा मान्छे सधैं विवेक, संवेदना र अर्न्तचेतनाको निरन्तर खोजीमा रहेको कुरा प्रस्तुत गरिएको छ । त्यस्तै मानवीय मूल्य, विवेकको खोजी, विकृति, भ्रष्टाचारको विरोध, देशमा चर्केको युद्ध सिकार बनेका विभिन्न स्थानको चित्रण गरिनुका साथै प्रस्तुत कविता सङ्ग्रहभित्र कविको गहन सौन्दर्य चेत र कवि व्यक्तित्व झल्किएको पाउन सकिन्छ । पचासको दशकको नेपाल बुझ्न आँखाका खोजीमा कविता सङ्ग्रह अत्यन्त सार्थक ठहरिएको छ ।

साहित्य सिर्जनामा नयाँ-नयाँपनको खोजी गर्दै अघि बढिरहेका कवि 'किशोर'ले आफ्नो साहित्य-यात्राको उचाइमा पुग्दा नियात्रा काव्यको रचना गरेर अर्को नयाँपन नेपाली साहित्यलाई दिन सफल भएका छन् । उनका यस्ता नियात्रा काव्य हुन् - आकारको खोजीमा (२०६३), र आलोकित आयाम (२०६३) (शर्मा, २०६५:५०) ।

साहित्यकार 'किशोर'ले आकारको खोजीमा (२०६३) नियात्रा कविता सङ्ग्रहमा भावनात्मक प्रेमप्रतिको आशक्ति, प्रेयसीप्रतिको अत्यधिक मोह, मातृवात्सल्यताको महत्त्व, देशप्रेम, प्रकृति प्रेम आदिलाई अत्यन्त कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । यस्तै नियात्रा सङ्ग्रहमा प्रेमिल तरङ्ग (२०६५), नभेटिएका चित्रहरू (२०७०), मायालु हुम्ला (२०७१), सिमानाका रङ्ग, सिमानाका तरङ्ग (२०७२), पर्खाल भित्रको राजधानी (२०७३), फरक शैली बोकेका ससक्त नियात्रा सङ्ग्रह हुन् ।

### ३.४ निष्कर्ष

बाल्यकालदेखि नै एकान्तप्रेमी अध्यनशील, मिलनसार, इमानदारी, लजालु स्वभाव भएका व्यक्ति दामोदर पुडासैनी 'किशोर'को जन्म वि.सं. २०१८ साल जेठ १८ गते बिहीबार पिता हरिप्रसाद पुडासैनी माता तुलसा पुडासैनीको कोखबाट काठमाडौंको जितपुर फेदी गा.वि.स.वडा नं.२ गैरी गाउँमा भएको हो । उनी सानै उमेरदेखि नै मेधावी र तीक्ष्ण भएका कारण कक्षामा प्रथम स्थान हासिल गर्दथे । परिश्रमी, मेहनती, लगनशील र सबै गुरुवर्गका प्यारा विद्यार्थी किशोरले वि.सं. २०३५ सालमा ग्राम सेवा माध्यामिक विद्यालय धर्मस्थली, काठमाडौंबाट दोश्रो श्रेणीमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेको देखिन्छ । आफ्नो अध्ययन र सरकारी सेवालाई समान रूपमा अगाडि बढाउने उद्देश्यले वि.सं २०३६ सालमा प्रवीणता प्रमाणपत्र तह व्यवस्थापन सङ्कायमा सरस्वती बहुमुखी क्याम्पस लेखनाथ मार्ग लैनचौरमा

भर्ना भई आफ्नो अध्यनलाई निरन्तरता दिँदै वि.सं. २०३६ असोज महिनादेखि उनले नेपाल सरकारको शिक्षा मन्त्रालयमा सह लेखापाल पदबाट सरकारी सेवामा प्रवेश हुने अवसर प्राप्त गरे । जीवनमा सङ्घर्ष गर्दा गर्दै सरकारी जागीर र अध्ययन दुवैलाई अघि बढाउने क्रममा उनले व्यवस्थापन सङ्कायमा एम.बी.ए र एम.पी.ए. गरी दुई स्नातकोत्तर डिग्री हासिल गरेका छन् । हाल उनी नेपाल संस्कृत विश्व विद्यालय पी.एच.डी. तहको अध्ययनमा शोधार्थीको रूपमा संलग्न छन् ।

उनको विवाह वि.सं २०४१ साल फाल्गुन २५ गते चितवन जिल्ला भरतपुर न.पा.वडा नं ११ निवासी शशिधर ढकाल र कुस्मी ढकालकी छैठौ सुपुत्री पार्वती ढकालसँग हिन्दु धर्मका परम्परागत वैदिक विधि अनुसार सु-सम्पन्न भएको थियो । हाल उनको एक छोरा प्रवेश र एक छोरी प्रसुन गरी दुई सन्तान रहेका छन् । विद्यालय अध्ययन गर्दा देखि नै निस्वार्थ भावनाले निरन्तर रूपमा देश र जनताको सेवा गर्ने उत्कट अभिलाषा मनमा सङ्गालेर कार्यक्षेत्र प्रति लगनशील दामोदर पुडासैनी 'किशोर' हाल नेपाल सरकारको उच्च ओहोदा महालेखा परीक्षकको कार्यालय बबरमहलमा सह सचिव (नयाव महालेखा परीक्षक) पदका रूपमा कार्यरत छन् ।

साहित्यकार दामोदर पुडासैनी 'किशोर'को स्वभाव बाल्यकालदेखि नै भ्रमणप्रिय रहेको देखिन्छ । वि.सं. २०३६ सालदेखि हालसम्म निरन्तररूपमा सरकारी सेवामा संलग्न रहेकाले उनले सरकारी कामकाजको सिलसिलामा नेपाल अधिराज्यका ७३ वटा जिल्लाहरूका साथै विदेश अमेरिका, बेलायत, रूस, जापान, थाइल्याण्ड, फ्रान्स, जर्मनी, स्वीटजरल्याण्ड, बेल्जियम, नेदरल्याण्ड, अष्ट्रिया, इजिप्ट, जोर्डन, कतार, युनाइटेड अरब इमिरेट्स, पाकिस्तान, श्रीलङ्का, म्यान्मार, चीन, ओमन, मलेसिया, साउदी अरेबिया, बङ्गलादेश, भारत र सिङ्गापुर जस्ता मुलुकहरूको भ्रमण पुरा गरिसकेका छन् । (आचार्य, २०६८:४२)

उनले वि.सं २०६० सालदेखि विद्युतीय तरङ्गको माध्यमबाट साहित्य सिर्जना पनि प्रारम्भ गरेका हुन् । उनको सिर्जना कार्यको अध्ययन गर्दा उनी बहुविधामा कलम चलाउने एउटा स्रष्टाका रूपमा देखिन्छन् ।

## परिच्छेद चार

### नियात्रा तत्त्वका आधारमा ‘सिमानाका रङ्ग सिमानाका तरङ्ग नियात्राको विश्लेषण

### ४.१ विषय परिचयः

यात्रा साहित्यिक मूलतः निजात्मक निबन्धबाट विकसित भएको लेखनकला भएकोले निबन्धका तफ्वहरू यसका पनि तफ्वहरू हुन् । यात्रालाई जीवन र जीवनलाई यात्रा सम्झने नियात्राकार दामोदर पुडासैनी ‘किशोर’का नियात्रा कल्पना भन्दा केही माथि उठेर यथार्थलाई निजात्मकता प्रस्तुत गरेर लेखिएका छन् । यात्राको मर्म बुझेका र यात्रामा भावना मिसाउन जानेका उनी यात्रामै समाजको दर्पण उतार्न अनि यात्रामै स्वदेश-विदेशका जनता, धर्म, भाषाभाषी र सम्पूर्ण समुदायलाई कैद गर्न अत्यन्त सफल छन् ।

सिमानाका रङ्ग सिमानाका तरङ्ग दामोदर पुडासैनी ‘किशोर’ को उच्चकोटीको नियात्रा सङ्ग्रह हो । उनले यस निबन्ध सङ्ग्रहमा आफूले भ्रमण गरेका चार एसियाली मुलुक श्रीलङ्का, म्यान्मा, बैङ्कक र बङ्गलादेशका वस्तुगत, सांस्कृतिक, सामाजिक, ऐतिहासिक तथ्यहरूलाई अत्यन्त चिन्तनशील भई मनन गरी आफ्नो निजात्मक अनुभूतिहरूको रङ्ग घोली पाठक सामु पस्केका छन् । मूलतः २०६२ असोज १७ गतेदेखि २०६२ असोज २६ गते सम्मको नौ दिनको भ्रमणमा विविध शीर्षक राखी अठारवटा नियात्रा यसभित्र सङ्ग्रहित छन् । ती नियात्राहरू पनि सबै उच्च वर्गका छन् । नियात्रा सङ्ग्रहमा रहेका अठार नियात्राहरूको विवरण यस प्रकार रहेको छ ।

१. हत्केलामा ज्यान च्याप्दै

२. हरियो हुस्सुमा जाँगरको रन्को

३. नदेखिएको दाँत

४. रङ्गीन धुनको तरङ्ग

५. कोलाजको आवाज

६. भेटिनु र छुट्टिनुमा इन्द्रेणीका पदचाप

७. नाङ्गो आकाश नाङ्गो धर्ती

८. ससुराली देशमा अनुत्तरित प्रश्न

९. सन्नाटाभित्रका सुस्केराहरू

१०. सुनौला सहरमा मायाका बाछिटाहरू

११. रगतले चुमेको रगत

१२. अनन्त तरङ्ग अनन्त श्रृङ्खलाहरू

१३. भोकको ज्वालामाथि बिहानी आँखा

१४. पन्ध्र सय र पाँच सय अठ्ठाइसमा अल्झिएका रेखाहरू

१५. गहिराइमा फैलिएका रङ्गहरू

१६. टुसाउँदो ढुङ्गोसँगै टनटनाएका क्षणहरू

१७. आगोमाथि मुस्कुराइरहेका शीतका थोपा

१८. टीकाको परिधिमा अनन्त यात्रा

यस सङ्ग्रहमा भएका अठार नियात्राहरूमध्ये उत्कृष्ट नियात्रा छनौट गरेर जम्मा आठवटा नियात्राको मात्र यस परिच्छेदमा समग्रमा विश्लेषण गरिएको छ । श्रीलङ्काको भ्रमणसँग सम्बन्धित दुई, म्यान्माको भ्रमणसँग सम्बन्धित दुई, थाइल्याण्डका भ्रमणसँग सम्बन्धित दुई र बङ्गलादेशको भ्रमणसँग सम्बन्धित दुई नियात्रा छनौट गरी तिनलाई नियात्राका तत्वका आधारमा विश्लेषण गरिएको छ ।

### ४.२ नियात्रा तत्वका आधारमा निर्धारित नियात्राको विश्लेषण

#### ४.२.१ गतिशीलता

गतिशीलता यात्रा साहित्यको प्रथम आधारभूत तत्व हो । यात्रा पैदले वा अन्य कतिपय सवारी साधनद्वारा केही घण्टा या केही दिनको अर्थात् लामो वा छोटो समयावधिको पनि हुन सक्छ । यात्रा साहित्यमा गतिमयता यस्तो सँगसँगै जसले यात्रा साहित्यका पाठकलाई स्वयम् लेखक सँगसँगै तत्तत् स्थानको यात्रा गरिरहेको जीवन्त अनुभूति पस्किरहेको हुन्छ (व्यास, २०७०:८२) ।

नियात्राकार दामोदर पुडासैनीले प्रस्तुत सिमानाका रङ्ग सिमानाका तरङ्ग नियात्रा कृतिमा गतिशीलतालाई नूतन भाषा र पृथक शैलीको माध्यमले अत्यन्त रोचक ढङ्गले प्रस्तुत गरेका छन् । 'किशोर'को यो कृति आधुनिक नियात्रा साहित्यको एक उत्कृष्ट कृति हो । यस कृतिमा उनले यात्रा प्रारम्भ काठमाडौंको ग्वङ्गबु नयाँ बसपार्कदेखि चार एसियाली मुलुकहरू (म्यानमा, श्रीलङ्का, बङ्गलादेश र थाइल्यान्ड) को भ्रमण गरी पुनः

काठमाडौं आई यात्रा टुङ्गिएको छ । 'हत्केलामा ज्यान च्याप्दै' नामक शीर्षकबाट आरम्भ भएको नियात्राकार दामोदर पुडासैनी 'किशोर' को यात्रा टीकाको परिधिमा अनन्त यात्रा शीर्षकमा गएर टुङ्गिएको छ । अन्तर्राष्ट्रिय विमानस्थल नयाँदिल्लीदेखि कोलम्बो श्रीलङ्काली विमानभित्र रहँदाको अनुभव, अँध्यारो आकाश मार्गको वातावरण वर्णन छ ।

*अन्धाकारको समुद्रलाई छिचोल्दै छ विमानले । ताराहरू असिना बनेर झरेपछि झुन्डझुन्ड गुडुल्को जस्ता छन् सहरहरू । फिलिङ्गाका टापु राँकिएका जस्ता छन् सहरहरू । जुन छ, ताराहरू छन् जुन र ताराहरूको उज्यालामा उच्छट्ट उच्छ्राइलो छ आकाश । शालीन ढुङ्गामा चित्र कोर्न ठिक्क पारेको क्यानभास छ धर्ती । आकाशलाई धर्ती र धर्तीलाई आकाश ठाने पनि भएको छ । विमानभित्रको सयर । (पुडासैनी २०७२:२)*

लेखकले विमानका परिदृश्यलाई कल्पना शक्तिसँग समन्वय गरेर विविध पात्रहरूलाई विमान अवतार उतारेका छन् । नियात्राका क्रममा उद्धवजी र जनार्दनजी लेखकसँगसँगै हुन्छन्, विमानका यात्रुहरूमा विश्वको शीर्ष टेनिस खेलाडी रोजर फेडरर, ब्राजिली प्रख्यात मोडल गिसेले बुन्डचेन उनका पति फुटबल खेलाडी टम ब्राडी ठम्याउँछन् । हलिउडकी नायिका नाओमी वाट्स आदिलाई देख्छन् । नचिनेका मान्छेमा चिनेका मान्छेको छनक प्रकट हुन्छ । परिचय नभएकाहरूसँगको यात्रा सम्भावनाका स्वरूप हो । *मैले विमानमा बसेका मान्छेहरूमध्ये कसैलाई इङ्ल्याण्डका फुटबल प्रशिक्षक फाबियो कापेलो देखें, कसैलाई फिलिपिन्सकी पूर्व प्रथम महिला इमिल्डा मार्के देखें, कसैलाई एसियाली नेता भलादिमिर पुटिन देखें । (पुडासैनी २०७२:२)* यसरी नियात्राकार दामोदर पुडासैनीले कोलोम्बो विमानमा रहँदा पाठकहरूमा देश विदेशमा प्रसिद्ध पात्रहरू सँगसँगै यात्रा गरिरहेको, अनुभवलाई रसास्वादन गराएर गतिशीलता जगाएका छन् ।

*तिमी श्रीलङ्का आएको खबर झुल्के घामसँगै सुन्दा खुशीका सबै सिमानाहरूमा रङ्गीन चराहरू उडे मेरा । सपना होकि बिपना घरीघरी असामञ्जसमा छु म । यथार्थ कहिल्यै झुठो हुन सक्दैन, यसैमा उचालिएको छ मेरो मन र फैलिएका छन् अनन्त सिमानासम्म घाम, जून र समुद्रका सुन्दर तरङ्गहरू (पुडासैनी, २०७२:२७) । श्रीलङ्कामा भएका गृहयुद्धको गहिरो छाप पनि शब्दहरूद्वारा उजागर गरेर हरेक लामखुट्टे तामिल इलम वा लिट्टेमा गोली र बारूद जस्ता देखिन थाले । ड्याम्म ...... फेरि एक पटक सहर थर्काउने*

*चीत्कार उठ्यो बाजिर रोडकै छेउछाउबाट । फेरि कल्याङ मल्याङ उठ्यो सहरका कुनाकुनाबाट । (पुडासैनी, २०७२:६)*

आश्विन १९ गते नियात्राकार थाइल्याण्ड पुग्छन् । यात्रामा जङ्गबहादुरजी भेट्छन् राजदूत दुर्गा प्रसाद दम्पतीलाई भेट्छन्, चन्द्रलतासँग बिदाइ हुँदै, चिरञ्जिवी, ततसा, ओम एन्थेनी आदिसँग बिदाइ भएर क्यालेविया नदी किनार हुँदै आत्मीयताले द्रवित भइसकेको आमाको काख जस्तै न्यानो कोलोम्बो शहरलाई निष्ठुरी समयले गर्दा छाड्ने पर्ने बाध्यता रहेको गुनासो पोख्छन् पुडासैनी । 'भेट्नु' छुट्नु संसारको रित' अरूणा लामाको सदाबहार गीत संस्मरण गर्दै आकाश गङ्गाको अतिभूति नियाल्दै प्रस्थानको अनन्त विन्दु पुग्न प्रयासरत छन् । मित्र जनार्दनजी उद्धवजी सिटमा अड्डा जमाएर स्वप्न यात्रामा रहँदा पनि लेखकको चक्षु क्रियाशील हुन पुग्छ ।

*मान्छे हुनु भन्दा फूल हुन पाएको भए धुलो र मैलोमा कहिल्यै कचल्टिने थिएन होला हगि जिन्दगीका मोडहरू-फूल नियालिरहेको बेला फूलकै आवाज निस्कियो अधिल्तिरबाट फूल हुनुको अर्थ छर्नु हो मौन सौन्दर्य, फूल बोल्न थाल्यो भने आन्तरिक हृदयगति बन्द हुन सक्छ भँमराहरूको । यो आवाजबिना बोल्ने फूल, तपाई आवाज सहितको फूल साढे ६ फिट उचाइमा सूर्यमुखी बुट्टे बानपसिले अझ चम्काएको थियो । बोल्ने फूललाई म बुल्गाकोवा, एसियाबाट आएकी सतरङ्गी रेसाहरूलाई सम्हाल्दै बोलेकी थिइन् उनी । (पुडासैनी २०७२:४८)*

*आखिर, संसार रहेछ भेटिने छुटिनेको रोमाञ्चोक रङ्गममञ्च शुक्र र डिम्बको खेल, बीउ र माटाको समागम, कोष कोषको विभाजन सबै सबैको गति नुहुने हो भने कहाँ चल्छ र संसार । मृत्यु तर्फ उन्मुख नहुने हो भने कहाँ आरम्भ हुन्छ र जीवनको । (पुडासैनी, २०६२:५०)*

नियात्राकार जीवन मरण र संसार सृजना संहार एक अपूर्व यात्राको रूपमा विचरण गर्न पग्दछन् । वस्तुतः यात्रा एक मानवीय जीवनको गतिशीलता हो जहाँ यात्रा छ त्यहाँ सजीव जीवनको चित्र छ भनी ठहर गर्न पुग्छन् । बिहान पौने तीन बजे जहाजले जमिन छोइयो भीड हेर्दा लाग्यो विमानस्थलका सबै मान्छे त्यही जहाजमा चढेका छन्, भीड छ तर अव्यवस्थित छैन लामबद्ध बसेका छन् यात्रुहरू भनी यात्राको वस्तुस्थितिबारे स-विस्तार वर्णन गर्न उद्यत छन् नियात्राकार । यात्रा प्रत्येक मिनेट मिनेटमा गतिशील छ क्षणमै

गन्ढ्याङ्ग गुढुङ्ग ग्राभेल सडकमा गुडेको ट्याम्पुजस्तो गर्दछ । एक्कासी जहाज फनक्क घुम्यो र पूर्वबाट पश्चिम जहाजको भित्तामा रहेको मनिटरमा वे अब बङ्गालबाट समुद्रमाथि यात्रा थप गरिरहेको देखिँदैछ । यात्रा निरन्तर जारी छ ठाउँ ठाउँ प्रत्येक पदचापमा नयाँ नयाँ अनुभव बटुलेर नियात्राकार अगाडि बढेको दृश्य यहाँ छर्लङ्ग हुन्छ ।

नियात्राकार श्रीलङ्काको बजिर रोडमा पुग्छन् । परिचित मित्र चन्द्रालाई भेट्छन् फोनबाट चन्द्राको कवितात्मक आवाजले नियात्राकारलाई श्रीलङ्कामा बसन्ती रमझमले रमाएको आभास हुन्छ । भेटघाटको क्रममा चन्द्राले नियात्राकारलाई भेटेपछि एउटा प्रेमिल मनस्थितिमा भर्खरै एउटा विशाल समुद्र निलेको महशुस गरेकी छु भनी प्रत्युत्तर दिन पुग्छिन्

*चन्द्राजीसँगको बिदाइमा चन्द्रा लाचार छु म समयसँग । आज मध्यरातमा छोड्न बाध्य हुनेछु म, तिमी र तिम्रो देश श्रीलङ्कालाई । एकातिर चन्द्राजी सुकुमारी आत्मीयता अर्कातिर एकढङ्डीको क्रुर समय । विलखबन्दमा परेको आभास दर्साए मेरा सिमसिमे आँखाहरूले । (पुडासैनी, २०७२: ३१)*

तत्पश्चात् लेखक कोलम्बो भ्रमणको तय चन्द्राजीको परिचय गराउँछन् । चन्द्राजी भावुक भएर आफ्नो भावना पोख्दै नेपालीहरू मर्यादित, शान्त शालीन र रमाइला हुन्छन् भन्ने कुरा कविजीबाट बुझ्नु भनी प्रशंसा गर्न पुग्छन् ।

*आगोको भुङ्ग्रो ओर्लिरहेछ घाम । गुम्बा परिसरमा चाक्ला ढुङ्गाहरू र त्यसबाहिर बालुवाले ढाकिएको छ । पाइतालाहरूलाई लाग्छ अग्राखे फिलिङ्गाका परिवर्तन रूपमात्र हुन् तिनीहरू । आत्था, फोकै उठ्यो कि क्या हो पैतालमा -चिच्याएँ म । (पुडासैनी, २०६२:३२)*

श्रीलङ्काको कालोम्बोमा पाइतालाले टेकेर भूमीस्पर्श गर्दै विभिन्न देवस्थल घुम्दछन् । आत्मीय मित्र चन्द्राबाट सहानुभूति पाउँछन् रङ्गै रङ्गको कलापूर्ण क्यालेनिया गुम्बालाई अवलोकन गर्दछन् । क्यालेनिया गुम्बासँगै अर्को गुम्बा बिहार महादेवी अर्थात सुनामीकी देवी पुगेर निधर्क्क कथा सुन्दै गुम्बा परिसरका मूर्तिहरू नियाल्दछन् । बारेला सहर स्वतन्त्र पार्क, सि स्ट्रिटको पन्ताह मार्केट, कोलम्बो सङ्ग्राहलय आदि विविध ठाउँ अवलोकन गरेर मित्र चन्द्रासँग बिछोडिनु पर्दा बजिररोडमा विरही धुन बजेको महशुस गर्दै नियात्राको अर्को अध्याय सुरु हुन पुग्दछ ।

*दिउँसो भन्दा फरक रूप धारणा गरिसकेको छ बैङ्कककले । बत्तीको गुचुमुज्ज उज्यालोमा रनक्क तातेको छ बजार । हरेक दुईचार घरको अन्तरमा राता बत्तीहरूले ढाकिएका छन् घरहरू । 'इन्टरटेन्टमेन्ट', 'मसाज', 'सेक्स क्याफे' 'सेक्स सप' - त्यस्तै त्यस्तै लेखिएको छ साइनबोर्डमा । अर्धनग्न झुरूप्प झुरूप्प उभिरहेका छन् राता बत्ती मुन्तिर । शरीरको सुम्लोमा संसार बिर्सन खोज्नेहरू चलायमान छन् शरहभरि । (पुडासैनी, २०७२ : ३८)*

श्रीलङ्काबाट बिमानको यात्रा गर्दै साहसीका लागि कुनै आवरण आवश्यक छैन प्रकृतिमा, कवचको साहारामा उभिन्छन् कायरहरू भन्दै बैङ्कक सहरलाई प्रत्यक्ष आफ्नै आँखाले नियाल्न पुग्छन् नियात्राकार ।

*एक्सक्युज मि सर ह्वाट यु वान्ट, नेकेड डान्स अर नेचुरल मसाज ? पाइला - पाइलामा यस्तै आवाजमा बाटो छेक्न आइपुग्छन् कोही न कोही । सुकुम्भित रोडको दुई किलोमिटर दुरीलाई नापिरहेका छन् पाइतालाले । (पुडासैनी २०७२ : ६१)*

बैङ्कक सहर सेक्स पर्यटन बजारको रूपमा परिचित कुरालाई नियात्राकार अझ नजिकबाट नियाल्न पुग्छन् र त्यहाँ सिसाभित्र रातो प्रकाशमा उभिएका नाङ्गा चकलेटहरू मुस्कुराउँदै इशारा गरिरहेको रङ्गीन प्रकाशमा नाच्दै अभिनय गर्दै ग्राहकलाई अङ्ग-अङ्गले लोभ्याउँदै गरेका नाङ्गा पुतलीहरूको स-विस्तार बयान गर्दै अघि बढ्छन् । रातमा यौनको राजधानी पो रहेछ थाइल्याण्ड भनी ठहर गर्न पुग्छन् । सहरभरि सुन बनेर बर्सिरहेथे घामका किरणहरूका मन परेको खेल खेल्न पाउँदाको चम्किलो बालक बनिरहन यो बैङ्कक शहर । यस्तो अवधारणा राख्दै नियात्राकार धावनमार्गमा थाइ एयर, सिङ्गापुर एयरलाइन्स, कतार एयरवेज र गल्फ एयरका विमानहरू चढ्दै ओर्लिदै हात्तीसुँढे बाटोबाट थाइ एयरको टि.जि ३०३ विमानमा छिरेपछि बिहान पौने नौ बजे थाइभूमिलाई बिदाइ गर्दै अघि बढ्छन् । समुद्र सतहबाट चौबिस हजार फिटको उचाइमा उडिरहेको जहाज भित्रबाट फराकिला फाँट, वस्ती र स-साना पहाड हरेर मन आनन्दित हुन्छन् । बैङ्ककका विभिन्न गतिशीलता ठाउँमा बौद्ध चैत्यहरूको निर्माण बैङ्कक शहरको व्यस्तता, मानिसहरूको घुइँचो डिपार्टमेन्ट स्टोरहरूको वर्णनका साथै रात्रीकालीन बैङ्ककका डान्सबारहरूको रङ्गिलो वर्णन यस यात्रामा समावेश भएको पाइन्छ ।

*यो ढाका हो यहाँ आधामान्छेहरू सधैं ढाकिरहन्छन्, आधामान्छे खुलिरहन्छन् । सधैं नग्न रहने न कि तालहरू हुन कि सागर । नग्नता स्रोत पनि रहेछ अरूका लागि । ताल, समुद्र नग्न छन् र पो जलस्पर्श गर्दछ सूर्यले र बाँड्छ सर्वत्र । (पुडासैनी, २०६२ : १५०)*

बङ्गलादेशको राजधानी ढाकासँग सम्बन्धित रहेको छ यो उक्ति । नियात्राकारको तीन मुलुकको भ्रमणपछि बङ्गलादेश पर्दछन् र यात्राको क्रममा उनी उल्लेख गर्न पुग्दछन् । सांस्कृतिक रूपले अघिल्ला तीन देशहरू भन्दा भिन्न मुस्लिम कट्टरपन्थहरूको केन्द्र, समतल र गहिरो भू-गोलमा अवस्थित बङ्गलादेशको ढाका गहिराइ भित्रको उचाइ हो । उचाइ माथिको उचाइ भन्दा गहिराइ माथिको उचाइ कम मूल्यवान् हुँदैन भन्ने भाव नियात्राकारको रहेको छ । दह, पोखरी, तलाउ र सरोवरहरूमा बाँडिएर सौन्दर्य छरिरहेको ढाका पनि आफ्नै मौलिकताले विशिष्ट छ । धार्मिक कट्टरताभित्र जुन अनुशासन र मानवता विकसित छ त्यसको आफ्नै महत्त्व छ । गहिराइमा विद्यमान् सभ्यता र सौन्दर्यको उचाइ अरूभन्दा कति कम छैन भन्ने सकारात्मक भाव ढाका सम्बन्धी पहिलो नियात्रामा व्यञ्जित भएको छ ।

४.२.२ आत्मीयता

आत्मीयतालाई नियात्राको अर्को महत्त्वपूर्ण तत्त्वका रूपमा लिइन्छ । सामान्य यात्रीका निम्ति नौलो ठाउँको यात्रामा देखिने भेटिने आउने प्रकृति र व्यक्तिहरू मात्र हुन्छन् । तीसँग उनीहरूको कुनै भावनात्मक सम्बन्ध स्थापित नभई उनीहरू नितान्त तटस्थ र अनौपचारिक बनी तीसित संलग्न नरहेर आफ्ना यात्रा सम्पन्न गर्दछन् तर भावुक सर्जक नियात्राकारले भने अनेक बन, उपवन, खोलानाला, बगर फाँट, पाहाड, समय, बाटाघाटा, गाउँ नगर, झुप्रा, महल, मठ-मन्दिर, ताल-तलाउ, मानिस, बोटबिरुवा, पशुपंक्षी, ढुङ्गामाटो लगायत सजीव प्राणी निर्जीव चिजबिज सम्पूर्णसँग आत्मीय सम्बन्ध स्थापित हुन्छ र नितान्त अपरिचितहरू उनीहरूका निम्ति नितान्त परिचित । तिनका सौन्दर्य सुगन्ध, सुख, शान्ति दुःख पीडा र हर्ष विस्मात्मा आत्मीय भावले उनीहरू संवेदित हुन्छन् । जसका कारणले यात्रा साहित्य संवेद्य, सजीव र सुन्दर बन्दछन् । यात्रामा घुमघाम गर्दैजाँदा उसको स्नेहयुक्त व्यवहारबाट त्यस अपरिचित ठाउँमा नर नारीहरूको पनि उसित सुमधुर सम्बन्ध स्थापित हुन्छ (गुरुङ, २०७२ : २२) ।

सिमानाका रङ्ग सिमानाका तरङ्ग प्रसिद्ध नियात्रा सङ्ग्रहमा श्रीलङ्का, थाइल्याण्ड, म्यान्मार र बङ्गलादेशको भ्रमणको बारे उल्लेख गरिएको छ । यस कृतिमा दामोदर

पुडासैनी "किशोर" ले सबैसँग हार्दिक सम्बन्ध राखेका छन् । उनी मान्छे मात्र होइन रुख, वनस्पति, खोला, पाहाड, झरना, वस्ती, शहर, बाटो, जङ्गल, घामपानी, हावा जो सुकैसँग पनि अत्यन्त आत्मीयता प्रकट गर्दछन् । प्रकृति र यस वरिपरिको परिवेशलाई माया गर्न सक्ने मान्छे जीवनसँग पनि दुःखी बन्नु पर्दैन । घामपानी, झरी बादल, हिलो, धूलो, लहर, तरङ्ग, जोसँग पनि खुशी हुनु भनेको जीवनमा दङ्ग पर्नु पनि हो । प्रकृति र संस्कृतिसँग दामोदरले दर्शाएको आत्मीयता अनुकरणीय छ । साहित्यकार 'किशोर' एक मिलनसार सहृदयी कोमल भाव भएका जो सुकैसँग पनि चाँडो घुलमिल हुने सहयात्री भावना भएका व्यक्तित्व हुन् । उनी जुन ठाउँमा भ्रमण गर्दछन् त्यहाँका मानिसदेखि लिएर सम्पूर्ण वस्तुसँग उनको मित्रता गाँसिएको पाइन्छ । हरेक चिजसँग निकटताको सम्बन्ध राखेर फर्किएका हुन्छन् । उनले मान्छेसँग, ठाउँसँग, परिस्थितिसँग, संस्कृतिसँग उनको आत्मीयता गाँसिएको पाइन्छ ।

*एयर होस्टेजसँग अलि ठूलो स्वरले गनगन गरिरहेका स्कार्फधारी दुई अधबैंसे हुनुहुन्छ नि, उहाँहरू दक्षिण एसियाका प्रभावशाली महिला नेतृ शेख हसिना वाजेद र बेगम खालिदा जिया, श्रीलङ्काकी नेतृ कुमारातुङ्गाको बारेमा कुरा गर्दै हुनुहुन्छ । विमानको मूल ढोका छेउमा कोही लेख्दै मस्त हुनुहुन्छ नि चुस्स दाह्री र चिम्सा आँखाधारी, वहाँ जापानीकवि मात्सुओ बासोका पनाति चिनाजान गराउन थालेँ मैले । (पुडासैनी, २०७२:३)*
यात्राका क्रममा लेखक विभिन्न देशका ठाउँमा त्यहाँका विविध समुदायका धर्म, जातजाति, भाषाभाषीका मानिसहरूसँग भेट हुँदा उनका ती मानिसहरूसँगको आत्मीयता निकट रूपमा गाँसिएको पाइन्छ । लेखकको मनमा यात्रा गर्ने क्रममा विमानमा सवार व्यक्तिहरू को को होलान् भनेर कौतुहल उब्जन्छ । ती प्रत्येक व्यक्तिका पहिरनदेखि लिएर सारा हाउभाउ लेखकले एकिन गरेका छन् । यसै क्रममा विमानमा कसैलाई शेख हसिना वाजेद देख्छन् भने कसैलाई श्रीलङ्काली नेतृ चन्द्रका कुमारातुङ्गा देख्छन् । कसैलाई नेपालकै सर्वाधिक उमेरसम्म बाँच्ने वीरनारायण चौधरी देख्छन् ।

विमान सबै आफन्तले भरिएको देख्छन् । हरेक दुतावासका व्यक्तिसँग उनको छुट्टै खालको नाता गाँसिएको छ । प्रत्येक ठाउँमा यात्रा गर्दा उनको त्यहाँका व्यक्तिहरू प्रति आत्मीयता झल्किएको छ । त्यहाँका पसलेदेखि लिएर उच्च ओहदाका कर्मचारीहरूसँगको निकटता बेग्लै किसिमको पाइन्छ । जापानमा भेट भएकी श्रीलङ्काली चन्द्रासँग आत्मीयता

छुट्टै खालको छ । बर्मेलीसँगको ज्वाइँ र ससुरालीको सम्बन्ध बेग्लै खालको पाइन्छ । ढाकाको रिक्सावालासँगको निकटता, बैङ्ककका देहव्यापारीसँग निकट भएर त्यहाँको जनजीवन बुझ्ने प्रयास गर्नु उनले हरेक ठाउँमा भ्रमणका क्रममा त्यहाँ मान्छेसँग आत्मीयता महसुस गरेका छन् र सबैसँग मिलनसार भाव देखाएका छन् । त्यहाँका जीवनशैली बुझ्ने कोशिस गरेका छन् ।

*गुम्बा बाहिर फक्रेका फूलहरू मगमगाइरहेका छन् भित्र धूप बास्ना आइरहेका छन् । हाम्रा गुम्बा, मन्दिर र मस्जिदहरूमा पनि सिको हुनुपर्ने हो हाम्रो केही मन्दिरमा बगेको रगतको खोलो सम्झेर केही बेर तिलमिलाएँ गुम्बा परिसरका सबै मूर्तिहरूलाई नियाल्यौं हामीहरूले । आर्य र द्रविडहरूको मूर्तिकलाका फरक छुट्याउन खोजें मैले । (पुडासैनी, २०७२ : ३५)*

नियात्राकार पुडासैनी यात्राका क्रममा विभिन्न स्थानमा पुग्दा त्यस ठाउँसँग निकट हुन पुग्छन् । यात्रा भन्ने वित्तिकै यात्रा संस्मरण बुझिन्छ । त्यस क्रममा ठाउँसँग आत्मीयता हुनु जरुरी छ । त्यस ठाउँको बारेमा जानकारी नभइकन नियात्रा लेखन असम्भव छ त्यसैले लेखक हरेक ठाउँमा त्यहाँको हावापानी, मौसम, त्यहाँको बोटविरुवा प्राकृतिक बनोटसँग आत्मीयता गाँस्ने गरेका छन् । त्यहाँका घर, मन्दिर मस्जिद समुद्रसँग पनि निकट सम्बन्ध गाँस्दछन् । श्रीलङ्काको हरेक वस्तुसँग नजिकिएका भेटिए लेखक क्यान्डी पाहाडमाथिको वोगम्वरा भ्वावल ताल, ताल समुद्र होटल गलफेरा लगेरोडरी र हिल्टन होटल लगायत क्यालेनिया गुम्बा आदि स्थानसँग लेखकले आत्मीयता गाँसेको पाइन्छ ।

बैंककका हरेक ठाउँको स्थितिको बारेमा जानकारी लिनु त्यहाँको जीवनशैली रहनसहनको बारेमा बुझ्नु लेखकको ठाउँप्रतिको आत्मीयता बढ्नु हो । म्यानमारलाई आफ्नो ससुरालीभूमि ठान्नु त्यहाँको हरेक स्थानको भ्रमणको क्रममा नेपाली भूमिलाई स्मरण गर्नु त्यहाँको हरेक मन्दिर, तालको भ्रमण गरिरहँदा नेपाली भूमिको ताल मन्दिरको स्मरण गरिरहनु लेखकको ठाउँसँगको आत्मीयता अझ स्पष्ट रूपमा प्रष्टिएको पाइन्छ । वोज्योक चोकबाट साँघुरो गल्लीभित्र छिर्दा आफ्नो मातृभूमि नेपालको असन र इन्द्रचोक सम्झन्छन् । म्यान्मारली नेत्री आङसाङ सुकीको जन्मभूमि टेक्न पाउँदा लेखक अत्यन्त हर्षित भएको कुरा उल्लेख गरेका छन् । उनले हरेक स्थानको राम्रोसँग बुझ्ने प्रयास गरेका छन् । यो उनको ठाउँप्रतिको आत्मीयता हो । बर्मामा सुनको स्वर्णगाउँ, जङ्गल र चैत्यहरू मावेल भिक्षापात्र

जस्ता प्रमुख स्थानहरूको अवलोकन गरेका छन् । ढाकाको ढाकेश्वरी मन्दिर जस्ता मुख्य मुख्य स्थलका भ्रमण क्रममा पनि उनले त्यहाँको मानिसदेखि लिएर ठाउँको बारेमा समेत बुझेका छन्  लेखक परिस्थिति अनुसार चल्ने व्यक्ति भएका कारण यात्रामा भेटिएका हरेक चिजसँग नजिकीन सक्ने क्षमता उनमा पाइन्छ । नियात्राकारले जस्तोसुकै परिस्थितिमा पनि आफ्नो लेखन यात्रालाई तिब्ररूपमा अगाडि बढाएको पाइन्छ । नियात्राकारलाई कुनै ठाउँमा जाँदा जटिल परिस्थिति आइपरेको छ तापनि उनी अडिक रहेर आफ्नो यात्रालाई सशक्त ढङ्गबाट लेखेका छन् । लेखक पुडासैनी सरकारी कामकाजको सिलसिलामा अत्यन्त अनुशासित देखिन्छन् । उनी श्रीलङ्काको युद्धमा नडराई अघि बढिरहन्छन् । थाइल्याण्डमा रात्रीकालीन बजारमा, रात्रीकालीन बजारमा देखिएको रङ्गीनतामा रमाउँछन्, बर्माको सैनिक वर्वरतासित पनि रमाउँछन् । लेखक अत्यन्त मिलनसार व्यक्तित्व भएका कारण उनी हरेक ठाउँको भ्रमणमा त्यहाँका संस्कृति रहनसहनबारे नजिकिएर घुलमिल हुने गर्दछन् । प्रत्येक ठाउँको संस्कृतिसँग सदभाव राख्दै निकट भएर नियात्रालाई निरन्तरता दिने गर्दछन् । नियात्राकार हरेक नयाँ ठाउँमा पुग्दा त्यहाँको गुम्बा, मन्दिरमा जाँदा त्यहाँको चालचलनसँग निकट भएर बुझ्ने गर्दछन् । साथसाथै त्यहाँको चालचलन भेषभुषासँग पनि निकट सम्बन्ध कायम गर्न रुचाउँछन् । लेखक कुनै धर्म वा जातमा मात्र विश्वास गर्दैनन् । उनी हिन्दु, इसाई, इस्लाम संस्कृतिका राम्रा पक्षलाई ग्रहण गर्ने र खराब तत्त्वहरूलाई खुलेर विरोध गर्दछन् । सिमानाका रङ्ग सिमानाका तरङ्ग  कृतिमा लेखकले आत्मीयताका विविध पक्षमा विषयका रूपमा प्रस्तुत गरेका छन् । लेखक जुनसुकै स्थानको भ्रमणमा त्यहाँको व्यक्तिदेखि लिएर सम्पूर्ण चिजसँग आत्मीयता गाँस्नु उनको प्रवृत्ति हो । उनले हरेक ठाउँको भ्रमणका क्रममा लेखकले मान्छेसँग ठाउँसँग, परिस्थितिसँग आत्मीयता गाँसेको बुझिन्छ ।

### ४.२.३ स्थानीयता

यात्रा साहित्यको महत्त्वपूर्ण आधारभूत तत्त्व स्थानीयता हो यात्रा कुनै पनि स्थान विशेषसँग सम्बद्ध हुने भएकोले यात्रा गरिएको स्थानको परिवेश एवम् त्यहाँ साक्षात् हुन आउने प्राकृतिक, भौगोलिक, सामाजिक, सांस्कृतिक जस्ता विविध घटना र परिदृश्य युक्त स्थानीय रङ्गले यात्रा साहित्यमा आधारसिलाको रूपमा प्रमुख स्थान ओगटेको हुन्छ । यसको अभावमा यात्रा साहित्य सिर्जनाको कल्पना समेत गर्न सकिंदैन । स्थानीयताको माध्यमद्वारा

स्थान विशेषको कटुसत्यको उजागर गरेर यात्रा साहित्यलाई सुस्वाद, पठनीय र सङ्ग्रहणीय बनाउन सकिन्छ (व्यास, २०७० : ८३) ।

*आतङ्क र भयका रेखाहरू अध्याँरो बनेर टोक्न थाले पाइतालादेखि नै । मन सुन्दर अध्याँरा टाटाहरू बन्दुक, बम र बारुदका सिकुवा लाग्न थाले । सडक र पेटीहरूमा रगतका फाल्साहरू टेकिने हुन् कि भन्ने आशङ्काले अधिर बन्यो मन । (पुडासैनी, २०७२:५)*
नियात्राकार दामोदर पुडासैनी शान्तिकामी व्यक्ति हुन् श्रीलङ्कामा पुगेर नजिकबाट आन्तरिक द्वन्द्व नियाल्न पुग्छन् र उनले श्रीलङ्का यात्रामा जसरी तामिल र सिंहाली युद्धले जनताहरू त्रसित थिए, त्यसैगरी नेपालमा पनि सरकार र माओवादीको द्वन्द्वले चर्किएको राजनैतिक दुरावस्थालाई उनले श्रीलङ्काबाट सम्झेर दु:खी भएका छन् ।

*चर्को आवाजमा बजिरहेछ अंग्रेजी गीत । गीतमा यौन उन्मादका कुरा छन् । कुतकुतीका कुरा छन् । नसाको रङ्ग र नाङ्गा नर्तकीको कटाक्ष नृत्यको तरङ्गमा तातिरहेछन् दर्शकहरू । नग्न गीतमा नग्नाहरूको चालढालले चुकचुकाइरहेका छन् दर्शकहरू । अघिपछि देख्न मुस्किल पर्ने सबै अङ्गमा इङ्गित गर्दैछन् नृत्याङ्गनाहरू । गीतले भन्छ - हिम्मत छ भने आउ मेरो जुनसुकै अङ्ग चलाउ, कुतकुत्याउ र जे-जे मन लाग्छ त्यही गर । (पुडासैनी, २०७२:६४)*

थाइल्याण्डको स्वच्छन्द यौन बजार देखेर उनी ताजुब मान्छन् । के विधि छाडा होला भनेर उनी आश्चर्यको पाहाड नै उक्लन्छन् । मानिस कतिसम्म नाङ्गीन सक्ने होला भनेर जिभ्रो काड्छन् । मानिसहरूको त्यो भौतिक नङ्ग्याइ एउटा रहस्यहरूको आवरण पनि लाग्छ उनलाई । देख्न त थाइल्याण्डमा उनले धेरै कुरा देख्छन् । त्यहाँको विकास, समुद्र र जीवनशैलीले पनि उनी प्रभावित हुन्छन् तर त्यहाँको आँखै तिल्मिलाउने यौन बजार आश्चर्यको सगरमाथा ठान्छन् ।

***म्यान्मा, द गोल्डेन ल्यान्ड-विमानस्थलबाट बाहिरिने वित्तिकै परिचय खोल्यो एउटा साइनबोर्डले । अग्ला रूख र वस्तीका बीचबीचबाट छ्यापछ्याप्ती चियाइरहेका छन् बौद्ध चैत्यका सुनौलो गजुरहरूले पनि एकै स्वरमा भने - हो सुवर्णभूमि हो म्यान्मा । मान्छे र गाडीहरू उस्तै रूपमा हिँडिरहेका छन् । सडकमा महिला हुन् या पुरुष सबैले टिसर्ट लुङ्गी चप्पल पहिरेका छन् । सर्ट पाइन्ट र जुत्ता पहिरेको देखिँदैन कसैले पनि । सडक छेउमै पसलहरू छन् सडक नै ढाक्ने गरी राखिएका छन् सामानहरू ।*** *(पुडासैनी २०७२ : ७२)*

नियात्राकार आफ्नो ससुराली गाउँमा पदचाप टेक्न पाउँदा खुसीले गमक्क फुलेका छन् । म्यान्मामा देखिने बजार र जीवनशैलीदेखि प्रकृतिक दृश्यहरूसँग उनी सम्मोहित भएका छन् म्यान्मामा बुद्ध धर्म मान्नेहरूको बर्चस्व देखेर उनी त्यस्तै खुशी बन्छन् । स्वतन्त्राकी देवी मानिने शान्तिको पक्ष घर विश्वप्रसिद्ध नेतृ आन सान सुकीको देशमा पाइला राख्न पाउँदा पनि उनलाई असाध्यै खुशी लागेको छ ।

हाम्रातिर त्यति महत्त्व नदिने लुङ्गीलाई यहाँ राष्ट्रिय पोशाक नै मान्दा रहेछन् । सवैजना असजिलोपन हुन्छ र ती स्थानीय मानिसहरूलाई हेरेको हेऱ्यै हुन्छन् । दुर्गा, रामजानकी, गणेश, सरस्वती, पशुपतिनाथ र बुद्धका मूर्तिहरू । मूर्ति र मन्दिरका बीच बिचमा तुलसीका मठहरू, पिपलका चौतारीहरू । श्रीकृष्ण गोविन्द हरे मुरारे हे नाथ नारायण बासुदेव एक हुल मान्छेहरू नाचिरहेका, भजन गाइरहेको परिदृश्य देख्दा आफ्नो भाषा, भेष र संस्कृतिलाई जगेर्ना गरिरहेको त्यस स्थानमा बसोबास गर्ने सम्पूर्ण नेपाली दाजुभाइहरूलाई धन्यवाद दिन्छन् ।

***सडकमा हिंडिरहेका प्रायः सबै मान्छेको मुहारमा लेपन गरिएको छ श्रीखण्ड जस्तै लेपले । 'तनखा' नाम रहेछ त्यसको । तनखा दलेपछि अनुहार घामले डढ्न पाउँदैन, छाला मुलायम गोरो र पक्किने बन्छ, यो रामवाण हो अनुहारको समस्याको लागि म्यान्मा पुगेकै दिन राजदुत पत्नीले बताउनु भएको थियो ।*** *(पुडासैनी, २०७२:१४२)*

के युवा के बृद्ध बङ्गलादेशको बारिधारा सहरमा मुखमा तनखा पोतेर हिँड्ने चलन रहेछ । घामले मुख डढ्छ भनेर यस्तो गर्दा रहेछ । त्यहाँ त सक्कली अनुहार कस्तो हुन्छ भनेर देख्ने तपाईले आ-आफ्नो देशको आफ्नै चलन भने कही शिवजीको नाउँमा निधारमा श्रीखण्ड लेपन गरिन्छ भने कही अनुहारलाई तन्नेरी बनाउन तनखा लेपन गरी हिड्नुपर्ने रहेछ भन्ने नौलो ज्ञान हासिल गरी याङ्गुनबाट विदाबारी भई ढाकातर्फ लागेको कुरा नियात्राकारबाट ज्ञात हुन्छ । बंङगलादेशमा गरिबीको मात्रा बढी रहेछ जता जाऊँ त्यो सङख्या छ छ्याछ्याप्ती भेटिने रहेछ । नारीको पहिरन कुर्ता सुरुवालको त खानी नै रहेको कुरा पनि नियात्राकार प्रस्तुत गर्दछन् ।

मुसलमानहरूले मनाउने रमजानको पनि जानकारी दिंदै एक महिनाको रोजाब्रत बस्नु पर्ने कठोर नियम तर कुनै पनि बेला पर्वहरूमा मुसलमानी महिलाहरूलाई देख्न नपाइने सन्दर्भ पनि नियात्राकार दामोदर पुडासैनीले अघि सारेका छन् । ४ लाख

रिक्सावालाहरूले आफ्नो व्यवसाय रिक्सा गुडाएर जिवीकोपार्जन गरिरहेको अवस्थाको चर्चा गरेका छन् । रिक्सावालाहरूको बीचमा प्रतिस्पर्धा चल्ने बाजी थापेर रिक्सा चलाउने चलन रहेको देखिन्छ । अधिकांश रिक्सावालालाई क्यान्सर हुने सुन्नमा आएको कुरालाई नियात्राकारबाट वर्णन गरिएको पाइन्छ ।

*पारिपट्टि भीड नै भीडको अर्को झुन्ड सलवलाइरहेछ । भीड नै भीडले घेरिएको छ काली मन्दिर । काली मन्दिरमा तह-तह परेका छानाहरू छन् । छानाभरि भीडछ देवीदेवताहरूको । प्राङ्गणमा मान्छेको दोहोरीलता, छानाहरू दीपस्तम्भ झैं उभिएका देवगण । हिन्दुले भित्तो भेट्यो कि देवता खोज्छ । इस्लामले रित्तो भेट्यो देख्यो कि अल्हाह खोज्छ भन्छन् । अझ मन्दिर नै देखेपछि हिन्दुले के छाड्थ्यो निहुँरिन । हामी पनि भीड छिचोल्दै पुग्यौं माता कालीको चरणस्पर्श गर्न (पुडासैनी, २०७२ : १४६)* बङ्गलादेशमा कालीमन्दिर दर्शन गर्न पाउँदा हिन्दुत्वको गौरव , मन्दिरको बनोट र कला कौशलको वर्णन, इस्लामिक र हिन्दुहरूको आ-आफ्नो चलन नियात्राकारले बयान गरेका छन् । ठेलमठेल पेलमपेल अत्याधिक जन चापले भरिएको सहर, रातमा दुलही झैं देखिने गुल्सन ताल, मिडियम टावर, उदोय टावर, नामाना सपिङ कम्प्लेक्सहरूमा मानिसको भीडभाड देखिने चर्चा गरेका छन् ।

बङ्गलादेशका मान्छेहरूमा प्रतिव्यक्ति आय कम भएपनि पसलहरूमा किनबेचको तामझाम देख्दा सम्पन्नताले भरिपूर्ण लाग्ने ढाका शहर भनी नियात्राकार वर्णन गर्न पुग्छन् । भने अर्कोतर्फ बजार र सडकहरूमा रगरगती माग्नेहरू देखेर यो मगन्तेहरू कै सहर हो जस्तो लाग्ने अनुभव पनि प्रस्तुत गरेका छन् ।

### ४.२.४ चित्रात्मकता

यात्रा साहित्यका आधारभूत तत्वहरूमध्ये चित्रात्मकता एक नौलो अत्यन्त महत्त्वपूर्ण तत्त्व हो । यसले कृतिलाई सजीव तुल्याइदिन्छ । यात्रासाहित्यको कृतिमा यात्रावर्णन सम्बन्धी त्यस्तो शाब्दिक चमत्कार हुन पर्दछ । जसबाट यात्राका क्रममा साक्षात्कृत विविध प्रकारका दृश्यावली साथै लेखक स्वयम्का निजात्मक अनुभूति तरङ्गहरू समेत पाठकका आँखामा जीवन्त रूपले झल्झलाकार भएर मूर्तिन सकून् । चित्रात्मकता यात्राको नैसर्गिक गुण हो । चित्रात्मक योग भन्नाले यस प्रकारको सजीव शाब्दिक चित्रात्मक वर्णन अपेक्षा गरिन्छ । कसै कसैले क्यामराले खिचेका चित्रहरूले यात्रा साहित्यिक कृतिहरूमा सन्दर्भ अनुसार यथायथा स्थानमा साज्जत तुल्याउने अर्थमा पनि लिने गर्दछ । तर कृतिमा

समावेश गरिएका तस्बिर भन्दा चित्रात्मक भाषशैलीमा यात्रावर्णन गर्नु लेखकको महानता हो ।

यस कृतिमा नियात्राकारले शाब्दिक चित्रात्मकताको प्रयोग गरेका छन् । सिमानाका रङ्ग सिमानाका तरङ्ग नियात्रा कृतिमा नियात्राकार पुडासैनीले चित्रात्मकतालाई विल्कुलै नवीन तवरले प्रस्तुत गरेका छन् । जसले गर्दा नियात्राकार यात्राका क्रममा जनु जुन स्थानमा पुग्छन् त्यहाँको चित्रावली दृश्यलाई शब्दमा खिचेर पाठकलाई पनि आफूसँगै यात्रा गरिरहेको जीवन्त अनुभूति दिलाइ रहेका छन् । यसर्थ उनको यो कृति पाठकहरू माझ अत्यन्त लोकप्रिय बन्दै गइरहेको छ । नियात्राकार श्रीलङ्काको कोलोम्बोमा पुग्दा त्यहाँ चलिरहेको गृहयुद्ध, आतङ्क र भय, तामिल र सिंहालीका भिडन्त भइरहेका अशान्तिको डरलाग्दो अवस्था देख्दा नेपालमा चलिरहेको आक्रान्त, रक्तआहालमा देश डुबेको एवम् जनयुद्धको चित्र लेखकको आँखामा झलझली आउँछ ।

*आँगन अधिल्तिर भोगेटे, निबुवा, हलुवावेद, ज्यामिर सुन्तला अम्बा संसार हल्लाउने सौन्दर्य छरिरहेका छन् । कोकलेको आवाजले कुनाकुना व्याँझाउँदै छ, चिबेको चिरविर जुरेलीको कुलकुल अँधेरी खोलाको झरना भन्दा झर्रो छ । आँगनभरि घाम चुस्दै गरेका सुनौला मकैंलाई ट्वाक टुक्क पार्दैछन् एक हुल सारौटेहरू । फलैँचामा वा आमा बसिरहनु भएको छ पिँढीमा हामी तीनभाइ । (पुडासैनी, २०७२ : ११)*

हरियाली रुखहरूले ढकमक्क ढाकेको सुन्दर श्रीलङ्का प्रकृतिको बरदान पाएको देश जस्तो छ । त्यहाँको ग्रामीण परिवेश नरिवलको वगान, काजु वगान, बजारको सामग्री फलफूलको हरेक कुराले श्रीलङ्काली ग्रामीण वातावरण कृषि वनस्पतिसँग जोडिएको जीवनशैली जीवन्त भएर आउँछन् । उनले आफ्नो स्वदेशको परिवेश सम्झन्छन् र उनको वर्णनकलामा नूतनता थप्छ, पृथकशैली उता बोल्दाबोल्दै अन्यत्रका बिम्बहरू पस्ने एउटा साम्य चित्र उत्पन्न हुने अत्यन्तै रमाइलो प्रकारको प्रस्तुति छ ।

*हामीकहाँ पनि के कम छ र सुम्ला बेच्ने बजारको । नेपालगन्जको गगनगन्जमा एक्लै हिँडे पनि छोरीचेलीसँग डुले पनि, छोइछिटो हाल्न पर्ने स्थिति थियो एकताका । लाल्टिन बजार, झिल्के उस्पार, बटौली, बेनी, विराटनगर, विरगन्ज, रौतहट जे भने पनि भित्री धन्दा अर्कै छ भन्ने बुझिन्थ्यो । (पुडासैनी, २०७२ : ५९)*

लेखक यात्राका क्रममा थाइलाण्डको बैङ्कक शहर पुग्छन् त्यहाँको रङ्गीन रात्रीजीवन, नाङ्गो आकाश नाङ्गै धर्तीलाई अवलोकित गर्दछन् । त्यहाँको चालढाल चर्तिकला देख्दा यस्तै चर्तिकला लुकिछिपी अवैधरूपमा हाम्रै देशका नेपालगन्जको गगनगन्जमा हुने विराटनगर विरगन्ज, रौतहट, लाल्टिन बजार, भिल्के उस्पार, बटौली बेनी आदि ठाउँको होटल रेष्टुराँमा हुने चित्रलाई उजागर गर्न पुग्दछ । बैङ्कक र नेपालका विविध ठाउँमा हुने देहव्यपार उस्तै हो तर फरक यति मात्र छन् कि बङ्कैक शहरमा बैधपूर्ण ढङ्गले हुन्छ । यस्तो व्यवसायबाट सरकारलाई ट्याक्स समेत प्राप्त हुन्छ भने नेपालमा यस्तो कार्य गर्न छुट छैन र लुकी चोरी हुने कुरालाई प्रष्ट पार्दै बैङ्कक शहरको रात्री जीवन नियालेपछि कहिले नेपालगन्जको गगनगन्जमा पुगेको वा विराटनगर विरगन्ज रौतहट बजारमा पुगेको अनुभव गर्न पुग्छन् । लेखक यात्राका क्रममा म्यान्मा पुग्छन् । म्यान्माको बोभ्हो मार्केट पुगेपछि काठमाडौंको गुल्जार गल्ली असनको इन्द्रचोक पुगको आभास हुन्छ । यसै अनुभूतिलाई पाठकसामु यसरी वर्णन गर्छन् । साँघुरी गल्लीभित्र छिऱ्यौं हामी । इन्द्रचोकको पोतेबजार जस्तै साँघुरो गल्ली । पसल भने ठूला ठूला नौतले घर बनाउने औकात राख्ने त  ती अड्गुल बाटो छोड्न । पुरातन संस्कृति पुरातन वस्ती साँघुरो गल्ली घुम्दा ठ्याक्कै काठमाडौंको पुरानो इन्द्रचोक गल्ली तर्फ यात्रा गरिरहेको निजी अनुभवसँगै म्यान्माको बोभ्ह मार्केटलाई काठमाडौ इन्द्रचोकको पोते बजारको दुरुस्त चित्र पाठकहरूको दिमागमा छोड्न सफल भएका छन् । त्यहाँका युवा युवतीहरूले अनुहारभरि तनखा पोतेर हिँड्ने र यता नेपालमा श्रीखण्ड लेपन गर्ने कार्यको चित्रण पनि अभिव्यक्त गर्न पुग्दछन् ।

*नदी किनारमा मन्दिर बनाउनु पवित्रतातिर उन्मुख हुनु हो । तन र मनका कल्मषहरूलाई सिनित्त पार्न खोज्नु हो । क्यालेनिया नदीको किनारमा गुम्बा सामु उभिएपछि कोशी र कोका नदी किनारको बाराहक्षेत्र, नारायणी किनारका देवघाट, बाग्मती छेउको पशुपति, कालीगण्डकी किनारको रिढी र कर्णाली छेउको खार्पुनाथ मेरो मष्तिष्कमा चलचित्रका रिलभ्हैं घुमे । (पुडासैनी, २०७२ : ३२)*

यस्तो चित्रात्मकताले मानिसमा धार्मिक आस्था प्रवृत्तिको दृश्य संयोजन गर्दछ । सिमानाका रङ्ग सिमानाका तरङ्ग  नियात्रामा नियात्राकार दामोदर पुडासैनी ‘किशोर’ले भ्रमण गरेका ठाउँहरूको प्राकृतिक सम्पदाको मात्र होइन प्राकृतिक र ऐतिहासिक सम्पदाहरू र स्मारकहरू गुम्बा धार्मिक मठ मन्दिरहरूको सुन्दर वर्णन गरिएको पाइन्छ । म्यान्मामा

नदी किनारमा रहेका गुम्बाहरू क्यालेनिया नदी वस्तुस्थितिलाई मध्यनजर राख्दै आफू सो ठाउँमा पुग्दा कोशी र कोका नदी किनारको वाराहक्षेत्र, नारायणी किनारको देवघाट बाग्मती छेउको पुशपति मन्दिर आदिलाई सम्झेर विदेशमा पुगेर पनि स्वदेशको अनूभूति गर्न पुग्छन् । वास्तवमा नियात्राकारको ससुराली थलो पनि यही हुनु अनि नेपाली मूलका नेपाली मन, मुटु, संस्कार, संस्कृति र सभ्यता बोकेका म्यान्मालीहरू रहनुले स्वभावैले यतातर्फ नियात्राकारको भावना केन्द्रित भएकोले पनि म्यान्मा वर्णन यो कृतिको केन्द्रीय कथ्य बन्न पुगेको अनुमान गर्न सकिन्छ ।

४.२.५ तथ्यात्मकता

तथ्यात्मकता यात्रा साहित्यको अत्यन्त महत्त्वपूर्ण तत्त्व हो । यात्राका समयमा भेटिएका मानिस र तिनसँगका कुराहरूको तथ्यको विवरण नियात्रामा "किशोर'ले' स्पष्ट रूपमा उल्लेख गरेका छन् । यात्रा गरिएका स्थलहरूमा पाइने तथ्यपरक प्रतिवेदन प्रामाणिक आख्यान, विषयगत तथ्यहरूको विवरणसँगै उनले सिमानाका रङ्ग सिमानाका तरङ्ग नियात्रा कृतिमा नवीन यथाशक्य सत्य सूचना र ज्ञानलाई गहनरूपमा उल्लेख गरेका छन् । नियात्राकार दामोदर पुडासैनी "किशोर" ले प्रस्तुत कृतिमा विमानका परिचारिकाहरूले पहिरिएका पहिरन बारे होस् या हवाइ मार्ग या गाडीका सिसाबाट देखेका दृश्यबाट होस् "किशोर"ले सत्य तथ्य जानकारी दिन कँही कतै चुकेका छैनन् । नियात्राकार 'किशोर'ले भौगोलिक अवस्थाको चित्रणका साथै अँध्यारो आकाशमा तीन घन्टा वेग लिइएपछि विमान श्रीलङकाको भूमिमा ल्याण्ड भएको न न्यानो न गर्मी ठिक्कको मौसम भएको श्रीलङ्काको हावापानीबारे उल्लेख गरेका छन् । श्रीलङ्कामा गृहयुद्ध चलिरहेको समयमा पुगेको र बजिररोडमा बम पड्केको आवाज चित्कार आतङ्क भयको अवस्था उल्लेख गरेका छन् ।

*क्यालेनिया गुम्बासँगै अर्को गुम्बामा डोऱ्याइन् चन्द्राले । यी हुन विहार महादेवी अर्थात सुनामीकी देवी-परिचय गराइन चन्द्राले । एक समयमा श्रीलङ्कालाई सुनामीले असाध्य दुःख दियो । घरीघरी सुनामी आइरहँदा धेरै जनधन स्वाहा भए । त्यतिखेर राजाले आफ्नी छोरीलाई देवीको प्रार्थना गरी सुनामी रोक्न आग्रह गरे छोरीले यिनै विहार महादेवीको पूजा र प्रार्थना गरेपछि सुनामी रोकियो । (पुडासैनी, २०७२ : ३४)*

नियात्राकार श्रीलङ्काको क्यालेनिया गुम्बामा पुग्दा सुनामीकी देवीका बारेमा यथार्थ जानकारी प्राप्त गर्न पुग्छन् । देवीको स्थापनाका कारण, इतिहासलाई खोतल्दै यात्रा विवरण

पाठकसामु पस्कन्छन् । सुनामीकी देवी प्रतिको अगाध आस्था र त्यहाँको जनविश्वास स्वयम् राजाले नै छोरीलाई सुनामी रोक्न देवीप्रति आराधना गर्न लगाएको यावत त्यो कालखण्डको कुराले मन्दिर स्थापना गरेको इतिहासलाई जिवित एवम् प्रामाणिक आधारको रूपमा लिन सकिन्छ । *राजा कीर्तिश्री मेघावान्ना (३०१-३२८) को शासनकालमा युवराज दन्त र युवराज्ञी हेमामालाले भारतका कलिङ्गा राज्यबाट पवित्र दाँत श्रीलङ्कामा ल्याए, पेनानवालाले खोस्रिए इतिहास । तपाईं त बुद्ध जन्मेको ठाउँको मान्छे, मेरो भाग्यमा कहिले होला त लुम्बिनीमा शिर निहुऱ्याउने ? यो जन्ममा लुम्बिनी आउन सकिन भने पनि मेरो प्रणाम पुगोस है बुद्धसम्म' । (पुडासैनी, २०७२ : १९)*

नियात्राकार श्रीलङ्का पुग्दा त्यहाँ स्थानीय पेनानवालासँग भेट्छन् । यो एउटा तथ्यपरक विवरण हो  यी उल्लेखित ऐतिहासिक तिथिमिति सहितको यथार्थ विवरण हुन् । परिवेश, भोगाइ र सन्दर्भप्रति यथोचित र यथातथ्य प्रस्तुति भएको उक्त नियात्रांशमा लेखक स्वयम् बुद्ध जन्मेको देशमा नागरिक भएको जानकारी पाउँदा पेनानवाला हर्षले पुलकित हुन पुग्छन् । लेखकलाई बुद्धकै दुतको रूपमा झलझली सम्झिन्छन् । लेखकका यस्ता निजात्मक अनूभूतिले तथ्यलाई स्वादिलो बनाएका छन् ।

*राजा महेन्द्रको समयमा नेपालले एउटा विशाल बुद्धमूर्ति र बुद्धजीवन झल्कने अठ्तीस थान मूर्ति उपहार दिएको रहेछ बर्मालाई । बर्मेली राष्ट्रपति ऊ ने विनमा विजयाको दर्शनले शक्ति र सफलता मिल्ने विश्वास थियो । त्यसैले त आफ्नो शासनकालमा सङ्कटको बादल उठ्यो कि महाविजयामा पुगिहाल्थे उनी । (पुडासैनी, २०७२ :* १०६) नियात्राकार बर्मामा रहेको महाविजया विहारमा पुगेर त्यहाँ अवस्थित बुद्धका मूर्तिहरूलाई अवलोकन गर्दछन् । नेपाल बर्माको बिच हार्दिक सम्बन्ध राजा महेन्द्रले बर्माका राष्ट्रपति ऊ ने विनलाई बुद्धका मूर्ति उपहार दिएको तथ्यलाई उजागर गर्दछन् ।

*बङ्गलादेशमा पढ्न बस्नेहरू बन्द व्यापारमा आवतजावत गर्नेहरू सैनिक तालिमका लागि पुगेकाहरू नेपालमा बिरिक्तिएर ढाकातिर ढुन्मिुनियकाहरू भेटिए । अन्तर्राष्ट्रिय सङ्घ सङ्गठनमा नेपाली प्रतिभाहरू देखाइरहेका भेटिए । त्यहाँ नेपाली भाषा घन्किरहेथ्यो । नेपाली भेष चम्किरहेथ्यो । दुःखका स्मरण हुँदैथे आपसमा । सुखका सम्झना बाँडिदैथे आपसमा । एउटा सानो नेपाल बास बस्न आएको थियो ढाकाको ढाडमा । (पुडासैनी २०७२ : १५५)*

लेखक बङ्गलादेशको ढाकामा पुग्दा त्यहाँ विविध उददेश्यले बङ्गलादेशको ढाका शहरमा नेपालीहरू पुगिरहेको भेट्छन् । नेपालीहरू विश्वको कुनै कुनामा पुग्दा पनि आफ्नो मौलिकता र संस्कृतिलाई बिर्सन सकिदैन् । नेपालीहरू परदेशमा आपसमा भेटघाट हुँदा दुःख सुख साटासाट गर्दछन्, आफ्नो पहिचान नेपाली भाषा भेषभुषालाई गौरवका साथ आत्मसात गर्दछन् तर यहाँनिर लेखकको आत्म अनुभूति पनि छ त्यो के हो भने अन्यन्त्र जस्तो यस ढाका शहरमा नेपालीहरू एक आपसमा भेट्दा कुनै नाचगान मनोरञ्जन कार्यक्रम नहुने रहेछ । उनी त्यहाँको वातावरण नेपालीहरूको जमघट हुनु, खानपान र हाँसीमजाक हुनु तर नाचगाँन र गानाबजाना नहुनु, आकारविनाको घर हुनु जस्तो लाग्यो मलाई भनी अनुभूति पोख्दछन् । वास्तवमा मान्छेमा जुन सौहार्द्रपूर्ण अनुभूति हुनु पर्ने हो सो नहुँदा लेखक यहाँनिर अन्यौल मिश्रित भावनामा लीन हुन्छन् ।

यात्रांशमा नियात्राकारले बौद्धमार्गी र सिंहालीको साझा थलोको रूपमा क्याण्डी सहर रहेको तथ्यलाई उजागर गर्दै एक आपसमा धार्मिक सहिष्णुता सदभावपूर्ण भावनामा बाँचिरहेको कुरा उल्लेख गरेका छन् । सहरको कला कौशल मान्छेको सीप, सहरको हरियाली प्रकृतिको बयान मान्छेको अथक प्रयास र सीपले ढुङ्ग्याने पहिरो खोपिएको, मूर्ति कुँदिएको, मन्दिर खोपिएको मान्छेले चाहे भने हरेक ढुङ्गा देवता बन्दोरहेछ भन्ने नियात्राकारको अनूभूति पोख्दै सुन्दर कलापूर्ण र अर्थ युक्त सिंहालीको मन्दिर भएको क्याण्डी सहरको ठाउँ ठाउँमा गल्माडुवा विहार, हान्दागाला विहार, मेदावाला विहार मन्दिरहरू मुस्कुराइरहेका तथ्यलाई प्रस्तुत गरेका छन् ।

प्रथम राजा अनवरहनाले एघारौं शताब्दीमा बर्माको एकीकरण गरेको, तीनपटक एङ्गलो म्यान्मा युद्धपछि बेलायती साम्राज्यमा बर्मा फसे पछि ४ जनवरी १९४९ मा स्वतन्त्र राज्यको रूपमा म्यान्मा खडा भएको ऐतिहासिक तथ्यलाई पनि नियात्राकार नियालेर खोतलेर पूर्ण रूपमा  तथ्यलाई प्रस्तुत गरेको पाइन्छ ।

### ४.२.६ रोचकता

नियात्राकार श्रीलङ्काको स्वतन्त्र पार्कमा पुग्दा आकार ज्यान ठूला सिंहालीहरू सिंहनाद गर्दै आफू समक्ष आएको नियात्राकार उनीहरू लुटेरा हुन् कि भन्ने शङ्का लागेर अब डुब्ने भो भनी मनमा भय र त्रासले ग्रस्त भएको अवस्था वास्तविकता थाहा भएपछि अचम्म भएको कुरा यहाँ प्रस्ट्याइएको छ । एक प्रकारको आयुर्वेदिक औषधी सिंहदेलेपा

सिंहालीद्वारा उनीहरूकै भातृभाषमा बेच्न आउँदा भाषा नबुझेर लेखक छक्क पर्दछन् र चन्द्राबाट सही जानकारी पाउँछन् । यस्तो रोचक प्रसङ्गहरूलाई पनि शुद्ध ढङ्गले समेटेर नियात्रामा रोचकपूर्ण तवरले मिठास थपेका छन् ।

*उहाँहरू नै हो - टिर्सट, लुङ्गी र चप्पल पहिरेका तीन पुरुष र ब्लाउज, लुङ्गी र चप्पल पहिरहेका दुई बर्मेलीलाई चिनाउनु भयो राजदूतले । उच्च अधिकारी भनिएको छ पोशाक भने टिसर्ट, ब्लाउज, लुङ्गी र चप्पल । हाम्रो गर्मी महिनामा तराईका घरभित्र रहँदाको पोशाक जस्तो त्यो गर्मीमा पनि किन सुट टाइमा टनक्क परियो होला आफू । झण्डै हाँसो फुस्केको मुखबाट । (पुडासैनी, २०७२ : ७४)*

नियात्राकार बर्मामा भएको एक शिष्टाचार भेटमा त्यहाँका सरकारी अधिकारीहरूको पोशाक संस्कृतिलाई अवलोकन गर्दाको प्रसङ्गलाई रोचक ढङ्गले प्रस्तुत गर्दछन् । आफू टाइसुटमा गएको तर त्यहाँका सरकारी कर्मचारी भने वातावरण अनुकुल पोशाकमा आफ्नो अगाडि उपस्थित हुँदा कतै आफू नै त्यहाँको वातावरण घुलमिल हुन नसकेको कुरालाई उजागर गर्दै बर्मेलीहरूको राष्ट्रिय पोशाक नै लुङ्गी टिसर्ट भएको रोचक प्रसङ्ग पाठकसामु सम्प्रेषण गर्न पुग्छन् ।

रोचकता पनि नियात्रा साहित्यको अभिन्न तत्त्व हो । जुन कृतिमा रोचक घटना हुन्छन् त्यो साहित्य नै उत्कृष्ट साहित्य कहलाउँछ । सिमानाका रङ्ग सिमानाका तरङ्ग नियात्रा कृतिमा दामोदर पुडासैनी "किशोर" ले रोचक-रोचक घटना प्रसङ्गहरू समेटेका कारणले पाठकलाई कृति जति दोहोऱ्याएर पढ्दा पनि पढ्ने उत्सुकतामा कमी हुँदैन । यसर्थ नियात्राकार रोचकतालाई अत्यन्त गहनरूपले प्रस्तुत गर्न सफल भएका छन् ।

***ऊ ऊ ड्रयागन आयो, ड्रयागन - रेष्टुरेन्ट साहुजीको 'किशोर' छोराको आवाजले पिरोमा पड्किन लागेको ध्यान पारिपट्टि मोडियो । खाडीचौरबाट चुनढुङ्गा खानीतिर जस्तो पारिपट्टि डाडामा सर्प घस्रे झैँ देखियो । नजानिदो मोडदार चुचुरामा मोडियो पनि । अलिपर एउटा चुचुराबाट अर्को चुचुरा तर्दा पो प्रष्ट दखियो रेल ।*** *(पुडासैनी, २०७२ : २३)*

प्रस्तुत नियात्रांशमा नियात्राकार 'किशोर'ले साच्चै ड्रयागन नै भेटिए जस्तै पाठकको मनमा रोचकता प्रस्तुत गर्दछन् वास्तवमा श्रीलङ्काको क्याण्डी सहरमा रेलको नाम नै

ड्रयागन भएको नाम ले नै पाठकको हृदयमा हलचल पैदा गर्ने रोचकता महसुस गर्न सक्ने तवरले यात्रा अनुभूति प्रस्तुत गरेका छन् ।

*सिल्देलेपा, सिल्मदेलेपा-चन्द्रा नआइपुग्दै हरेक झोलाबाट झिक्दै देखाउन थाले रङ्गीविरङ्गी वट्टा र सीसीहरू । ढाड सड्केको कम्मर मर्केको, थकाइ लागेको, निद्रा भागेको सबैको लागि सञ्जीवनी हो सिद्धदेलेपा - पञ्च धम्मर धुजहरूको सिंहाली विज्ञापनलाई अंग्रेजीमा अनुवाद भयो चन्द्राबाट । (पुडासैनी, २०७२ : ३६)*

यसरी नै नियात्राकार "किशोर"ले बङ्गलादेशको ढाकामा मान्छेहरू आधा ढाकेर हिँड्ने परिदृश्य, तनखा पोतेर हिँड्ने प्रसङ्ग, रिक्साहरूको शहर ढाका, रिक्सा मै आजीवन बित्ने रिक्सावालहरूको जनजीवन । असन इन्द्रचोकको पोते बजार जस्तो साँघुरो गल्ली भएको शहर हिन्दुशैलीमा सजिएको ढाकेश्वरी मन्दिर कला कौशलको उच्चतम शिखर भएको स्वेडगाउँ, सुनको स्वेडगाउँ । कलात्मक मुकुटले सजिएको स्वेडगाउँको धरोहर प्यागोडा बुद्धका मूर्तिहरू, काली मन्दिर, धार्मिक पुरातात्त्विक र ऐतिहासिक महत्त्व झल्किने स्थानहरू पनि रोचक रहेको छ ।

मूलत : सिमानाका रङ्ग सिमानाका तरङ्ग नियात्रा सङ्ग्रहमा "किशोर"ले यात्राका क्रममा जुन जुन स्थलमा पुग्छन्, त्यहाँका प्रत्येक घटना, प्रसङ्ग मठमन्दिर संस्कृतिको रोचक प्रसङ्गलाई पनि समेटेका छन् । यस्ता प्रसङ्गहरूले गर्दा नियात्रामा सुनमा सुगन्ध थपिएको छ ।

### ४.२.७ निजात्मकता

निजात्मकता नियात्रा लेखनको प्रमुख पाटो हो । लेखकले मौलिक ढङ्गले प्रस्तुत गर्नु नै निजात्मकता पनि हो । निजात्मकता नियात्रा साहित्यको अर्को महत्त्वपूर्ण तत्त्व भएकोले यात्रीले आफ्नो यात्रा अनुभवलाई घटना विवरणका रूपमा सोझै प्रस्तुत नगरी आफ्ना विचारहरूलाई समेट्नु पर्दछ । सिमानाका रङ्ग सिमानाका तरङ्ग नियात्रा कृतिमा आफूले यात्रा गरेका स्थलहरूको संस्कृति, भू-परिवेश, समाज जस्ता पक्षहरूको वर्णनसँगै निजी अनुभव, अनुभूति प्रशस्त मात्रामा रहेको हुनाले पाठकको लागि यो कृति सङ्ग्रहणीय बनेको छ ।

"किशोर"का नियात्रालाई ठम्याउन जान्ने हो भने मिठा र कौतुहलकारी छन् । अध्याँरोभित्रको यात्रा भन्दै बादल भित्र विमान यात्रा गर्दै गरेको अवस्थामा अनेकन विचारलाई सँगाल्दै अन्तर्राष्ट्रिय विमानस्थल पार गरेर श्रीलङ्काको भ्रमणमा पुग्छन् ।

*विश्वका शीर्ष टेनिस खेलाडी रोजर फेडरर - ठम्याएझैँ गऱ्यो मनले । ब्राजीली प्रख्यात मोडेल गिसेले बुन्डचेन र उनका पति फुटबल खेलाडी टम ब्राडी हुन् । यिनीहरू - ठ्याक्कै चिनेझैँ अर्थ्याए जनार्दनजी र उद्धवजीलाई । ऊ तिनी को हुन् नि ? हामी बसेको सिटको पछिल्तिरबाट ह्विस्कीको चुस्कीमा मन मडारिरहेकी तिर इङ्गीत गर्नु भयो जनार्दनजीले । ल चिन्नु भएन, हलिउडकी नायिका नाओमी वाट्स क्या - प्रश्न झर्न नपाउँदै उत्तर उब्लियो मित्रको दिमागमा । (पुडासैनी, २०७२ : २)*

लेखक नियात्रा गर्ने क्रममा विमान भित्रका यात्रुहरूलाई आफ्ना विराट कल्पनाशीलता तथा अनुभूतिले विविधरूप देख्छन् । विमानभित्र यात्रा गरिरहेका मध्ये विश्वका शीर्ष टेनिस खेलाडी रोजर फेडरर, ब्राजिली प्रख्यात मोडेल गिसेले बुन्डचेन र उनका पति फुटबल खेलाडी टम ब्राडी आदि देख्छन् । फरक व्यक्ति फरक दृष्टिकोण साहित्यिक रङ्ग रोगन, पृथक चिन्तन निजात्मकताको एक जीवन्त उपमा हो । एसियाका प्रभावशाली महिला नेतृ शेख हसिना वाजेद र बेगम खालिदा जिया, श्रीलङ्काकी नेतृ चद्रिका कुमारातुङ्गालाई पनि एउटै विमानमा भेट्छन् । यो लेखकको कल्पनाशीलता र निजात्मक अनुभूति हो ।

*जुन उचालिएको छ समुद्रमाथि । म अलि एकान्ततिर लाग्छु समुद्री सामीप्यमा । समुद्रजस्तै वस्त्रहीन एक जोडी समुद्रलाई नै बनाइरहेका छन् वस्त्र । छालहरू समुद्रको भन्दा अझ धेरै उर्लिरहेको थियो उनीहरूमा । समुद्र भन्दा अझ मजाले डुबुल्की मारिरहेथे उनीहरू आपसमा । त्यहाँ पीडा थिएन, पिर थिएन अप्ठेरो थिएन, लाज थिएन, भूत, भविष्य र वर्तमान केही थिएन । केही नहुनु सबैभन्दा उच्च हुनु रहेछ, समुद्र हुनु रहेछ । (पुडासैनी, २०७२ : २५)*

उपरोक्त नियात्रांशमा श्रीलङ्काको कोलोम्बो गलफेस समुद्रको नगरमा पर्यटकहरूको स्वच्छन्द चर्तिकला देखेर कल्पनाशील लेखकले वस्त्रहीन प्रकृतिसँग नजिकिएका युगल व्यक्तिहरूलाई समुद्र जस्तै खुलारूपमा तुलना गरेर आफ्नो निजी अनुभूति अभिव्यक्त गरेका छन् । मनमा कुनै किसिमको राग, ताप, पीडा नभएको, लाज, हिनताबोध विनाका स्वतन्त्र

मान्छेहरू साच्चै समुद्र जस्तै खुला हुन सक्ने निजात्मक अनुभूतिलाई उजागर गरेका छन् । वस्तुत : प्रकृति मानवको उचित समन्वय, सामुद्रिक छाल, मान्छेमा वैचारिक तत्त्व उछाल गरी एक साथ समीकरण गरेर नियात्राकारद्वारा गणितीय फर्मुला सिर्जना गरी स्वच्छन्दरूपले निरूपण गर्न सफल भएका छन् ।

*रङ्ग होस् वा तरङ्ग् धेरै थोक एकै ठाउँमा गुजुल्टिएपछि हराउँदो रहेछ स्पष्टता । निस्केको रहेछ बेग्लै आकार । मान्छे पनि वस्त्रले छोपियो, शृङ्गारले ढाकियो, विचार र सिद्धान्तको घम्साघम्सीमा मुर्च्छा पर्‍यो । अनि कसरी बाँचोस् बरा सग्लो मान्छेको रूपमा । ( पुडासैनी, २०७२ : १४२)*

नियात्राकार कृतिमताको विरोधमा बुलन्द आवाज उठाउँछन् । मान्छे प्रकृति बिच अपरिहार्य सम्बन्धलाई स्वीकार गर्दै प्रकृति विरुद्ध कृत्रिम रङ्ग पाउडर लेपेर मान्छे क्षणिक सुन्दरतामा आर्कर्षित भईरहेको यथार्थ व्यवहार भन्दा सिद्धान्त श्रृङ्गारको हावी भएको कुरालाई वेथिति मान्दै मान्छे स्वच्छ स्वतन्त्रतरूपले प्राकृतिक व्यवहारिक भएर बाँच्नुमा नै वास्तविक मान्छेको सल्गो रूपको प्रतिछायाँ स्पष्ट हुने निजात्मक विचार खुलारूपमा पोख्छन् ।

*तिम्रो नाम पनि पक्कै लेखेका होलान् हाम्रा हिमाल, पहाड, बाटो, नदी र वनस्पतिहरूले । नभएपनि लेखिरहने छ फूलङ्गो तिम्रो चित्र मेरो दिमाग र मनका किल्ला किल्लामा । ( पुडासैनी, २०७२ : ४९)*

प्रस्तुत नियात्रांशमा आफ्नो स्वदेश नेपाल भ्रमण गरिसकेको बैङ्ककका बुल्गाकोवाको नेपाल प्रतिको अतित सम्झनालाई पूर्णरूप दिन र उनको नेपाल प्रतिको गहिरो मोहलाई नियात्राकार पुडासैनीले नितान्त निजी अनुभवको कसीमा ढालेर अनुभूति स्पष्ट पार्दछन् । नेपाल सानो छ तर प्राकृतिक विविधिताले स्वर्ग समान सुन्दर छ । नेपालमा आउने प्रत्येक पर्यटकलाई हिमाल, पाहाड, बाटो, नदी, वनस्पति आदिले हृदयदेखि स्वागत गर्दछ । बुल्गाकोवा नेपाल भ्रमण गरिसकेको एक पर्यटक हुन् यसर्थ उनी र उनीजस्तो शालीन व्यक्तिलाई हाम्रा देशमा प्रकृतिले सधैं स्वागत गर्दछ । पाहुनालाई अतिथिदेव भवः भन्ने त नेपालीहरूको पुरातन संस्कार हो । यस्तो मूल्य मान्यता अनुसार सदैव पाहुनाहरूलाई हार्दिक भाव राख्दछ भन्ने कुरा उजागर गरेको पाइन्छ ।

## ४.३ निष्कर्ष

यात्रा साहित्य मूलतः निजात्मक निबन्धबाट विकसित भएको लेखनकला भएकोले निबन्धका तत्त्वहरू यसका पनि तत्त्वहरू हुन् । यात्रालाई जीवन र जीवनलाई यात्रा सम्झने नियात्राकार पुडासैनीका नियात्रा कल्पना भन्दा केही माथि उठेर यथार्थलाई निजात्मकता प्रस्तुत गरेर लेखिएका छन् । यात्राको मर्म बुझेका र यात्रामा भावना मिसाउन जानेका दामोदर 'किशोर' जुन जुन ठाउँमा पुगे ती ती ठाउँको सूक्ष्मरूपले अवलोकन गर्छन् । केवल वर्णन मात्र गर्दैनन् स-साना घटनाहरूलाई पनि आफ्नो मौलिकता थपेर कल्पनाशीलताको शिल्पी र कला संयोजन गरेर सुरुचिपूर्वक पाठकसामु आफ्नो सुन्दर अभिव्यक्ति प्रस्तुत गर्न सफल हुन्छन् ।

उनको लेखन शैली आलंङ्कारिक छ, प्रत्येक वाक्य वाक्यमा चमत्कार छ, सरल र सरस भैकन पनि गहन र भावपूर्ण भएर धाराप्रवाह बगेको छ । सिमानामा रङ्ग सिमानाका तरङ्ग नियात्रा कृतिमा पृथक शैली रोचक घटनावली नूतन र चमत्कारपूर्ण भाषाशैलीले गर्दा आम पाठकको हृदयलाई सजिलै स्पर्श गर्न सफल भएको छ ।

नियात्राकार पुडासैनीको यो कृति उच्चस्तरको मान्न सकिन्छ । उक्त कुरा पाठक प्रतिक्रिया, विभिन्न पत्रपत्रिकामा भएको टिप्पणीबाट सिद्ध हुन्छ । यस कृतिमा लेखकले बर्मा, श्रीलङ्का, बङ्गलादेश, थाइल्याण्ड, एसियाली मुलुकहरूको विविध भू-भागमा पाइला टेकेर स्वतस्फूर्त रूपमा यात्रा अुनभवलाई १८ वटा शीर्षकमा समेटेर निबन्धात्मक, संस्मरणात्मक र काव्यात्मक भाषाको प्रयोगको साथै आर्कषक जादुगरी शैलीको प्रशस्त प्रयोग गरेका छन् ।

नियात्राकार दामोदर पुडासैनीको सिमानाको रङ्ग सिमानाका तरङ्ग नियात्रामा यात्राका छोटा छोटा अवधिका गन्तव्यहरू माथि केन्द्रित रहेर लेखकले आफूले टेकेका स्थानहरूका भाषिक, सांस्कृतिक, धार्मिक, सामाजिक, ऐतिहासिक, भौगोलिक र यान्त्रिक परिवेश र प्रवृत्तिलाई पहिल्याउँदै आफ्ना विशिष्ट अनुभूतिका लेपनहरूले सौष्ठव शिष्ट भाषाका माध्यमबाट सार्थक उपयोगिता प्रत्यक्षीकरण गरेका छन् । नेपाली नियात्रा विधाको आधुनिक जग निर्माण गर्ने डा. तारानाथ शर्माको एक उत्तराधिकारीका रूपमा मलजल गर्न आइपुगेका दामोदर पुडासैनीको भूमिका पनि कम सराहनीय छैन् । उनले चार दर्जनका हाराहारीमा यस किसिमको स्पर्शगम्य नियात्राका कृतिहरू पस्किसकेका छन् । एसियाका चार

राष्ट्र टेक्ने क्रममा नियात्राकार दामोदरले तिनै भूराजनीतिक परिवेशका इतिवृत्तलाई सुरुचिपूर्ण भाषामा छलङ्ग्याएका छन् ।

# परिच्छेद पाँच

## नियात्राकार दामोदर पुडासैनीका निबन्धात्मक प्रवृत्तिहरू

### ५.१ विषय परिचय

नियात्राकार दामोदर पुडासैनीका नियात्रा प्रेमिल तरङ्ग (२०६५), नमेटिएका चित्रहरू (२०७०), मायालु हुम्ला (२०७१), सिमानाका रङ्ग सिमानाका तरङ्ग (२०७२) र पर्खाल भित्रको राजधानी (२०७३) नियात्रा सङ्ग्रहका साथै चार दर्जन भन्दा बढी फुटकर नियात्राहरू पनि प्रकाशित भइसकेका देखिन्छन् ।

उनमा नियात्राको मूल मर्मलाई स्पर्श गरेर शीर्षक चयन गर्ने क्षमता छ । उनको नियात्राकारिता उत्कृष्ट किसिमले खारिएको देखिन्छ । उनी विषय र परिस्थितिलाई ध्यान दिन्छन् र आफ्ना रचनाहरूमा नयाँपन सजाउन सिपालु देखिन्छन्। उनका नियात्रामा पाठकलाई कृति पढेर नसकेसम्म निरन्तर रूपमा पढिरहूँको भावना जागरुक गराउने शक्ति छ । नियात्राकारले यिनै सन्दर्भमा सिमानाका रङ्ग सिमानाका तरङ्ग (२०७२) नियात्रा कृति पाठकसामु पस्किन सफल बनेका देखिन्छन् । उनले करिब १० दिनको एसियाली मुलुकहरू, श्रीलङ्का, थाइल्याण्ड, म्यान्मा, बङ्गलादेशको भ्रमण गरी त्यहाँका सांस्कृतिक, राजनैतिक, धार्मिक, ऐतिहासिक, भौगोलिक आदिजस्ता पक्षहरूको नियात्रामा वर्णन गरेका छन् । श्रीलङ्का भ्रमणको बेला तामिल र सिंहालीहरूको युद्ध चलेको सङ्क्रमण अवस्था, आफ्नै देशमा पनि गृहयुद्ध अन्त्य नभएको समय, म्यान्मामा पुग्दा आङ्साङ सुकी स्वतन्त्रको लागि आजीवन अर्पण गर्ने विरङ्गना साहासी महिलाको भूमिमा टेक्न पाउँदा आफू गौरवान्वित भएका थिए ।

बर्मामा रहेका नेपालीहरू बिच आत्मीयता त्यहाँको रहन सहन, धार्मिक आस्था, पुरातन संस्कृति, साधारण पोशाक, गुम्बा, बुद्धका मूर्तिहरू हिन्दुका शिव पार्वती, नारायण मन्दिर, हावापानी संस्कृति रीतिरिवाज, चालचलनको चर्चा गर्दै आफू लुम्बिनी बुद्ध जन्मेको स्थानबाट आएको जानकारी दिँदा अगाध आस्था राखी आफूप्रति नतमस्तक भएको कुरा पनि यहाँ प्रस्तुत गरिएको छ । ढाकाको परिवेश, रिक्साहरूको सहर, नदीनाला, समुद्र ताल तलैया, भूगोल जङ्गल वनस्पति आदिको बयान पनि रहेको छ । उनले स-साना कुराहरूलाई पनि अवलोकन गरी यस नियात्रामा उल्लेख गरेको पाइन्छ । वस्तुतः जुनसुकै यात्रा

वर्णनलाई पनि नियात्रा भनेर लेखिने पुरातन चलनलाई उनको अनुभूति प्रधान नियात्राद्वारा चिरफार गर्न मद्दत पुगेको छ । नियात्राकार 'किशोर'को नियात्रामा अनुभूतिको परिपाक र शिल्पगत इन्द्रेणी भएका कारण उनका नियात्राहरू उत्कृष्ट छन् ।

सिमानाका रङ्ग सिमानाका तरङ्ग (२०७२) एक यस्तो महत्त्वपूर्ण कृति हो जुन पाठकको हृदय माझ बास बस्न सफल भएको छ । जसले पाठकलाई एक उत्कृष्ट नियात्राकारिताको ज्ञान दिन्छ । मानिस सदैव एकै ठाउँमा रहेर बस्ने, रमाउने प्राणी होइन । मानिस गतिशील प्राणी हो । उसको गतिशीलतामा दुःख सुख, पीडा, राप, ताप, अप्ठ्यारा, सजिला, आनन्द खुसी पनि प्राप्त हुन्छ उनका नियात्रा नवरसकै रसास्वादन गर्ने अवसर पाठकलाई मिल्छ ।

वास्तवमा ***सिमानाका रङ्ग सिमानाका तरङ्ग*** नियात्रा सङ्ग्रह नेपाली नियात्रा साहित्यिक फाँटमा ज्योति पुञ्ज हो, यात्रा सहित्यको अनमोल खजाना पनि हो जुन साहित्यको ढुकुटीमा वैभव बनाएर राख्न लायक छ । यात्रा सङ्ग्रहमा एकमा अनेक छ । यो आधुनिक यात्रा साहित्यको नौलो स्वाद र पृथक शैलीले भरिपूर्ण भएको एक उत्कृष्ट नियात्रा सङ्ग्रह हो ।

***सिमानाका रङ्ग सिमानाका तरङ्ग*** नियात्रा सङ्ग्रहमा रहेका उनका विशेषताहरू निम्न अनुसार यसरी उल्लेख गरिएको छ ।

### ५.२ काव्यात्मक प्रचुरता :

नियात्राकार दामोदर पुडासैनी बहुमुखी प्रतिभाका धनी एवम् कुशल कवि भएका कारण उनको नियात्रामा काव्यिक भाषा प्रचुर मात्रामा छताछुल्ल भएको देखिन्छ । साथै उनको लेखनमा कवितात्मक गति र लयात्मकताको कुशल संयोजन पाइन्छ । उनी नियात्रामा धेरै ठाउँमा भावुक कवि भएका छन् र भाव विभोर भएर कविता पनि लेखेका छन् । उनको नियात्रा कृतिमा धेरै ठाउँमा कवितात्मक पङ्क्तिहरू भेट्न सकिन्छ । जस्तै : क्यालेनिया शीर्षकमा यसरी काव्यात्मकता जाहेर गर्दछन् ।

*भेटिने वित्तिकै किनार लाग्नेहरू*

*कि त बन्छन् उराठिलो बगर*

*कि त बन्छन् शुष्क र मैलो बालुवा ।*

*यात्रा जीन्दगी हो प्रेम, सदभाव*

*यात्रामा हुनु जरुरी छ यदि मानवीय भावनाले*

*ओतप्रोत भएर हिँड्न सकिएन भने मान्छेको*

*जीन्दगी बालुवा जस्तै शुष्कता हुन सक्छ । (पुडासैनी २०७२ : ३५)*

मान्छेको स्वतन्त्रता, प्राकृतिको सुन्दर वर्णन, आदि विविध कुरालाई काव्यात्मक रूप दिई अघि बढेको देखिन्छ । उनका यात्रामा काव्यात्मक प्रचुरता अधिक मात्रामा भेटिन्छ ।

५.३ जीवन दर्शनको प्रयोग :

उक्त कृतिमा नियात्राकारको जीवन सम्बन्धी दृष्टिकोण पाउन सकिन्छ । उनी युद्ध र हिंसालाई तिलान्जली दिएर संसार भर शान्ति र मैत्री भावना कायम राख्नु पर्दछ भन्ने उच्च विचार प्रस्तुत गर्दछन् । लेखक जहिले पनि स्वतन्त्रका पक्षधर हुनु पर्दछ, निरङ्कुशता विरुद्ध बुलन्द आवाज उठाउनु पर्दछ भन्ने अवधारणा राख्दछन् । आङसाङ सुकीलाई आर्दश मान्छन् । मानवता, धार्मिक आस्था विश्वास आदि कल्याणकारी भावतर्फ अघि बढ्न प्रेरित गर्दछन् ।

५.४ प्रेरणाको गीत गाउने :

नियात्राकारले समुद्र, घाम, बादलको दृश्य होस् या बगैंचामा खेलेको हावाको स्पर्श, समुद्रको तरङ्गित छाल, लता, लहरा, वनस्पति, प्रकृतिका विविध पक्षमा हार्दिक प्रणयका गीत देख्ने र त्यसैलाई सिमानाका रङ्ग सिमानाका तरङ्ग नियात्रा कृतिमा रोचक शैलीमा प्रस्तुत गरेको पाइन्छ । उनले कोलाम्बोको क्यालेनिया नदी म्यान्माको याङ्गुन नदी, चन्द्रमा गुन्सन ताल, स्वर्ण चैत्य गुम्बा, मन्दिर, जङ्गल स्वडेगाउँको समेत प्रणय गीत गाएको देखिन्छ ।

५.५ आफन्तप्रतिको हार्दिकता :

नियात्राकार विदेशमा यात्रारत रहँदाको समय अवधिमा त्यहाँको रमझममा मात्र नभुली-स्वदेशमा रहेका आफन्तजन र विदेशमा नेपाली प्रतिको अपनत्त्वको भावनालाई पनि कृतिमा समेटिएको देखिन्छ । खासगरी पत्नी प्रेम र सन्तानप्रतिको हार्दिकता उनका नियात्रामा आएको पाइन्छ । यसै कारणले गर्दा यात्राको अवधिभर पत्नी पार्वतीको जीन्दगीभरको अनुहार छोराछोरीहरूको गतिशीलताका मोडहरू, दाजु, भाउजू, भतिजा, भतिजी, भान्जा भान्जी र आफूलाई अगाध माया गर्नेहरूलाई हरदम सम्झिन पुगेका देखिन्छन् ।

५.६ अस्तित्ववादी चिन्तन :

कतै जीवन विसङ्गत छ, विसङ्गतिभित्र अस्तित्वको खोजी गर्नु पर्दछ र आफ्नो अस्तित्व राख्नु नै सफल पक्ष हो भन्ने अस्तित्ववादी जीवन दर्शनको सकारात्मक दृष्टिकोण पनि उनका नियात्रामा समेटिएको पाइन्छ । सृजना र स्वतन्त्रता नै जीवनको सर्वोच्चता हो भनी अङ्गिकार गर्दै हिंसा युद्धरहित समाज र बुद्ध शान्तिको सन्देशलाई हरेक मानवले स्वीकार गरेर अघि बढ्नु पर्ने  दर्शन व्यक्त गर्दछन् ।

५.७ देशप्रेमको भाव :

नियात्राकार "किशोर" को नियात्रा कृतिमा राष्ट्रप्रेम र राष्ट्रियताको भावना प्रचुर मात्रामा आएको पाइन्छ । उनले श्रीलङ्का पूर्वका बङ्लादेश, बर्मा र बैङ्कक एसियाली मुलुकको यात्रामा भ्रमणको अनुभव, ऐतिहासिक स्थल, भौगोलिक बनावट, कला, संस्कृति सांस्कृतिक स्वरूपको तुलना गर्दै प्रत्येक स्थानमा पुग्दा देशका हरेक कुना काप्चादेखि राजधानीका विभिन्न स्थलको सम्झना गरेकोले उनको नियात्रामा देशप्रति अत्यधिक मोह रहेको देखिन्छ । 'किशोर'ले विदेश भ्रमण गर्दा देशको भूगोललाई मनभरी राख्दै विदेशमा जहाँ जे देख्छन् त्यही अनुरूपको आफ्नो देश सम्झन्छन् । हवाइयात्रा, रेलयात्रा, बसयात्रा, पैदल यात्रा गर्दा देखे भोगेका विविध विषयलाई समेट्दै विदेशमा रहेका नेपालीहरूसँगको भेटघाट, दुःख सुःखका अनुभूतिहरूलाई समेटेको पाइन्छ । यसरी नियात्राकारले हृदयमा राष्ट्रियता लिएर एसियाली मुलुकहरूको यात्रामा निस्केका भए पनि स्वदेश फर्कने बेलासम्म पनि राष्ट्रियता र देशप्रेमको प्रगाढ भावनलाई कायमै राखेको पाइन्छ ।

५.८  तथ्यपरकता र यथार्थ वर्णन :

नियात्राकार दामोदर पुडासैनीले श्रीलङ्का, म्यान्मा, थाइल्याण्ड, बङ्गलादेशको यात्राका क्रममा भोगेको घटना दृश्यका अनूभूति, दृश्यप्रतिको स्वयम्को दृष्टिकोण साहित्यप्रति साहित्येतर जगतमा रमाउने हेराइ र सोंच, साथीहरू राजदूत मित्रहरूको आफूप्रतिको व्यवहार, बर्मेली नेपालीहरूको संस्कार विविध ठाउँको ऐतिहासिक तिथि, मिति, मान्छेको सद्भावपूर्ण विविध ठाउँको व्यवहार, कतै गरिबी दरिद्रता, अज्ञानता, गरिबीले सामान्य रोगको उपचार गर्न नसकी असामयिक मृत्यु वरण जस्ता तथ्यलाई यथार्थपरक रूपमा नियात्रामा प्रस्तुत गरेको पाइन्छ ।

## ५.९ हास्य चेतना र व्यङ्ग्य :

नियात्राकार पुडासैनीको नियात्रा सङ्ग्रहमा कतिपय ठाउँमा भावुकता र संवेदनशीलता पाइन्छ । नियात्रामा हास्यचेत त्यति घनीभूत रूपमा नआए तापनि कनै न कुनै प्रसङ्गमा उनले पाठकलाई हँसाउने कोशिस गरेको देखिन्छ । आफूले भ्रमण गरेका यात्राको क्रममा विमान यात्रुहरूमा विविध रूपले चिनाउने लेख्दै गरेको व्यक्ति जो चुस्स दाह्री र चिम्सा आँखाधारीलाई जापानी कवि मात्सुआ वासोका पनातिको चिनारी दिनु, नेपालकै गाउँघरमा पाइने घोटताप्रे घाँसको तरकारी खानु यस प्रकारको बर्मेली खानाको बिल पाएपछि टनटन दुख्ने खिल बल्भ्फेभ्फै हुनु अर्थात अपेक्षा गरे भन्दा चर्को विल आउनु, तनखा पोतेर बुढीमान्छेहरू पनि तरुनी देखिने चर्तिकला, केटा र केटीको प्रेम माया भन्नलाई पन्ध्रसय पायो भन्ने कोड भाषाको प्रयोग आदि हास्य चेतनाले भरिएको छ ।

## ५.१० चित्रात्मकता :

नियात्राकार दामोदर पुडासैनीले नियात्रा कृतिमा आफूले यात्रा गरेका हरेक स्थानको परिचय वर्णनात्मक रूपमा मात्र नगरी शब्दचित्रको माध्यमबाट पाठकलाई पनि स्वयम् आफूसँगै सहयात्रीको रूपमा यात्रा गरिरहको जीवन्त अनुभूति पनि दिलाइरहेका हुन्छन् । उनले नियात्रामा चित्रात्मकतालाई बिलकुलै नवीन पाराले प्रस्तुत गर्दै आफू पुगेको हरेक स्थानसँग पाठकलाई पूर्ण रूपमा परिचित गर्ने काम गरेको देखिन्छ । उनले प्रयोग गरेका हरेक शब्दमा चमत्कार, अलङ्कार र बिम्ब छ । उनको चित्रात्मक शैली अत्यन्त मनमोहक देखिन्छ । अर्को पक्ष भनेको उनी भ्रमण स्थलको चित्र प्रस्तुत गर्ने क्रममा जति भावुक र संवेदनशील देखिन्छन् त्यति नै भ्रमण स्थलको भौतिक पक्षबारे जानकारी दिंदै पाठकलाई एकै ठाउँमा धेरै कुराको मिठासता पस्किरहेका हुन्छन् । विदेशका पुराना बजार पुग्दा असन

इन्द्रचोकको पोते बजार सम्झन्छन् । क्यालेनिया नदी किनारमा पुग्दा, बाग्मती नारायणी, कोशी, नदीको सम्झन्छन् । श्रीलङ्काको ग्रामीण परिवेश नरिवलको बगान काजुको बगानमा टेक्न पाउँदा आफ्नै घर आँगन जितपुर फेदीमा पुगेको  अनुभूत गराउँदछन्  ।

उनले नियात्रामा विश्व विख्यात् व्यक्तिहरूको चिनारी, प्राकृतिक सौन्दर्य ,एसियाली मुलुक श्रीलङ्का, म्यान्मा, थाइल्याण्ड, बङ्गलादेश जस्ता मुलुकको बखान शब्दात्मक चित्रका माध्यमबाट प्रस्तुत गर्दै प्रत्येक महत्त्वपूर्ण स्थानको चित्रण त्यसबेलाको परिवेश र आफ्ना विचारहरूलाई नियात्रा सँगसँगै प्रस्तुत गरेको पाइन्छ । उनले आफूले यात्रा गरेका प्रत्येक स्थानको परिचय प्रष्ट रूपमा दिएर त्यहाँ अवस्थित महत्त्वपूर्ण स्थान तिथि, मिति, वर्तमान आकार-प्रकार रङ्ग आदिको जानकारी पनि नियात्रामा उल्लेख गरेको पाइन्छ । यसबाट सो स्थानको भ्रमण पाठकले घरमै बसेर गर्न सक्दछ र ती स्थानहरूको चित्र सदैव पाठकको आँखा अगाडि झल्झली आइरहन्छन् ।

५.११  पथ प्रदर्शक पुस्तक :

साहित्यकार दामोदर पुडासैनी "किशोर"को नियात्रा लेखनमा आद्वितीय जादु छ । उनको लेखनीमा प्रत्येक पाठकले आफू स्वयम् ती ठाउँहरूमा यात्रा गरेको अनुभूति गर्दछ । सिमानाका रङ्ग सिमानाका तरङ्ग एउटा यस्तो महफ्वपूर्ण पथ प्रदर्शक पुस्तक हो, जुन पुस्तक पढेपछि यहाँ चर्चित क्षेत्रहरूमा जो कोही यात्रीले यात्रा गरेमा राम्ररी परिचित ठाउँमा यात्रा गरेझैं अनुभव गर्न पाउँछन् र कुनै कठिनाइ भोग्नु पर्दैन । यात्रा सरल सहज ढङ्गबाट गर्न सकिन्छ ।

५.१२   शान्तिको सन्देश

नियात्राकार एसियाली मुलुकको भ्रमणमा रहँदा श्रीलङ्कामा तामिल र सिंहालीहरूको युद्ध चलिरहेको अवस्था र आफ्नै देश नेपालमा पनि जनयुद्ध चलेको अवस्थामा हत्या हिंसा युद्धको चरमस्थिति देशको भयावह परिस्थितिलाई मध्यनजर राख्दै मान्छेको बहादुरी युद्ध होइन क्षणिक तुजुक हो । युद्ध हिंसा कसैको लागि हितकर छैन भन्ने कुरा नियात्रामा आलेख गरेर शान्तिको कामना गर्दछन् । नियात्राकार आफू बुद्ध जन्मेको भूमिबाट आएको जानकारी पाए पछि विदेशीले आफ्नो हातमै ढोग्न आएको शान्तिदूत बुद्ध र बुद्धभूमि लुम्बिनी प्रतिको अगाध आस्था गरेको कुरा उल्लेख गरेका छन् । शान्तिका अग्रदूत बुद्धलाई विदेशका हरेक

ठाउँमा अत्यन्त सम्मान गरेको तर बिडम्बना हाम्रो यस्तो शान्तिको तपोभूमिमा पनि अशान्ति र हिंसा चलिरहेको हुँदा अत्यन्त दुःख लाग्ने कुरा अभिव्यक्त गरी समाज राष्ट्रको विकास गर्न र सबैको कल्याणको लागि शान्ति अपरिहार्य हुन्छ भन्ने सन्देश दिएका छन् । यो नियात्रा जीवन प्रतिको उज्यालो आशाको किरण पुञ्ज हो । अस्तितत्व र जीवनको गरिमा हो । नियात्राको नवीन विषय र शैलीले भरिएको  अब्बल दर्जाको उत्कृष्ट कृति हो ।

५.१३ निष्कर्ष

नियात्राकार दामोदर पुडासैनी 'किशोर' को सिमानाका रङ्ग सिमानाका तरङ्ग नियात्राका आधारमा उनका प्रवृत्तिहरूलाई हेर्दा उनी आधुनिक नियात्राकार हुन् । उनका नियात्रामा काव्यात्मक प्रचुरता, जीवन दर्शनको प्रयोग , प्रेरणाको गीत गायन, आफन्त प्रतिको हार्दिकता, अस्तित्ववादी चिन्तन, देशप्रेमको भाव तथ्यपरकता र यथार्थको वर्णन, हास्यचेतना र व्यङ्ग्य, चित्रात्मकता, शान्तिको सन्देश, रोचकता नवीनता जस्ता विशेषता पाइन्छन् ।

## परिच्छेद छ

उपसंहार र निष्कर्ष

### ६.१ दामोदर पुडासैनीको योगदान

आधुनिक नियात्रा लेखन २०१० सालमा धारावाहिक रूपमा लैनसिंह वाङ्देलको युरोपको चिठ्ठी (२०१४) बाट नेपाली साहित्यमा प्रारम्भ भएको मानिन्छ । नेपाली लोक साहित्यका उन्नायक सत्यमोहन जोशीको कर्णालीको लोकगीत संङ्कलन (२०१३) लाई पनि यात्रा साहित्यको रूपमा लिइएको छ । वास्तवमा नेपाली नियात्रा साहित्यलाई विशिष्ट योगदान दिने व्यक्ति डा. तारानाथ शर्मा नै हुन् ।

वाङ्देलले सुरुवात गरेको आधुनिक यात्रा साहित्य लेखन क्रमलाई तरानाथ शर्मा केदारमणि आ.दी, देवीचन्द्र श्रेष्ठ, यादव खरेल, पूर्ण प्रकाश नेपाल पात्री, श्री कृष्ण गौतम, घन श्याम राजकर्णिकार, पोष चापागाईं, दामोदर पुडासैनी 'किशोर', ध्रुव चन्द्र गौतम, राजेन्द्र सुवेदी, जय छाङ्छा, मुकुन्द शर्मा पौडेल, गोविन्द राज भट्टराई, निर्मोही व्यास, जीवनाथ धमला, भीष्म उप्रेती आदि साहित्यकारहरूले निरन्तरता मात्र प्रदान गरेनन् । यसलाई निजात्मकता वस्तुगत सामर्थ्य र साहित्यिक उत्कृष्टता पनि प्रदान गरे ।

नियात्राकार दामोदर पुडासैनी 'किशोर' यही पङ्क्तिमा रहेर आफ्नो नियात्रा साहित्य प्रस्तुत गर्दछन् । उनका नियात्राकारहरूमा प्रवल कल्पनाशीलता तथ्यगतता वास्तविकताका सचित्र वर्णनका साथै जीवन दर्शनको रङ्ग मिश्रित विलकुल नयाँ र पृथकशैलीको काव्यात्मक स्वाद पाइन्छ । अलङ्कार बिम्ब र प्रतीक योजना समेत बुनिएको हुँदा उनको नियात्रा साहित्यमा उच्च स्थान रहेको छ । नियात्राकार पुडासैनीले नेपाली नियात्रा साहित्यको विकासमा आधुनिक कालमा उत्कृष्ट योगदान दिएका छन् । नियात्रा साहित्यमा उनको स्थान उच्च रहेको छ ।

### ६.२ उपसंहार

प्रस्तुत शोधमा नियात्राकार दामोदर पुडासैनीको नियात्रा सङ्ग्रह सिमानाका रङ्ग सिमानाका तरङ्गको नियात्रा तत्वहरूका आधारमा विश्लेषण गरिएको छ । शोधपत्रलाई व्यवस्थित ढङ्गले अगाडि बढाउन छवटा परिच्छेदमा विभाजन गरिएको छ । परिच्छेद एकमा सिमानाका रङ्ग सिमानाका तरङ्ग नियात्रा सङ्ग्रहको चर्चा गर्दै शोध समस्याहरू प्रस्तुत

गरी यसको समाधानको बाटो पहिल्याई त्यसको खोज अनुसन्धानमा आधारित रही यसको महत्त्व, उपयोगिता, सीमाङ्कन विधि र रूपरेखालाई केलाउने काम भएको छ ।

परिच्छेद दुईमा नियात्राको सैद्धान्तिक अवधारणा र विकासक्रमका बारेमा चर्चा गरिएको छ । यस क्रममा नियात्रा निर्माणका लागि आवश्यक पर्ने घटकहरू, नियात्राको वर्गीकरण र  यसको विकासक्रमलाई चर्चा गरिएको छ ।

परिच्छेद तीनमा  नियात्राकार दामोदर पुडासैनीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा र उनले पाएको शिक्षा दिक्षा उनको विवाह सम्बन्ध, पेशा, भ्रमण, बसोबास र दिनचर्या, रुचि र स्वभाव, साहित्य लेखनमा प्रेरणा र प्रभाव, लेखन आरम्भ र सिर्जना कर्म, मान, सम्मान र पुरस्कार, र हाल सम्मको साहित्य यात्राको बारेमा चर्चा गरिएको छ

परिच्छेद चारमा *सिमानाका रङ्ग सिमानाका तरङ्ग*  नियात्रा सङ्ग्रहलाई नियात्राका तत्त्वका आधारमा विश्लेषण गरिएको छ । नियात्राकार पुडासैनीले भ्रमण गरेका एशियाली मुलुक श्रीलङ्का, थाइल्याण्ड, म्यान्मा र बङ्गलादेशको भ्रमणसँग सम्बन्धित १८ शीर्षकमध्ये उत्कृष्ट ८ नियात्रामा केन्द्रित रहेर विश्लेषण गरिएको छ । नियात्राको साहित्य सिद्धान्त अनुसार नियात्रामा हुनुपर्ने तत्त्वहरू गतिशीलता, स्थानीयता, आत्मीयता, चित्रात्मकता, तथ्यात्मकता, रोचकता आदि तत्त्वहरू उक्त कृतिमा रहेको पाइएको छ ।

परिच्छेद पाँचमा *सिमानाका रङ्ग सिमानाका तरङ्ग* नियात्रा सङ्ग्रहका आधारमा नियात्राकार पुडासैनीका निबन्धगत प्रवृत्तिहरूको चर्चा गरिएको छ । पुडासैनीको उक्त नियात्रा सङ्ग्रहमा काव्यात्मक प्रचुरता, जीवन दर्शनको प्रयोग, देशप्रेमको भाव, प्रणयको गीत गाउने, आफन्तप्रति हार्दिकता,  तथ्यपरकता र यथार्थ वर्णन, हास्य चेतना र व्यङ्ग्य, चित्रात्मकता, शान्तिको सन्देश  जस्ता प्रवृत्ति रहेको निष्कर्ष निकालिएको छ  ।

परिच्छेद छ मा नियात्राकार दामोदर पुडासैनीले नेपाली नियात्रा साहित्यको विकासमा  दिएको योगदानका साथै समग्र शोधको उपसंहार र निष्कर्ष रहेका छन् ।

## ६.३ निष्कर्ष

वि.सं. २०१९ साल जेठ १८ गते पिता हरिप्रसाद पुडासैनी र माता तुलसा पुडासैनीका कान्छा सुपुत्रको रूपमा जितपुर फेदी गा.वि.स. वडा नं. २ गैरी गाउँमा

जन्मिएका दामोदर पुडासैनी पछि साहित्य सिर्जनामा लागेपछि साहित्यकार दामोदर पुडासैनी "किशोर" नामले परिचित रहेका देखिन्छन् । सानै उमेर देखिनै साहित्यिक वातावरणमा घुलमिल हुने अवसर प्राप्त भएकाले, आफूले सिर्जना गरेका नयाँ नयाँ सिर्जनाहरू घरमा सुनाउने गरेका र साहित्य र दर्शनका पुस्तकहरू घरमा अध्ययन गर्न पाइने हुँदा उनमा साहित्यप्रति मोह जाग्दछ । दुई विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेका उनी सारा अँध्यारोलाई एउटै बत्तीले नष्ट गर्दछ भन्ने चेतना आवाज र गतिले जीवन र संसारमा परिवर्तन ल्याउँछ भन्ने पिताको प्रेरणाबाट प्रभावित भएको देखिन्छ । यसैकारणले सानै उमेर देखि नै उनले कथा कविता, गजल आदि लेखेको पाइन्छ । उनले सात बर्षको उमेरमा वसन्त कविता (२०२६) र तेह्र बर्षमा सहिद (२०३४) जस्ता कविता सार्वजनिक रूपमा प्रकाशित गरी आफ्नो साहित्य यात्रालाई निरन्तर रूपमा अगाडि बढाएको पाइन्छ ।

सरस्वतीका वरद पुत्र, अक्षरका कुशल संयोजक, अक्षरका विवेकशील माली, अक्षरका चित्रकार र अक्षर-अक्षरसँग आफ्नो सीप खियाएर नूतन सिर्जना दिन सफल स्रष्टा र सरल जीवनशैली हँसिलो र मिजासिलो अनुहार, सबैसँग सजिलै नजिकको आत्मीय सम्बन्ध राख्न 'किशोर' अति नै सिपालु रहेका देखिन्छन् । सबैलाई सकेसम्म उदार चित्तले सहयोग गर्ने भावना भएका उनी सुन्दर शैली र गहन तथा सुरुचिपूर्ण सिर्जनाका व्यक्तित्व रहेको पाउन सकिन्छ ।

साहित्यकार पुडासैनीको काव्य सिर्जना बाहेक अर्को महत्त्वपूर्ण पाटो नियात्रा लेखन हो । आधुनिक नेपाली साहित्यमा नियात्राको लोकप्रियता दिनानुदिन बढिरहेको बेलामा उनले आफूले यात्रा गरेको स्थानको यथार्थ परिचय दिनुका साथै आफ्नो निजी व्यक्तित्व अनुभव र अनुभूतिलाई नियात्रामा गहन ढङ्गले प्रस्तुत गरेको देखिन्छ । यात्रामा देश चिन्ने, विदेश चिन्ने र अर्काका नीति र फरक परिवेशका मान्छेका आचार र संवेदनालाई पनि पुडासैनीले नियात्रामा समेटेको पाइन्छ । जागिरे जीवन र साहित्यिक कर्मका क्रममा उनले देश, विदेशका डाँडा काँडा, नदी हिमाल, समुद्र, मरुभूमि, ताल, तलैया, वस्ती, खेतबारी, यन्त्र, उपकरण, कलकारखाना, प्रविधि, खाद्य, संस्कृति, पहिरन संस्कृति आदिलाई नजिकैबाट स्पर्श गर्ने मौका पाएको देखिन्छ ।

साहित्यकार तन, मन दुवैमा सफा, सुग्घरी हुनुपर्दछ, साहित्यले मानिसका अर्न्तमनमा रहेका भावनालाई पाठक समक्ष खुला रूपमा पोख्नु पर्दछ भन्ने उनको

स्वच्छन्दतावादी विचारधारा पनि रहेको पाइन्छ । उनले आफ्नो सिर्जनामा ग्रामीण परिवेशका दु:ख सुखलाई सरल ढङ्गले समेटेका छन् । सरकारी सेवामा दत्तचित्त भइ लाग्नु, निरन्तर रूपमा साहित्य सिर्जनामा तल्लीन हुनु, विभिन्न साहित्यिक तथा सामाजिक सङ्घ संस्थाहरूमा सक्रिय रूपमा सहभागिता हुनु र अन्य विभिन्न निकायद्वारा आयोजित गोष्ठीमा कुशल कार्यपत्र प्रस्तोताको रूपमा प्रस्तुत हुनुले पनि उनको आफ्नो व्यक्तित्व झल्केको पाइन्छ । यात्रालाई जीवन र जीवनलाई नै यात्रा सम्झिने दामोदर पुडासैनी "किशोर" का यात्रामा प्रेमिल तरङ्ग (२०६५), नमेटिएका चित्रहरू (२०७०), मायालु हुम्ला (२०७१), सिमानाका रङ्ग सिमानाका तरङ्ग (२०७२) र पर्खाल भित्रको राजधानी (२०७३) नियात्रा सङ्ग्रहका साथै चार दर्जन भन्दा बढी फुटकर नियात्राहरू पनि प्रकाशित भइसकेका देखिन्छन् । 'किशोर'का नियात्राहरू कल्पना भन्दा केही माथि उठेर यथार्थलाई निजात्मता प्रस्तुत गरेर लेखिएको देखिन्छ । उनका सबै जसो नियात्रा कृतिमा सकारात्मक सोच र कल्याणकारी भावना, मानवतावादको प्रस्तुति पाउन सकिन्छ ।

सिमानाका रङ्ग सिमानाका तरङ्ग (२०७२) नियात्रा कृतिमा नियात्राकारले करिब १० दिनको एसियाली मुलुकहरू, श्रीलङ्का, बैङ्कक, म्यान्मा, बङ्गलादेशको भ्रमण गरी त्यहाँका सांस्कृतिक, राजनैतिक, धार्मिक, ऐतिहासिक, भौगोलिक आदिजस्ता पक्षहरूको वर्णन गरेका छन् । नियात्राको मूल मर्मलाई स्पर्श गरेर शीर्षक चयन गर्ने क्षमता उनमा छ । उनको नियात्राकारिता  उत्कृष्ट किसिमले खारिएको देखिन्छ । उनका नियात्रा रोचक छन् जसले गर्दा पाठकलाई कृति पढ्दा अलिकति पनि पट्यार लाग्दैन । उनी विषय र परिस्थितिलाई ध्यान दिई आफ्ना रचनाहरूमा नयाँपन सजाउन सिपालु छन् ।

श्रीलङ्का भ्रमणको बेला तामिल र सिंहालीहरूको युद्ध चलेको सङ्क्रमण अवस्था, आफ्नै देशमा पनि गृहयुद्ध अन्त्य नभएको समय, म्यान्मामा पुग्दा आङ्साङ सुकी स्वतन्त्रको लागि आजीवन अर्पण गर्ने विरङ्गना साहसी महिलाको भूमिमा टेक्न पाउँदा आफू गौरवान्वित भएका थिए ।

बर्मामा रहेका नेपालीहरू बिच आत्मीयता त्यहाँको रहन सहन, धार्मिक आस्था, पुरातन संस्कृति, साधारण पोशाक, गुम्बा, बुद्धका मूर्तिहरू हिन्दुका शिव पार्वती, नारायण मन्दिर, हावापानी संस्कृति रीतिरिवाज, चालचलन । आफू लुम्बिनी बुद्ध जन्मेको स्थानबाट आएको जानकारी दिँदा अगाध आस्था राखी आफूप्रति नतमस्तक भएको कुराको वर्णन पनि

यहाँ प्रस्तुत गरिएको छ । ढाकाको परिवेश, रिक्साहरूको सहर, नदीनाला, समुद्र ताल तलैया, भूगोल जङ्गल वनस्पति आदिको बयान पनि रहेको छ। उनले स-साना कुराहरूलाई पनि गहन अवलोकन गरी यस नियात्रामा उल्लेख गरेका छन् ।

वस्तुतः जुनसुकै यात्रा वर्णनलाई पनि नियात्रा भनेर लेखिने पुरातन चलनलाई उनको अनुभूति प्रधान नियात्राद्वारा चिरफार गर्न मद्दत पुगेको छ। नियात्राकार 'किशोर'को नियात्रामा अनुभूतिको परिपाक र शिल्पगत इन्द्रेणी भएका कारण उनका नियात्राहरू उत्कृष्ट छन् ।

सिमानाका रङ्ग सिमानाका तरङ्ग (२०७२) एक यस्तो महत्वपूर्ण हो जुन पाठकको हृदय माझ बास बस्न सफल भएको छ। जसले पाठकलाई एक उत्कृष्ट नियात्राकारिताको ज्ञान दिन्छ। मानिस सदैव एकै ठाउँमा रहेर बस्ने, रमाउने प्राणी होइन। मानिस गतिशील प्राणी हो । उसको गतिशीलतामा दुःख सुख, पीडा, राप, ताप, अप्ठ्यारा, सजिला, आनन्द खुसी पनि प्राप्त हुन्छन् । उनका नियात्रामा नवरसकै रसास्वादन गर्ने अवसर पाठकलाई मिल्छ।

वास्तवमा सिमानाका रङ्ग सिमानाका तरङ्ग नियात्रा सङ्ग्रह नेपाली नियात्रा साहित्यिक फाँटमा ज्योति पुन्ज हो, यात्रा सहित्यको अनमोल खजाना पनि हो जुन साहित्यको ढुकुटीमा वैभव बनाएर राख्न लायक छ। यात्रा सङ्ग्रहमा एकमा अनेक छ। यो आधुनिक यात्रा साहित्यको नौलो स्वाद र पृथक शैलीले भरिपूर्ण भएको एक उत्कृष्ट नियात्रा सङ्ग्रह हो ।

### ६.४ सम्भावित शोध शीर्षकहरू

नियात्राकार दामोदर पुडासैनीको सिमानाका रङ्ग सिमानाका तरङ्ग नियात्रा सङ्ग्रहको पुनः अध्ययन गर्न चाहने शोधार्थीले निम्न लिखित शीर्षकमा शोधकार्य गर्न सक्नेछन् ।

१) सिमानाका रङ्ग सिमानाका तरङ्ग  नियात्रा सङ्ग्रहको संरचनात्मक अध्ययन

२) नेपाली नियात्राको विकासमा सिमानाका रङ्ग सिमानाका तरङ्ग नियात्रा सङ्ग्रहको योगदान ।

## ख) सन्दर्भ सूची


अधिकारी, बालाकृष्ण (२०६३), *'किशोर' आँखाको खोजीमा आए,* गरिमा (२५ :४ पू. २९२, पृ. १५३ - १५५ ) ललितपुर : साझा प्रकाशन ।

आचार्य, उमेश शास्त्री (सन् १९८३), *हिन्दी गद्यसाहित्यका विकास क्रम,* जयपुर उपाध्याय : देवनगर प्रकाशन ।

आचार्य, अम्बिका (२०६८), *यात्राका प्रेमिल तरङ्गहरूको अध्ययन,* स्नातकोत्तर शोधपत्र, काठमाडौं : पद्‌मकन्या बहुमुखी क्याम्पस ।

आचार्य, पेशल (२०७०), *यात्रा सगुनका साइपाटा र नभेटिएका चित्रहरू* (शानिवारको राजधानी, वर्ष १३ अंक २९५, पृ.९ ) काठमाडौं : राजधानी न्यूज पब्लिकेशन ।

आचार्य, लुमडी (२०६६), *यात्राका प्रेमिल तरङ्गहरूमा एक फन्को,* रचना ( ४९ : पू. १०३, पृ. ३० -३९) काठमाडौं : साहित्यिक प्रकाशन ।

उपाध्याय, वेदव्यास (२०६६), *नेपालीयात्रा साहित्यको प्रवृत्तिगत विश्लेषण र मूल्याङ्कन* अप्रकाशित विद्यावारिधि शोधग्रन्थ त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

उपाध्याय, केशव प्रसाद (२०४९), *साहित्य प्रकाश,* (पाँ.सं.) काठमाडौंः साझा प्रकाशन, ।

उप्रेती, गंगाप्रसाद (२०४६), *दृष्टिकोणका विविध बिसाउनी,* काठमाडौंः प्रतिभा प्रकाशन ।

उप्रेती, भिष्म (२०६५), *दामोदर पुडासैनी 'किशोर'सँग यात्रामा,* मिर्मिरे (३६ : १२ पू. ८३ - ८५) काठमाडौं : मिर्मिर साहित्यिक मासिक ।

कुन्तल, रमेश (सन १९६७), *समसामयिक हिन्दी साहित्य,* ( हरिवंश राय बच्चन सम्पा), नयाँ दिल्लीः साहित्य अकादमी ।

कोइराला, खेम बन्धु (२०७३), *स्रष्टा दामोदर पुडासैनी "किशोर" बहु आयामका केही सन्दर्भ* , दोभान (पृ. १, पृ. १७) काठमाडौं : दोभान प्रकाशन ।

गुरुङ, सम्झना (२०६६), *लेखक एक्लिनुको पीडा र फैलिनुको आनन्दमा पोच्छ* , अर्न्तवार्ता काठमाडौं : काठमाडौं पोष्ट ।

गुरुङ सर्मिला (२०७३), *'सिमानाका रङ्ग सिमानाका तरङ्को नवीन आयाम,* दोभान (पृ.-१, पृ. ११७) काठमाडौं : दोभान प्रकाशन ।

गुरुङ, शुशान्त (२०६६), *दामोदर पुडासैनी "किशोर" को सजग मूल्य प्रणाली,* गरिमा, (२८-८ र ३३२ पृ. ४८-६), ललितपुर : साझा प्रकाशन ।

गौतम, असफल (२०७१), *यात्रा निबन्ध,* काठमाडौं : नेपाल समाचारपत्र, .पृ. ४ ।

घिमिरे, चारूभा (२०७०), *यात्रा कविताः आलोकित आयाम,* उन्नयन ( सम्पा.अच्युतरमण अधिकारी), काठमाडौं : उन्नयन प्रकाशन ।

चापागाईं, पोष (२०६४), *मौन चुल्ठो,* काठमाडौं : रत्नपुस्तक भण्डार ।

चापागाईं, शोभा (२०७४), *दामोदर पुडासैनीका नियात्रागत प्रवृत्तिमाथि फन्को मार्दा,* दोभान (वर्ष १८, अङ्क ४ माघ – चैत) काठमाडौं : दोभान प्रकाशन ।

जनमत, मासिक (२०६४) *पुडासैनी विशेष २४.६* साहित्यिक अङ्क १२२ ।

तिवारी, रामचन्द्र (सन् १९९२), *हिन्दीका गद्य साहित्य,* वाराणासीः विश्व विद्यालय प्रकाशन ।

तिवारी, विश्वनाथ (१९६८), *छायावादोत्तर गद्य साहित्य,* वाराणासी : विश्व विद्यालय प्रकाशन ।

त्रिपाठी, बासुदेव (२०३५), *सैद्धान्तिक ऐतिहासिक परिप्रेक्ष्यमा नेपाली यात्रा साहित्यको रूपरेखा जर्नल अफ ह्युमानिटि एण्ड एसोसियन साइन्स,* (पृ.२८) त्रि.वि., किर्तिपुर ।

नेपाल, यात्री पूर्ण प्रकाश (२०३९), *राजा गगनीराज यात्रा,* काठमाडौं : नेशनल रिसर्च एसोसिएट्स ।

पराजुली, बुद्धिसागर (स. २०००), *श्री ५ बडामहाराजधिराज पृथ्वीनाराण शाहको जीवनी* (बेनामी) वीर पुस्तकालय (पृ. १-२१) काठमाडौं ।

पाठक, व्याकुल (२०६९), *नेपाली नियात्रा खण्ड एक, (प्रथम संस्करण),* काठमाडौं : रत्नपुस्तक भण्डार ।

पुडासैनी, दामोदर किशोर (२०४९), ***आफन्तका अनुहारहरू,*** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

........................ (२०६२) *आँखाको खोजीमा,* काठमाडौं : बसुन्धारामान प्रज्ञा प्रतिष्ठान ।

........................ (२०६३), *आलोकित आयाम,* बिराटनगर : बनिता प्रकाशन ।

........................ (२०६५), *यात्राका प्रमिल तरङ्गहरू,* काठमाडौं : मोर्डन बुक्स ।

........................ (२०७०), *नमेटिएका चित्रहरू,* काठमाडौं : रत्नपुस्तक भण्डार ।

.............. (२०७२), *सिमानाका रङ्ग सिमानाका तरङ्ग,* काठमाडौं :रत्न पुस्तक भण्डार ।

पोखरेल, बालकृष्ण (२०२४), *रत्न श्री पत्रिका ४.३ को समीक्षा* (पृ. ६२-६४), *काठमाडौं :* रत्न श्री ।

पोखरेल, बालकृष्ण (२०३४), *यी नियात्राबारे,* बेलायतिर बरालिँदा, (पृ. क-च), ताना शर्मा तेस्रो संस्कारण, पृ. क-च ।

पोखरेल र अन्य सम्पा (२०४०), *नेपाली वृहत् शब्दकोश,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

प्रधान, प्रमोद (२०६६), *'नेपाली निबन्धको इतिहास'* प्रथम संस्करण, काठमाडौं : रत्न पुस्तक भण्डार ।

..................... (२०५०) *यात्रा साहित्यको यात्रा वृतान्त* समकालीन साहित्य (व. ३, अं., ३ पू. ११, पृ. १०३-१०९) काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान २०५०) पृ. १०३-१०९ ।

...................... (२०६६) *यात्रामा प्रेमिल तरङगहरूमा एकछिन घोत्लिँदा',* चैतन्यज्योति, (व. ११, पृ. १८, पृ. २२-२५) अध्यात्म ज्योति : काठमाडौं ।

प्रसाई, महेश (२०६७), *'यात्री विचार, दाभोनोभ र प्रेमिल तरङ्ग,* मिर्मिरे मासिक (अंक ९, पू. ३०४), पृ. ८-१७) काठमाडौं : मिर्मिरे प्रकाशन ।

पोखरेल, खिमानन्द (२०७३), *सिमानाका रङ्ग सिमानाका तरङ्गको नवीन आयाम,* काठमाडौ : नवप्रज्ञापन (पू. ०७३) ।

नवप्रज्ञापन पौल पसेल, (१९८७), (सम्पा) *द नर्टक बुक अफ, ट्र्यावेल* (पृ. ५३) न्यूयोर्क :लण्डन, नोर्टन, ।

व्यास, निर्मोही (२०७०) *'यात्रा साहित्यको सिद्धान्त'* काठमाडौं : शब्दघर छापाखाना ।

बराल, ईश्वर (२०५८) पाँचौं सं. *सयपत्री,* ललितपुर : साझा प्रकशन ।

बराल, ईश्वर (२०४३), *नेपाली साहित्यमाथि विहङ्गम दृष्टिनिक्षेप,* मधुपर्क (१९/११.१६.२२) काठमाडौं : गोरखापत्र संस्थान ।

बराल, प्रभा (२०७३), *हृदय बोल्छ कागजमा,* शिवपुरी सन्देश (वर्ष २३ अङ्क ७३, साउन–असोज अङ्क)) काठमाडौं : शिवपुरी सन्देस (व. २३, पु. ७३) ।

भट्टराई, शरच्चन्द्र (२०५८), *'मेरो लण्डन राजतिलक यात्राः यात्रा साहित्यको कोशे ढुङ्गो* (समकालीन साहित्य - यात्रा संस्मरण विशेषाङ्क), काठमाडौं : प्रकाशन, पू. ४१ प. २२० ।

भट्टराई, गोविन्द राज (२०७०) *'मिर्मिरेमा दश पाइला'* (यात्रा निबन्ध, प्रथम संस्करण) काठमाडौं : ओरिएन्टल प्रकाशन गृह ।

मगर, अन्जुला (२०७४), *'सिमानाका रङ्ग सिमानाका तरङ्गमा अन्तर निहित दामोदर पुडासैनी आत्मीयता',* दोभान ( पृ. २३ - ३२) काठमाडौं : दोभान प्रकाशन ।

रेग्मी,अनुपमा (२०७०) *'किशोरको लेखन प्रवृत्ति र नमेटिएका चित्रहरूमा प्रस्तुत सकरात्मक सोच'* (पृ. ३८-४६) काठमाडौं : हिमाली गुराँस प्रकाशन ।

सुवेदी, अभि (२०५८) *सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास"* रत्न वृहत नेपाली समालोचना सैद्धान्तिक खण्ड (सम्पा, राजेन्द्र सुवेदी र लक्ष्यमण प्रसाद गौतम) काठमाडौं : रत्न पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र (२०४९) *स्रष्टा सृष्टि : द्रष्टा दृष्टि* : दो.सं. काठमाडौं : साझा प्रकाशन ।

शर्मा, मोहनराज र श्रेष्ठ दयाराम (२०५६), *'नेपाली साहित्यको सङ्क्षिप्त इतिहास',* प्र.सं. काठमाडौं : साझा प्रकाशन ।

शर्मा, तारानाथ (२०५९) *'नियात्रा नेपाल',* (व.२, अं २०, पृ. ५१) कान्तिपुर : काठमाडौं पब्लिकेशन प्रा.लि.।

शर्मा, लक्ष्मी कुमारी (२०६५) *'साहित्यकार दामोदर पुडासैनी "किशोर"को जीवन, व्यक्तित्व र कृतित्वको अध्ययन',* अप्रकाशित स्नातकोत्तर शोधपत्र काठमाडौं : पद्मकन्या बहुमुखी क्याम्पस ।

Encyclopedia Britannia, Volume 23 fifty edition Chicago" Encyclopdia Britannia inc' 1998

Elizabith J. Jewell Frank Nate Editor. The new Oxford America Dictionary New York U.S.A. Oxford University Press Madison Avenue' 2001

Philip Babcol Gove (and others). edited by Wevester's The New internaitonal dictionary sepping field. Massachusetts U.S.A.: Merramwebster inc...1993

REchard Bready, Editor, Microsft Encarta World English Dictionarty, 9th Edition, Seattle U.S.A. Microsoft Corporation. 1999.

# परिशिष्ट

## (क) अन्तरवार्ता

**प्रश्न १ : साहित्यमा लाग्ने प्रेरणा यहाँलाई कसबाट प्राप्त भएको हो ?**

उत्तर : मेरो घरमा प्राय : सबै दिन विभिन्न साधु सन्त र धार्मिक विद्वान्हरूको साहित्यिक जमघट भैरहन्थ्यो । बुबा हरि प्रसाद पुडासैनी पनि बेला बेलामा साहित्य सृजना गरिरहनु हुन्थ्यो र आफूले लेखिसकेपछि सुनाउने गर्नु हुन्थ्यो । यसरी सानै उमेरमा घरमा साहित्यिक वातावरणमा हुर्किने अवसर पाएँ । वास्तवमा म बुबाको प्रेरणाले साहित्य लेखन क्षेत्रमा अघि बढ्ने मौका पाए ।

**प्रश्न २ : यहाँलाई साहित्यका विधाहरू मध्ये सबै भन्दा मन पर्ने विधा कुन हो ?**

उत्तर : म प्रायः सबै विधामा लेख्न मन पराउँछु । मैले सर्वप्रथम कविताबाट सुरु गरेँ । कथा, कविता, मुक्तक, हाइकु, गजल, निबन्ध आदि लेखें हाल मैले कविता र नियात्रा नै बढी, लेखिरहेको छु ।

**प्रश्न ३ : जागिरे जीवन घर ब्यवहारलाई पनि तालमेल मिलाएर लेखन कार्यमा उत्तिकै सक्रिय हुनुहुन्छ ? साहित्य सृजना गर्ने वातावरण कसरी कुन समयमा मिलाउनु हुन्छ ?**

उत्तरु : जागिर मेरो पेशा, साहित्य लेखन मेरो सोखको विषय हो । यसर्थ आफूमा इच्छाशक्ति भएको हुँदा म फुर्सदमा साहित्य सिर्जना गर्न रुचाउँछु र सामाजिक कार्यहरू घटाएर समय समयमा साहित्य लेखन गरिरहन्छु ।

**प्रश्न ४ : कविता, कथा, हाइकु, गजल, निबन्ध लेख्नु हुन्छ र पनि यहाँको नियात्राको चर्चा साहित्यवृत्तमा बढी छ यसको कारण के हो ?**

उत्तर : ठिकै भन्नु भो, म नियात्रा फरक शैली र आधुनिक ढङ्गले लेख्छु । यात्राको सविस्तार मात्र नगरी यात्रामा भएका अनुभूतिहरूलाई रसपूर्णढङ्गले लेख्दै आफू पुगेको ठाउँमा पनि पाठकलाई सँगसँगै लिएर जान सक्नु पर्दछ भन्ने मान्यताका साथ लेख्छु यसर्थ मेरो नियात्राको चर्चा भएको हो ।

**प्रश्न ५ : साहित्य लेखन समीक्षा लेखन दुवै क्षेत्रमा कलम चलाउनु हुन्छ यहाँलाई साहित्य लेखन सजिलो कि समीक्षा लेखन सजिलो ठान्नुहुन्छ ?**

उत्तर : वास्तवमा सिर्जना गर्ने काम आफैमा गाह्रो तर यी दुवै काम सर्जकले गर्ने भएको हुँदा कठिन हुँदैन । यो दुवै काम मेरो सोखको विषय भएकोले म खुशीपूर्वक काम गर्दछु ।

**प्रश्न ६ : नेपाली नियात्राको स्तर अहिले कस्तो अवस्थामा रहेको छ ?**

उत्तर : यतिखेर नेपाली नियात्रा साहित्य लेखन अत्यन्त उर्वर भएको छ । विश्वस्तरमा नेपाली नियात्रा पनि कम छैनन् । हाम्रोमा नियात्रा साहित्य गुणस्तरीय ढङ्गले अघि बढिरहेको अवस्था छ ।

**प्रश्न ७ : नियात्रा लेख्ने क्रममा स्वदेशका विकट ठाउँहरूको विषयवस्तु बनाएर लेख्दा आत्मसन्तुष्टि मिल्छ कि विदेशका सुगम सुविधायुक्त यात्राको विषयवस्तुमा केन्द्रित हुँदा आत्मसन्तुष्टि मिल्छ ?**

उत्तर : यी दुवै क्षेत्रको विषयवस्तु बनाएर लेख्दा आत्मसन्तुष्टि मिल्छ । एउटा नियात्रा लेखक सुगम दुर्गम हरेक ठाउँमा पुगिरहेको हुन्छ फरक ठाउँ फरक संस्कार र फरक परिस्थितिमा प्रवेश गरेपछि त्यसको अनूभूति बेग्लै हुने ठाल्छ र उसले कृतिको रूपमा लेख्न थाल्छ ।

**प्रश्न न ८ : यात्राको क्रममा रोचक अनौठो घटना केही छन् जुन  हालसम्म पुस्तकमा प्रकाशित गरिएको छैन ?**

उत्तर : यात्रा गर्दा अति कठिनाइहरू (दुःख) पनि छ खुसीका कुराहरू पनि आउँछन् ती कुराहरू पाठक सामु पस्कन मन आतुर हुन्छ । छन् कतिपय रोचक अनौठा घटनाहरू क्रमशः म नयाँ नियात्रा सङ्ग्रहमा वर्णन गर्दै लानेछ ।

**प्रश्न ९ : यात्रा साहित्य मार्फत नेपाली समाज र नेपाली जनतालाई के सन्देश दिन चाहनु हुन्छ ?**

उत्तर : मलाई के लाग्छ भने यात्रा गर्नु राम्रो कुरा हो यात्राले मान्छेलाई जीवन र जगतलाई चिन्ने अवसर प्राप्त हुन्छ यसकारण हरेक मान्छे हरेक ठाउँमा यात्रा गर्नु जरुरी हुन्छ ।

**प्रश्न १० : अव कुनै कृति प्रकाशित हुँदैछ ?**

उत्तर : केही समय अघि 'पर्खाल भित्रको राजधानी प्रकाशित भयो । भर्खरै उज्यालो खोजिरहेको घाम कविता सङ्ग्रह प्रकाशित भएको छ । यो विशेष गरेर म हिमाली क्षेत्र

मुगुमा रहँदाको अनुभूति समेटेएर लेखेको छु । हिमाली क्षेत्रमा हिउँले ढाकेको खुसी, सम्बन्ध मानवीय स्वरहरू यसमा समावेश भएका छन् ।

**प्रश्न ११ : अन्त्यमा छुटेका केही कुरा ?**

उत्तर : भन्न बाँकी कुरा धेरै छन् क्रमशः प्रसङ्गबस सबैकुरा आउने छन् । धन्यवाद ।